# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषापाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षाअनुकूल शिक्षण सहजीकरणमा शिक्षकलाई सहयोग पुऱ्याउने उद्देश्यले तयार गरिएको सामग्रीलाई शिक्षक निर्देशिका भनिन्छ । शिक्षकको लागि शिक्षणका क्रममा नभई नहुने महत्त्वपूर्ण सामग्री शिक्षक निर्देशिका हो । जसलाई शिक्षकको असल मित्रका रूपमा लिइन्छ । शिक्षणमा आइपर्ने विविध समस्या समाधान गर्न सही ढङ्गले मार्गनिर्देशन गर्ने हुनाले विभिन्न तहका प्रत्येक विषयमा शिक्षक निर्देशिका तयार पारिएको पाइन्छ । यसरी हेर्दा शिक्षक निर्देशिका भाषा शिक्षणमा शिक्षकद्वारा प्रयोग गरिने पूरक सामग्रीका रूपमा देखापर्छ ।

भाषा शिक्षणको मुख्य अभीष्ट विद्यार्थीमा भाषिक प्रयोगसम्बन्धी कुशलता हासिल गराउनु हो । भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर भाषिक सीपको शिक्षण हो । यसमा विषयवस्तुका माध्यमबाट भाषिक सीपको विकास गराउने उद्देश्य राखिएको हुन्छ । भाषिक सीपलाई साध्यका रूपमा लिई भाषापाठ्यक्रमले अपेक्षा गरेका भाषिक सीपहरूको विकास गराउन भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक र शिक्षक निर्देशिका जस्ता सामग्रीको विकास गरिन्छ । भाषा शिक्षण भाषिक सीपको शिक्षण भएकाले सीप सम्बद्ध भाषा शिक्षण कार्य पनि एक विशिष्ट र प्राविधिक कार्य हो । यस्तो प्राविधिक कार्यलाई कुशलतापूर्वक सम्पन्न गर्नका लागि शिक्षकमा विशेष किसिमको कौशलको आवश्यकता पर्दछ । यसले विभिन्न विधागत विषयवस्तुको कलात्मक ढङ्गले शिक्षण गरी विद्यार्थीमा भाषिक सीपको विकास गराउँछ । यो शिक्षण तथा सिकाइलाई सरल, सहज, स्वभाविक र प्रभावकारी बनाउन निर्देशन दिने निर्देशिका वा निर्देशन पुस्तिका हो । यसमा सम्बन्धित पाठको नाम, अनुमानित घण्टी, सम्बन्धित पाठ शिक्षणको प्रयोजन, शिक्षकले गर्नुपर्ने कार्यकलाप र विद्यार्थीलाई गराउनुपर्ने कार्यकलाप र मूल्याङ्कनको बारेमा स्पष्ट रूपमा सुझावहरू दिएको हुन्छ (ढकाल, २०७० : १५०) । त्यस कारण प्रत्येक शिक्षकले निर्देशिका प्रयोग गर्नु अपरिहार्य हुन्छ । प्रत्येक दिन हरेक तवरबाट शिक्षकलाई सहयोग गर्ने भएकाले शिक्षक निर्देशिकालाई शिक्षकको असल मित्र पनि भनिन्छ । तालिम प्राप्त, अप्राप्त, अनुभवी र नव प्रवेशी शिक्षक सबैलाई सहयोग पुऱ्याउने भएकाले निर्देशिकालाई शिक्षकको असल सहयोगीका रूपमा लिइन्छ (कार्की, २०६६

: २) । त्यसैले हरेक सफल शिक्षकले व्यवस्थित, योजनावद्ध र उद्देश्यमूलक शिक्षणका लागि शिक्षक निर्देशिका प्रयोग गर्नु अपरिहार्य हुन्छ ।

योजनावद्ध शिक्षण र अभ्यासपरक भाषिक सीप सिकाइका लागि शिक्षक निर्देशिका महत्त्वपूर्ण अनुपूरक सामग्री मानिन्छ । यसले पाठ्यक्रमका तहगत, विषयगत र कक्षागत उद्देश्यहरू परिपूर्ति गर्न सघाउँछ भने समय, साधन र सामग्रीको उचित व्यवस्थापन गरी शिक्षण सिकाइलाई रोचक, आकर्षक र प्रभावकारी बनाउन पनि महत्त्वपूर्ण भूमिका खेल्छ ( कँडेल र जोशी, २०७४ : ९८) । यसरी पाठ्यक्रमले राखेका उद्देश्यहरू उचित तवरले कक्षाकोठाको सिकाइबाट हासिल गर्नका लागि शिक्षक निर्देशिकाको सहयोग आवश्यक हुन्छ ।

शिक्षणलाई पट्यारलाग्दो हुनबाट बचाउँदै पाठ्यपुस्तकमा दिइएका विषयवस्तुलाई अनावश्यक गफबाट निरुत्साहित गर्दै शिक्षणलाई योजनाबद्ध, उद्देश्यपूर्ण, र वस्तुनिष्ठ बनाउनका लागि शिक्षक निर्देशिका निर्माण गरिएको हो । निर्देशिका प्रत्येक कक्षाको लागि छुट्टाछुट्टै विषयगत रूपमा तयार पारिएको हुन्छ । खासगरी भाषाको शिक्षण गर्ने क्रममा कतिपय शिक्षकहरू तालिम प्राप्त हुँदैनन् भने कतिपय तालिम प्राप्त शिक्षकहरू पनि पाठ्यपुस्तकका विषयवस्तु घोकाउने र कण्ठ गराउनमै व्यस्त देखिन्छन् । त्यस अवस्थामा भाषापाठ्यपुस्तक भित्रका विषयवस्तुलाई कसरी शिक्षणमा उपयोग गर्ने र भाषा शिक्षणमा विषयवस्तुलाई माध्यम बनाएर कसरी सुनाइ, बोलाइ, पढाइ, लेखाइ, जस्ता भाषिक सीपलाई प्राप्त गर्न सकिन्छ भन्ने तर्फ सजग बनाउने भएकाले भाषा शिक्षणको क्रममा निर्देशिका आवश्यक तथा उपयोगी हुन्छ (नेपाल, २०७४ : ३) । त्यसैले विद्यार्थीलाई प्रभावकारी भाषा सिकाइ कार्यकलाप, अभ्यासहरूमा सरिक गराई भाषापाठ्यपुस्तकको प्रभावकारी प्रयोग गराउनु नै शिक्षक निर्देशिकाको आशय रहेको हुन्छ । यति हुँदाहुँदै पनि भौगोलिक विकटता, आर्थिक विपन्नता, शिक्षकको अनविज्ञता र बेवास्ताको कारणले हाम्रो धेरैजसो विद्यालयहरूमा शिक्षक निर्देशिका विना नै केवल पाठ्यपुस्तकलाई नै सम्पूर्ण अध्ययन अध्यापनको आधार बनाइएको पाइन्छ जुन हाम्रा लागि दुर्भाग्य नै हो । त्यसैले यी यस्ता विविध समस्याबाट मुक्त रही प्रभावकारी भाषा शिक्षणमा जोड दिनका लागि आधारभूत तह कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोगसम्बन्धी शोधकार्य तयार पारिएको छ ।

## १.२ समस्याको कथन

शिक्षणमा सहयोग पुऱ्याउने उद्देश्यले पाठ्यक्रमका उद्देश्य हासिल गर्न सहयोगी हुने गरी शिक्षक निर्देशिकाको निर्माण गरिएको हुन्छ । भाषिक सीपहरूको प्राप्तिका लागि निर्दिष्ट पाठ्यपुस्तक एवम्  पाठ्यवस्तुलाई योजनावद्ध एवं प्रभावकारी शिक्षण गर्नुपर्ने हुन्छ । अन्यथा भाषिक सीपहरूको शिक्षण नभई विषयवस्तुको शिक्षण हुने सम्भावना बढी देखिन्छ । देशभर समान किसिमको प्रभावकारी र योजनाबद्ध शिक्षण गर्न तालिम अप्राप्त शिक्षकका लागि पनि शिक्षक निर्देशिका महत्त्वपूर्ण रहेको हुन्छ । शिक्षक निर्देशिका शिक्षकलाई शिक्षणमा सहयोग पुऱ्याउने पूरक सामग्री हो । कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोगसम्बन्धी अध्ययन गर्नु प्रस्तुत शोधकार्यको मूल समस्या रहेको छ । यस मूल समस्याको समाधानमा पुग्नका लागि निम्नलिखित शोधप्रश्नहरूको वस्तुगत र तथ्यपरक विश्लेषण गरिएको छ :

(क) कक्षा सातको नेपाली शिक्षणमा शिक्षक निर्देशिका प्रयोगको अवस्था के-कस्तो रहेको छ ?

(ख) काभ्रे र नुवाकोट जिल्लामा कक्षा सातको नेपाली शिक्षक निर्देशिका प्रयोगको तुलनात्मक अवस्था कस्तो छ ?

(ग) कक्षा सातको नेपाली शिक्षक निर्देशिका प्रयोगसम्बन्धी समस्याका कारणहरूको पहिचान तथा समाधान कसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

कक्षा सातको नेपाली शिक्षक निर्देशिका प्रयोगको अध्ययन गर्नु नै प्रस्तुत शोधको मूल उद्देश्य रहेको छ । यस मूल उद्देश्य प्राप्तिका लागि अन्य उद्देश्यहरू यसप्रकार रहेको छन् :

(क) कक्षा सातको नेपाली शिक्षणमा शिक्षक निर्देशिका प्रयोगको अवस्था पत्ता लगाउनु,

(ख) काभ्रे र नुवाकोट जिल्लामा कक्षा सातको नेपाली शिक्षक निर्देशिका प्रयोगको तुलनात्मक अवस्था पत्ता लगाउनु,

(ग) कक्षा सातको नेपाली शिक्षक निर्देशिका प्रयोगमा देखिएका समस्याका कारणहरूको पहिचान गरी समाधानका उपायहरू सुझाउनु ।

## १.४ अध्ययनको औचित्य र महत्त्व

भाषा शिक्षण विषयवस्तुको नभई भाषिक सीप र कलाको शिक्षण हो । कुनै पनि कला वा सीप सिक्नु र सिकाउनु एक प्राविधिक कार्य हो, त्यसैले भाषा विषयका शिक्षकहरूमा विभिन्न शैक्षणिक ज्ञान तथा कला कौशल हुनु आवश्यक हुन्छ भने ती शैक्षणिक कला कौशलहरूको अभिवृद्धिमा शिक्षक निर्देशिकाको उपयोग गरी भाषिक सीपहरूको विकास गर्न भाषा सम्बद्ध अध्येता, शिक्षक, प्रशासक सबैलाई सहयोग गर्ने प्रयासको रूपमा यस शोधलाई लिइएको छ । आधारभूत तह कक्षा सातमा नेपाली शिक्षक निर्देशिकाको प्रयोगको अवस्था के कस्तो छ, प्रयोगमा के कस्ता समस्याहरू आइपरेका छन्, ती समस्याका कारण के कसरी पहिचान गरी कसरी समाधान गर्न सकिन्छ ? भन्ने जस्ता प्रश्नहरूको समाधानमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ । यसका साथै आधारभूत तहको कक्षा सातमा नेपाली शिक्षणका सन्दर्भमा शिक्षक निर्देशिका प्रयोगको आवश्यकताबारे सरोकारवालाहरूलाई बोध गराउनेछ । यस अध्ययनले भाषा शिक्षणमा शिक्षक निर्देशिका प्रयोग गर्ने वातावरण सहज बनाउन, समयमा नै विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध गराउन, शिक्षक निर्देशिका प्रयोग अवस्थाको अनुगमन र मूल्याङ्कन समयमा नै गर्न, शिक्षकलाई शिक्षक निर्देशिकाको आवश्यकता र प्रयोगबारे जानकारी दिन, शिक्षण सिकाइ कार्यकलापमा प्रभावकारिता ल्याउन र भाषाका चारवटै सीपको समुचित विकास हुने गरी शिक्षण कार्य सञ्चालन गर्न समेत सहयोग पुऱ्याउनु यस अध्ययनको महत्त्वपूर्ण कार्य हो । त्यसैले आधारभूत तह कक्षा सातमा नेपाली शिक्षणमा नेपाली शिक्षक निर्देशिकाको प्रयोग अवस्थाबारे अध्ययन गर्नु औचित्यपूर्ण कार्य रहेको छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

अनुसन्धानका क्रममा स्रोत, साधन र समयको सीमितताका कारण अनुसन्धानदाताले चाहेर पनि सबै क्षेत्र र प्रक्रियालाई समेट्न कठिन हुन्छ, जसले गर्दा अध्ययनको निष्कर्ष प्रभावित बन्न जान्छ । अतः प्रस्तुत शोधकार्यको सीमा यस प्रकारको रहेको छ :

(क) प्रस्तुत अध्ययन काभ्रे र नुवाकोट जिल्लामा मात्र सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन आधारभूत तह कक्षा सातमा मात्र केन्द्रित भएको छ ।

(ग) प्रस्तुत अध्ययनमा काभ्रे र नुवाकोट जिल्लाका १० वटा सामुदायिक र १० वटा संस्थागत गरी जम्मा २० वटा विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नानुसारको रूपरेखामा सङ्गठित गरी प्रस्तुत गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : नेपाली शिक्षक निर्देशिका प्रयोगको अवस्था

अध्याय पाँच : नेपाली शिक्षक निर्देशिका प्रयोगको तुलनात्मक अवस्था

अध्याय छ : शिक्षक निर्देशिका प्रयोगका समस्याका कारणहरू र समाधानका उपायहरू

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्रीसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

शिक्षक निर्देशिका भन्नाले शिक्षकलाई पठनपाठनका क्रममा सहयोग गर्ने सामग्री हो । जुन सामग्रीको प्रयोगले शिक्षकलाई धेरै सहयोग गर्ने गर्दछ । निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययनको इतिहास धेरै पुरानो नभई यससम्बन्धी अध्ययन गर्नु त्यति सहज पनि छैन । कुनै पनि शोध वा अनुसन्धानका लागि सम्बन्धित क्षेत्रमा के-कस्ता कार्यहरू भइसकेका छन् ? कुन कुन कुराको प्रभाव कस्तो देखिएको छ ? यी कुराहरूको जानकार अनुसन्धानकर्तालाई हुने हुँदा अनुसन्धेय विषयको ज्ञान बढ्नुका साथै अनुसन्धान गर्न खोजेको विषयको महत्त्व, नवीनता, आवश्यकता आदि पक्षको ज्ञान प्राप्त गर्न सहयोग पुग्दछ । अध्ययनका सिद्धान्त, विधि र प्रविधिसम्बन्धी तथ्यहरूको जानकारी प्राप्त हुने हुँदा अनुसन्धान कार्यका लागि पूर्वकार्यको समीक्षा अपरिहार्य रहेको हुन्छ ।

प्रस्तुत शोधमा पूर्वकार्यको समीक्षा गर्ने क्रममा सैद्धान्तिक पुनरावलोकन र शोधपत्रको पुनरावलोकन गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६१) द्वारा *नेपाली भाषा शिक्षण प्रशिक्षार्थी स्रोत सामग्री* (एक महिने प्रथम मोडल) मा पनि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाका सम्बन्धमा उल्लेख गरेको पाइन्छ । उक्त मोडलले (२०६१ : २९२) शिक्षण कार्यलाई विद्यार्थी मैत्री, पाठ्यक्रमअनुरूप सरल र सहज ढङ्गले गर्नका लागि सहयोग पुऱ्याउने निर्देशन सामग्रीका रूपमा नेपाली शिक्षक निर्देशिकालाई लिएको पाइन्छ ।

शर्मा र पौडेल (२०६७) द्वारा लिखित *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा शिक्षण सामग्रीको चर्चा गर्ने क्रममा शिक्षक निर्देशिकालाई भाषा शिक्षणको पूरक सामग्रीको रूपमा चिनाइएको छ । यस बाहेक अन्य पक्षका बारेमा कुनै किसिमको चर्चा गरिएको छैन ।

अधिकारी (२०७३) द्वारा लिखित *माध्यमिक शिक्षक स्रोत सामग्री भाग -२* नामक पुस्तकको एकाइ दुईमा शिक्षक निर्देशिकाको सैद्धान्तिक परिचय, आवश्यकता, महत्त्व, यसका

अङ्गहरू, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तर्सम्बन्ध, शिक्षक निर्देशिका प्रयोग गर्ने तरिका, शिक्षक निर्देशिकाको वर्तमानीय प्रयोग अवस्थाका बारेमा अलग अलग शीर्षकमा चर्चा गरिएको छ । यस कार्यले शोधार्थीलाई अध्ययनीय पक्षको सैद्धान्तिक आधार प्रदान गरेको छ ।

ढुङ्गेल र दाहाल (२०७३) द्वारा *नेपाली भाषापाठ्यपुस्तक तथा शिक्षण पद्धति* पुस्तकमा शिक्षक निर्देशिकाको परिचय, आवश्यकता, शिक्षणमा निर्देशिकाको प्रयोगले पुग्ने फाइदाका बारेमा चर्चा गरेका छन् । यसले अध्ययनकर्तालाई शिक्षक निर्देशिकाको सैद्धान्तिक पक्षको ज्ञान हासिल गर्न सहयोग गरेको छ ।

पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर (२०७४) द्वारा कक्षागत रूपमा नेपाली विषयको शिक्षक निर्देशिका तयार गर्ने क्रममा कक्षा  सातको नेपाली शिक्षक निर्देशिका पनि तयार पारिएको छ । नेपाली भाषा शिक्षणमा भाषाका चारवटै सीपको समुचित तरिकाले विकास हुने गरी शिक्षण कार्यकलाप गर्न शिक्षकलाई मार्गनिर्देशन प्रदान गर्ने उद्देश्यले तयार पारिएको कक्षा सातको शिक्षक निर्देशिकामा प्रत्येक पाठ तथा पाठ्यपुस्तकको शिक्षणका लागि अलग अलग रूपमा उद्देश्य, सामग्री, विधि, मूल्याङ्कन र गृहकार्यको उचित प्रयोग गर्न निर्देश दिइएको छ ।

### २.१.२ शोधपत्रको पुनरावलोकन/शोधकार्यको समीक्षा

आचार्य (२०६३) द्वारा 'माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन' विषयक शीर्षकमा अध्ययन गरिएको छ । शोधमा माध्यमिक तहको निर्देशिकालाई पाठ्यक्रम र पाठ्यपुस्तकको उद्देश्यसँग तुलना गर्नु, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तरसम्बन्ध पहिल्याउनु, माध्यमिक तहमा नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिका प्रयोगको स्थिति पहिल्याउनु जस्ता मुख्य उद्देश्य तय गरिएको छ । सामग्री सङ्कलनका लागि कास्की र काठमाडौँ जिल्लाका सरकारी १५ वटा र निजी १५ वटा गरी जम्मा ३० वटा विद्यालयका नेपाली विषयका शिक्षकहरू छनोट गरी प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका लागि क्षेत्रीय र सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यसका लागि प्रश्नावली, अन्तर्वार्ता जस्ता साधनको प्रयोग गरिएको छ । अध्ययनको निष्कर्षका रूपमा पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा हासिल गर्न शिक्षक निर्देशिकाले सहयोग गरेको, निर्देशिकामा शिक्षण विधि तोकिएको तर विद्यालयमा

समयमा नै निर्देशिका उपलब्ध भए पनि यसको प्रयोगमा खासै चासो नदिएको, बढी पाठ्यभारका कारण शिक्षकले प्रयोगमा ल्याउन नसक्ने स्थिति जस्ता निष्कर्ष निकालिएको छ । साथै आचार्यले पाठ्यपुस्तक परिवर्तन हुँदा पनि निर्देशिका परिमार्जन नहुनु, निर्देशिकाअनुरूप शिक्षण क्रियाकलाप भए/नभएको अनुगमन गर्ने निकाय नहुनु जस्ता समस्या उल्लेख गरेका छन् भने उक्त समस्याहरूको समाधान गरी शिक्षक निर्देशिकालाई समय सान्दर्भिक बनाउनुपर्ने सुझाव समेत उल्लेख गरेका छन् ।

गौतम (२०६४) द्वारा 'प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन' विषयक शीर्षकमा अध्ययन गरिएको छ । शोधमा प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकालाई पाठ्यपुस्तक र पाठ्यक्रमको उद्देश्यसँग तुलना गर्नु, शिक्षक निर्देशिका प्रयोगको स्थिति पत्ता लगाउनु, शिक्षक निर्देशिका प्रयोग गर्दा उत्पन्न भएका सबल दुर्बल पक्ष पहिल्याउनु जस्ता उद्देश्य राखिएको छ । सामग्री सङ्कलनका लागि सर्लाही जिल्लाका ५ वटा सरकारी र ५ वटा निजी विद्यालयका १० जना शिक्षकहरूसँग प्रत्यक्ष रूपमा प्रश्नावली, अवलोकन जस्ता साधनको उपयोग गरी सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका लागि क्षेत्रीय र सर्वेक्षण विधिको प्रयोग गरिएको छ । अध्ययनको निष्कर्षका रूपमा पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा हासिल गर्न शिक्षक निर्देशिकाले सहयोग गरेको, प्रभावकारी नेपाली भाषा शिक्षणका लागि निर्देशिका अपरिहार्य भए पनि समय अभाव, तालिमको अभाव, समयानुकूल निर्देशिका परिमार्जनको अभाव जस्ता कारणले निर्देशिका प्रयोगमा खासै चासो नदिएको निष्कर्ष निकालिएको छ । गौतमले भौगोलिक विकटता र आर्थिक विपन्नताले गर्दा समयमै निर्देशिका विद्यालयमा नपुग्नु, समयानुकूल निर्देशिका परिमार्जन नहुनु जस्ता समस्या उल्लेख गर्दै त्यसको समाधानका लागि आवश्यक सुझावहरू पनि दिएका छन् ।

मैनाली (२०६६) द्वारा 'कक्षा तीनमा शिक्षक निर्देशिकाको प्रयोगको अध्ययन' शीर्षकको शोधपत्र तयार पारिएको छ । जसमा पाठ्यक्रम, पाठ्यपुस्तकका सन्दर्भमा शिक्षक निर्देशिकाको आवश्यकता औंल्याउनु, प्राथमिक तह कक्षा तीनको शिक्षक निर्देशिकालाई पाठ्यक्रमका उद्देश्य र पाठ्यपुस्तकसँग तुलना गर्नु, अन्तर्सम्बन्ध पहिल्याउनु, निर्देशिका प्रयोगमा देखिएका समस्याको पहिचान गर्नु र समाधानका उपायको खोजी गर्नु जस्ता उद्देश्य राखेको पाइन्छ । उक्त अध्ययनमा कक्षा अवलोकन, रुजुसूची, प्रश्नावली र अन्तर्वार्ता जस्ता साधनहरूको प्रयोग गरी तथ्याङ्कको व्याख्या विश्लेषण गर्न तालिका, आरेख र सामान्य

साङ्ख्यिकीको प्रयोग गरेका छन् । अध्ययनका क्रममा पाठ्यक्रम र पाठ्यपुस्तकअनुरूप निर्देशिका प्रयोग भए नभएको कुरा उल्लेख भए पनि सरकारी र निजी विद्यालयमा निर्देशिकाको प्रयोगको अवस्थाको बारेमा बेवास्ता गरेको पाइन्छ । निर्देशिकामा उल्लेख भए अनुसार कक्षा सञ्चालन गर्न तालिम प्राप्त, योग्य, अनुभवी शिक्षकले वार्षिक कार्यतालिका अनुसार समय विभाजन गरी पाठयोजना निर्माण गर्न सके समयमै प्रभावकारी शिक्षण गर्न सकिने निष्कर्ष यस अध्ययनबाट निकालिएकाले प्रस्तुत शोधका लागि यो एकदमै उपयोगी देखिएको छ ।

उप्रेती (२०६८) द्वारा 'तेह्रथुम जिल्लाका माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन' विषयक शीर्षकमा शोधपत्र तयार गरिएको छ । शिक्षण गर्दा शिक्षणमा शैक्षणिक सामाग्री प्रयोगसम्बन्धी समस्या पत्ता लगाई समाधानका लागि उपाय सुझाउनु मुख्य उद्देश्य राखिएको छ । यसका लागि सर्लाही जिल्लाका कक्षा दशमा अध्यापन गर्ने नेपाली भाषा शिक्षकसँग प्रत्यक्ष रूपमा प्रश्नावली, अवलोकन जस्ता साधनको उपयोग गरी सामग्री सङ्कलन गरिएको छ । यसरी क्षेत्रीय र सर्वेक्षण विधिको प्रयोग गरी सङ्कलित सामग्रीको व्याख्यात्मक विधिबाट विश्लेषण गरिएको छ । यसरी निष्कर्षका रूपमा शिक्षणमा सबैभन्दा बढी कालोपाटी र पाठ्यपुस्तकको प्रयोग हुने गरेको, निर्देशिका र आधुनिक प्रविधियुक्त सामग्रीको उपयोग नभएको कुरा उल्लेख गरिएको छ । यसरी नेपाली विषयका शिक्षक निर्देशिकाका बारेमा अनविज्ञ रहनु, निर्देशिकाको प्रयोगबारे सुझ भए पनि विद्यालयमा निर्देशिका नहुनुले शोधार्थीलाई यसबारे अध्ययन गर्न प्रेरित गरेको छ । साथै यस अध्ययनले शोधार्थीलाई शोधकार्यका सिलसिलामा अध्ययनीय आधार प्रदान गरेको छ ।

कार्की (२०६८) द्वारा 'नि.मा.वि. तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन' विषयक शीर्षकमा अध्ययन गरिएको छ । शोधमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तरसम्बन्ध पहिल्याउने, सुधारका लागि आवश्यक सुझाब दिने मुख्य उद्देश्य राखिएको छ । सामग्री सङ्कलनका लागि भक्तपुर र तनहुँ जिल्लाका सरकारी र निजी विद्यालयका २० जना शिक्षकलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरी प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका लागि क्षेत्रीय र सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यसका लागि प्रश्नावली, अन्तर्वार्ता जस्ता साधनको प्रयोग गरिएको छ । अध्ययनको निष्कर्षका रूपमा पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा हासिल गर्न शिक्षक निर्देशिकाले सहयोग गरेको, निर्देशिकामा शिक्षण

विधि तोकिएको तर विद्यालयमा समयमा नै निर्देशिका उपलब्ध भए पनि यसको प्रयोगमा खासै चासो नदिएको, बढी पाठ्यभारका कारण शिक्षकले प्रयोगमा ल्याउन नसक्ने स्थिति सृजना भएको जस्ता निष्कर्ष निकालिएको छ । तसर्थ यस अध्ययनले शोधार्थीलाई अध्ययनीय आधार प्रदान गरेको छ ।

पुलामी (२०६८) द्वारा 'उच्च माध्यमिक तह कक्षा ११ को शिक्षक निर्देशिका प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तर्सम्बन्धको पहिचान गर्ने, उ.मा.वि. मा निर्देशिका प्रयोगको अवस्था पहिल्याउने, पाठ्यक्रम र पाठ्यपुस्तकअनुरूपताका आधारमा शिक्षक निर्देशिकाको व्याख्या गर्ने जस्ता मुख्य उद्देश्य राखेर अध्ययन गरिएको छ । अध्ययनका लागि सप्तरी र काठमाडौँका सामुदायिक र संस्थागत ५/५ वटा विद्यालयका नेपाली विषयका १० जना शिक्षकहरूलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । सामग्री सङ्कलनका लागि प्रत्यक्ष क्षेत्रीय विधिको उपयोग गरी अवलोकन, अन्तर्वार्ता, प्रश्नावली जस्ता साधनको प्रयोग गरिएको छ । उच्च माध्यमिक तहमा निर्देशिका प्रयोगसम्बन्धी अध्ययन गर्ने क्रममा निर्देशिकाले पाठ्यक्रममा अपेक्षा पूरा गर्न सहयोग पुऱ्याएको र ग्रामीणभन्दा सहरी क्षेत्रमा निर्देशिका बढी प्रयोग हुने गरेको निष्कर्ष निकालिएको छ । यो अध्ययन उ.मा.वि. तहमा केन्द्रित रहेको र यसले शोधार्थीलाई नयाँ शीर्षक छनोट गर्न सहयोग पुऱ्याएको छ । यसका साथै अध्येतालाई अध्ययनीय आधार प्रदान गरेको छ ।

महतरा (२०६९) द्वारा 'मा.वि. तह कक्षा दशमा नेपाली शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन' विषयक शीर्षकमा शोधपत्र तयार गरिएको छ । शोधमा नेपाली भाषा शिक्षणमा आवश्यक पर्ने शैक्षिक सामग्रीको महत्त्व र उपयोगिता पत्ता लगाउनु, उक्त सामग्रीहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्नु, उक्त सामग्रीको प्रयोग उपयुक्तताको आकलन गर्नु जस्ता उद्देश्य राखिएको छ । यसका लागि रुकुम जिल्लाका दशवटा सामुदायिक माध्यमिक विद्यालयका नेपाली विषयका शिक्षकसँग प्रत्यक्ष रूपमा प्रश्नावली, अवलोकन जस्ता साधनको उपयोग गरी सामग्री सङ्कलन गरिएको छ । यसरी क्षेत्रीय र सर्वेक्षण विधिको प्रयोग गरी सङ्कलित सामग्रीको वर्णनात्मक विश्लेषण विधिद्वारा तथ्यको वर्गीकरण, तालिकीकरण र सङ्ख्यात्मक गणनाद्वारा विश्लेषण गरिएको छ । उक्त अध्ययनमा दृश्य सामग्रीका रूपमा शिक्षक निर्देशिकाको चर्चा गरिएको छ । अध्ययनका क्रममा निर्देशिकालाई शिक्षक सहयोगी सामग्रीका रूपमा चिनाइएको छ । निर्देशिकाले वार्षिक योजना निर्माणदेखि

मूल्याङ्कनसम्मका शिक्षण सम्बद्ध यावत् कार्यकलापमा शिक्षकलाई निर्देशन दिने भएकाले यसलाई प्रभावकारी शिक्षणका लागि महत्त्वपूर्ण सामग्रीका रूपमा चर्चा गरिएको छ । तथापि यस अध्ययनले निर्देशिका अध्ययनको महत्त्व, प्रयोगको वास्तविक अवस्था पहिचान गर्न नसकेको हुँदा यसले शोधार्थीलाई शोधकार्य अघि बढाउन सहयोग पुऱ्याएको छ ।

राई (२०६९) द्वारा 'रूपन्देही जिल्लाका प्रा.वि. तहमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति' विषयक शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधमा नेपाली भाषा शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्रीमा देखिएका समस्या, शैक्षिक सामग्रीको सान्दर्भिकता, संस्थागत र सामुदायिक विद्यालयमा नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगमा पाइने अन्तर पहिल्याउनु जस्ता उद्देश्य तय गरिएको छ । यसका लागि रूपन्देही जिल्लाका विभिन्न गा.वि.स.मा अवस्थित प्राथमिक तहका विद्यालयहरूलाई समेटिएको छ । उक्त विद्यालयहरूमा प्रत्यक्ष उपस्थित भई प्रश्नावली, अन्तर्वार्ता र कक्षा अवलोकन गरी सामग्री सङ्कलन गरिएको छ । यसरी प्राप्त सामग्रीलाई वर्णनात्मक विधिबाट विश्लेषण गरी निष्कर्ष निकालिएको छ । निष्कर्षमा नेपाली भाषा शिक्षणमा भौतिक, प्रशासनिक र आर्थिक समस्याका कारण शैक्षिक सामग्री प्रयोगमा समस्या उत्पन्न भएको उल्लेख गरिएको छ । शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्थाको अध्ययन गर्ने क्रममा श्रव्य, दृश्य र स्पर्श गरी शैक्षिक सामग्रीको वर्गीकरण गरी अध्ययन गरिएको भएपनि दृश्य सामग्रीअन्तर्गत पर्ने महत्त्वपूर्ण सामग्री शिक्षक निर्देशिकाको प्रयोगबारे अध्ययन र विश्लेषण गरिएको छैन । तसर्थ यस अध्ययनले शोधार्थीलाई शोध शीर्षक चयन गर्न सहयोग पुऱ्याउनुका साथै शोधपत्र तयार गर्ने क्रममा अध्ययनीय आधार प्रदान गरेको छ ।

प्रसाई (२०७३) द्वारा 'माध्यमिक तह कक्षा दशमा नेपाली शिक्षणका सन्दर्भमा शिक्षक निर्देशिका प्रयोगको वर्तमान अवस्था' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनमा नेपाली शिक्षणका सम्बन्धमा शिक्षक निर्देशिका प्रयोगको वर्तमान अवस्था पत्ता लगाउनु, नेपाली शिक्षणमा शिक्षक निर्देशिका प्रयोगसम्बन्धी समस्याहरू खोजी गर्नु, शिक्षक निर्देशिका प्रयोगमा देखिएका समस्याका कारणहरूको पहिचान गरी समाधानका उपायहरू सुझाउनु जस्ता उद्देश्य तय गरिएको छ । यसका लागि झापा जिल्लाका कक्षा दशमा अध्यापन गर्ने पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी दशवटा विद्यालयबाट सम्बन्धित शिक्षकसँग प्रश्नावलीमार्फत अन्तर्वार्ता, कक्षा अवलोकन जस्ता साधनको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । क्षेत्रीय र सर्वेक्षण विधिको प्रयोग गरी सङ्कलित

सामग्रीको व्याख्यात्मक विधिबाट विश्लेषण गरिएको छ । अध्ययनको निष्कर्षका रूपमा पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा प्राप्त गर्न शिक्षक निर्देशिकाले सहयोग गरेको, निर्देशिकामा शिक्षण विधि तोकिएको तर विद्यालयमा समयमा नै निर्देशिका उपलब्ध भए तापनि यसको प्रयोगमा खासै चासो नदिएको, बढी पाठ्यभारका कारण शिक्षकले प्रयोगमा ल्याउन नसक्ने स्थिति सृजना भएको जस्ता निष्कर्ष निकालिएको छ । यसमा कक्षा दशमा नेपाली शिक्षणमा शिक्षक निर्देशिका प्रयोगको अध्ययन गरिएको भए पनि प्रभावकारी तरिकाले निर्देशिकाको प्रयोगको आवश्यकतासँग सम्बन्धित अध्ययन हुन बाँकी रहेको देखिन्छ । तसर्थ यस अध्ययनले शोधार्थीलाई अध्ययनीय आधार प्रदान गरेको छ ।

धामी (२०७४) द्वारा 'कक्षा नौको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' विषयक शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधमा कक्षा नौको नेपाली शिक्षणमा शिक्षक निर्देशिका प्रयोगको अवस्था पत्ता लगाउनु, कक्षा नौको नेपाली शिक्षक निर्देशिका प्रयोगसम्बन्धी समस्याहरू पहिचान गर्नु र शिक्षक निर्देशिका प्रयोगमा देखिएका समस्याका कारणहरूको पहिचान गरी समाधानका उपायहरू सुझाउनु मुख्य उद्देश्य राखिएको छ । सामग्री सङ्कलनका लागि काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाका १० वटा सामुदायिक विद्यालयका १० जना र १० वटा संस्थागत विद्यालयका १० जना नेपाली विषयका शिक्षकहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । त्यसैगरी ५ वटा सामुदायिक विद्यालयका ५ जना र ५ वटा संस्थागत विद्यालयका ५ जना नेपाली भाषा शिक्षकलाई नमुनाको रूपमा छनोट गरिएको छ । यसरी सर्वेक्षण अवलोकन विधिमा आधारित भई प्रत्यक्ष अन्तर्वार्ता, प्रश्नावली र कक्षा अवलोकनबाट सामग्री सङ्कलन गरिएको छ । अध्ययनको निष्कर्षका रूपमा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न, विद्यार्थीमा बोध र अभिव्यक्ति क्षमताको विकास गर्न, विद्यार्थी मैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न, शिक्षकमा शिक्षण गर्ने कलाको विकास गराउनका लागि शिक्षक निर्देशिका महत्त्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा रहेको निष्कर्ष निकालिएको छ । यसका साथै शिक्षक निर्देशिका सुलभता, प्रयोग, निर्माण, विकास र वितरणसम्बन्धी समस्याहरू उल्लेख गर्दै उक्त समस्याहरूको समाधान गरी शिक्षक निर्देशिकालाई समय सान्दर्भिक बनाउनुपर्ने सुझाव समेत उल्लेख गरेकाले प्रस्तुत शोधका लागि पनि यो एकदमै उपयोगी देखिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ पृष्ठभूमि र परिचय

शिक्षाका उद्देश्य पूरा गर्नका लागि विभिन्न शैक्षिक नीति, योजना तथा कार्यक्रमहरू निर्माण गरी कार्यन्वयन गरिन्छ । समय, सन्दर्भ र राजनैतिक घटनाक्रमसँगै शिक्षाका आवश्यकता तथा उद्देश्यहरूमा परिवर्तन हुनु वाच्छनीय ठानिन्छ । यससँगै शिक्षाका योजना तथा कार्यक्रमहरूमा पनि आवश्यकताअनुसार परिवर्तन र परिमार्जन हुने गर्दछन् । यसै शृङ्खलामा वि.सं. २०२८ सालमा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना' निर्माण भयो, शिक्षा ऐन २०२८ जारी भयो यसलाई नेपालको शैक्षिक इतिहासको कोशेढुङ्गाको रूपमा लिइन्छ । वि.सं. २०२८ सालमा नयाँ शिक्षा पद्धतिको योजना निर्माण भई लागु भएसँगै पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आमूल परिर्वतन भयो । परिवर्तित शैक्षिक योजना तथा कार्यक्रमसँगै नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यन्वयनमा प्रभावकारिता ल्याउन शिक्षक तालिमको अवधारणा अगाडि आयो । यसै क्रममा विविध सहयोगी सन्दर्भ सामग्रीहरूको विकास भएको पाइन्छ । २०३६ सालको विद्यार्थी आन्दोलन तथा राजनैतिक घटनाक्रमसँगै २०३७ सालमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा सामान्य परिमार्जन गरियो । २०३७ भाद्र ६ गतेदेखि शिक्षकलाई शिक्षण सिकाइमा सहयोग पुऱ्याउने उद्देश्यले रेडियो शिक्षा शिक्षक तालिमको सुरुवात भयो । यस समयसम्म आइपुग्दा शिक्षणमा सहयोग पुऱ्याउने उद्देश्यले धेरै स्रोत सामग्री तथा शैक्षिक सामग्रीको विकास भएको पाइन्छ ।

नेपालमा पाठ्यक्रम विकास केन्द्रले शिक्षक निर्देशिका निर्माण, परिमार्जन गर्ने कार्य गर्दछ । शिक्षकलाई शिक्षणको क्रममा सहयोग पुऱ्याउने निर्देशिकाको इतिहास पाठ्यक्रम विकास केन्द्रको वेभसाइडमा हेर्दा २०३० सालमा 'सामाजिक शिक्षा इतिहास कक्षा नौ शिक्षक निर्देशिका पुस्तिका' र 'शिक्षक निर्देशन पुस्तिका सामाजिक शिक्षा इतिहास कक्षा आठ' शिक्षा मन्त्रालयले प्रकाशन गरेको देखिन्छ (नेपाल, २०७४ : १) । यस समयदेखि यता विभिन्न समयमा निर्देशिकाका अङ्गहरू परिवर्तन गर्दै पाठ्यक्रम विकास केन्द्र स्वयमले निर्देशिकाको निर्माण गर्दै आएको छ । पाठ्यक्रमका उद्देश्यको पूर्ति तथा पाठ्यपुस्तकका विषयवस्तुको विश्लेषणका साथै शिक्षण कार्यलाई सरल, सहज तथा प्रभावकारी बनाउनका लागि शिक्षक निर्देशिका महत्त्वपूर्ण हुन्छ । शिक्षणमा आइपर्ने विविध समस्या एवम् कठिनाइहरूको समाधान सही ढङ्गले गर्न निर्देशन गर्ने हुनाले विभिन्न तहका प्रत्येक

विषयमा शिक्षक निर्देशिका तयार पारिएको पाइन्छ । शिक्षक निर्देशिका एक शिक्षक मित्र हो । शिक्षण कार्यमा शिक्षक अल्मलिनु नपरोस भन्ने अभिप्रायले शिक्षण सामग्रीका रूपमा यसलाई प्रयोग गर्ने गरिन्छ । शिक्षण कार्यलाई समय सान्दर्भिक, वस्तुगत, गुणात्मक र उद्देश्य केन्द्रित बनाउनका लागि शिक्षक निर्देशिकाको उपयोग सान्दर्भिक हुन्छ । शिक्षण कार्यमा नवप्रवेशी शिक्षकहरूलाई कसरी शिक्षण गर्ने भन्ने अन्योलका बीचमा निर्देशिकाले निर्देशक भूमिका समेत निभाउन सक्छ । कुन पाठलाई कति समय दिने, कसरी शिक्षण गर्ने, कसरी मुल्याङ्कन गर्ने जस्ता यावत् व्यावहारिक पक्षलाई निर्देशिकाले सहज ढङ्गबाट प्रस्तुत गरेको हुनाले शिक्षण कार्यमा सहजता आउँछ । निर्देशिकाको राम्रो प्रयोगले शिक्षण कार्य रुचिकर, प्रभावकारी र सफल बन्दछ । शिक्षकलाई कक्षाकोठामा प्रवेश गर्नुपूर्व तयारी गर्न सहयोग गर्नुका साथै वार्षिक, एकाइगत र दैनिक पाठयोजना निर्माण गर्न पनि सहयोग गर्दछ ।

विद्यालय तहको पाठ्यक्रमलाई जनआकाङ्क्षा एवम् देशको सन्दर्भअनुकूल बनाउन २०६९ सालमा आधारभूत शिक्षा पाठ्यक्रम तयार पारिएको छ । यसरी पाठ्यक्रम २०६९ सालमा निर्माण भई लागु भएपनि पाठ्यक्रम विकास केन्द्रमा रहेको आर्थिक र प्राविधिक पक्षका साथसाथै मानवीय संशोधनको सीमितताका कारण समयमै शिक्षक निर्देशिकाको छपाई तथा वितरण हुन सकेको पाइँदैन । वर्तमान समयमा पनि शिक्षक निर्देशिकाको उपलब्धतामा सहजता देखिँदैन । आधारभूत पाठ्यक्रम निर्माण भएको चार वर्षपछि मात्र शिक्षक निर्देशिका निर्माण भएको देखिन्छ । आधारभूत तह कक्षा सातको नेपाली विषयको शिक्षक निर्देशिका वि.सं.२०७४ सालमा मात्र निर्माण भई वेभ पेजमा राखिए तापनि प्रकाशन र छपाई नभएका कारण सहज रूपले वितरण भई सबैको पहुँचमा नपुगेको देखिन्छ । जसको प्रत्यक्ष असर नेपाली विषयको शिक्षण सिकाइमा पनि परेको देखिन्छ ।

### २.२.२ पाठ्यक्रम

कुनै पनि शैक्षिक कार्यक्रमलाई संगठित र योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्त गर्न तयार पारिएको विस्तृत योजना नै पाठ्यक्रम हो । जसमा उद्देश्य, विधि, क्रियाकलाप, मूल्याङ्कन, क्षेत्र स्तरण आदि सबै कुरालाई ख्याल गरिएको हुन्छ । शिक्षाका राष्ट्रिय तथा तहगत उद्देश्यलाई आधार मानेर विषयगत पाठ्यक्रम निर्माण गरिन्छ । सोही पाठ्यक्रमका सक्षमता हासिल गराउनका लागि आवश्यक विषयवस्तुगत सामग्रीको निर्देश पाठ्यक्रममा नै

गरिएको हुन्छ । पाठ्यक्रमले निर्देश गरेका यस्ता विषयवस्तुलाई के कसरी कस्ता साधन तथा माध्यमको उपयोग गरेर विद्यार्थी सक्षम प्रस्तुत गर्ने, कसरी प्रभावकारी ढङ्गबाट शिक्षण तथा मुल्याङ्कन गर्ने भन्नेसम्मका समग्र प्रक्रियाको बारेमा पाठ्यक्रमले निर्देश गर्दछ ।

ल्याटिन भाषाको 'currere' शब्दबाट अङ्ग्रेजीमा 'curriculum' शब्द विकसित भएको हो । यसैको नेपाली रूपान्तरण पाठ्यक्रम हो । 'कुरेर'को शाब्दिक अर्थ 'दौडको मैदान' हो । गन्तव्यसम्म पुग्ने धावन मार्गको रूपमा पनि पाठ्यक्रमलाई लिने गरेको पाइन्छ । यो पाठ्यक्रमको परम्परावादी धारणा हो । यसले पाठ्यक्रमको व्यापक अर्थ समेट्न सक्दैन । त्यसैले पाठ्यक्रमको व्यापक अर्थ पहिल्याउनु पर्छ किनभने यसको व्यापक अर्थ अहिले सबै क्षेत्रले अँगालेको पाइन्छ । यस अर्थअनुसार पाठ्यक्रम त्यस्तो कार्ययोजना हो । जसले सम्पूर्ण शैक्षिक क्रियाकलापको नेतृत्व प्रदान गर्दछ । विद्यार्थीले हासिल गर्नुपर्ने उद्देश्य तोकिएको हुन्छ । उद्देश्य पूरा गर्न क्रियाकलापको निधो गरिएको हुन्छ भने क्रियाकलापका लागि आवश्यक पर्ने विद्यार्थीहरूको निर्धारण गरिएको हुन्छ । त्यसैगरी ज्ञान र सीपको के कति उपलब्धिहरू भयो या भएन भनी लेखाजोखा गर्न मूल्याङ्कन समेत समावेश गरिएको हुन्छ । यसै सन्दर्भमा हिल्डा टावा भन्छिन् पाठ्यक्रम सिकाइको एउटा योजना हो (निउरे २०७१ : १९) । सोही योजनाका आधारमा समग्र शैक्षिक कार्यक्रम तथा प्रक्रिया अगाडि बढ्छ ।

### २.२.३ भाषापाठ्यक्रम

भाषाशिक्षणका लागि तयार गरिएको भाषाशिक्षणको रणनीतिक योजना भाषापाठ्यक्रम हो । यसले विषयवस्तुजन्य ज्ञानलाई साधनको रूपमा लिन्छ र त्यस साधनद्वारा भाषिक सीप प्राप्त गराउने कुरालाई मुख्य मुद्दा बनाउँछ । भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) हरूको प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषापाठ्यक्रम भनिन्छ । भाषाको पाठ्यक्रमले सिकारुको बोध र अभिव्यक्तिको विकासका निमित्त गर्नुपर्ने सम्पूर्ण क्रियाकलापलाई मार्गदर्शन, नियन्त्रण र निर्देशन गर्छ (ढकाल, २०७०: ५) । यसरी भाषापाठ्यक्रममा पनि विद्यार्थीमा ल्याउन खोजिएको परिवर्तनको अपेक्षा प्राप्त गर्ने माध्यम, तिनीहरूको प्रस्तुतिक्रम, उद्देश्य प्राप्त गर्न उपयोगमा ल्याउन सकिने साधनहरू, सामग्रीका सहायताले शिक्षक र विद्यार्थीले गर्ने कार्यकलाप र अपेक्षा पूरा भए-

नभएको वस्तुपरक रूपले लेखाजोखा गर्ने उपाय समेतलाई स्पष्ट सुझाइको हुन्छ । नेपाली भाषाका माध्यमबाट नेपाली समाजको सामाजिक, आर्थिक, सांस्कृतिक बहुलताको सम्मान गर्दै सामाजिक व्यवहारको विकास गर्ने लक्ष्यका साथ निर्माण गरिएको भाषापाठ्यक्रममा सीप विकासका साधनका रूपमा (कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक, चिठी, दैनिकी आदि) विभिन्न विधागत सामग्रीहरूलाई समावेश गरिएको छ । त्यसका अतिरिक्त भाषाशिक्षणमा आवश्यक पर्ने सहजीकरण प्रक्रिया, सिकाइ शैली तथा मूल्याङ्कनलाई पनि क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ । यिनै विविध भाषिक विधि तथा शैलीका माध्यमबाट विद्यार्थीमा आवश्यक पर्ने भाषिक सीपको विकास गराउने उद्देश्य भाषापाठ्यक्रममा राखिएको छ ।

विद्यार्थीको भाषिक सीपको चौतर्फी विकासको उद्देश्य राखेर शिक्षण तथा सिकाइलाई मार्गदर्शन, नियन्त्रण र निर्देशन गर्ने गरी निर्मित वृहत योजना भाषापाठ्क्रम हो । व्यक्ति, समाज र राष्ट्रका आवश्यकता पूरा गर्ने गरेर साधारण र विशिष्ट उद्देश्यहरू सूचीकरण गरिएको भाषिक र भाषेतर पाठ्यवस्तुहरूको छनोट गरी स्तरीकरण गरिएको, तिनीहरूको क्षेत्र र क्रम, प्रस्तुतिक्रम विधि र मूल्याङ्कनका उपायहरू समेत सूचीकृत गरिएको वृहत योजना भाषापाठ्यक्रम हो (कँडेल र जोशी २०७४:४) । यसरी विविध विधि तथा कार्यकलापका माध्यमबाट विद्यार्थीमा भाषाका चारवटै सीपको विकास गराउने उद्देश्य भाषापाठ्यक्रममा रहेको पाइन्छ । भाषिक सीपको विकास गर्नका लागि तयार पारिएको एक व्यापक दस्तावेज भाषापाठ्यक्रम हो । भाषिक विविधता भएको अवस्थामा पनि कसरी भाषाशिक्षणलाई प्रभावकारी ढङ्गले शिक्षण गर्न सकिन्छ भन्ने पक्षका बारेमा पनि यसले जोड दिएको पाइन्छ । भाषाशिक्षणलाई योजनाबद्ध, संगठित र रुचिपूर्ण बनाई सही तरिकाले भाषिक मुल्याङ्कन गर्न समेत भाषा शिक्षकलाई सहयोग पुऱ्याउँछ (कार्की २०६८ : १०) । यसरी रोमाञ्चकीय वातावरणमा रुचिपूर्ण तरिकाले भाषाशिक्षण गर्नमा यसको सर्वाधिक महत्त्व रहेको पाइन्छ ।

यसरी निष्कर्षमा भन्नुपर्दा भाषापाठ्यक्रमको मुख्य उद्देश्य नै विषयवस्तुजन्य ज्ञानलाई साधनका रूपमा स्वीकार गर्नु हो जुन भाषा सिकाइ उद्देश्य पूरा गर्न भाषा शिक्षणको गोरेटो वा मार्गका रूपमा रहेको हुन्छ ।

### २.२.४ भाषापाठ्यपुस्तक

भाषापाठ्यक्रमको कार्यन्यनका लागि भाषापाठ्यक्रमकै प्रत्यक्ष निर्देशनमा तयार गरिएको पाठ्यसामग्रीलाई भाषापाठ्यपुस्तक भनिन्छ । यो खास तह र कक्षाका निमित्त पाठ्यक्रमका भाषिक अपेक्षाहरू परिपूर्ति गर्ने गरी विषय विशेषज्ञद्वारा सङ्कलन, सम्पादन वा लेखन गरिएका पाठ्यवस्तुहरू छनोट र स्तरण गरी प्रस्तुत र अनुमोदित महत्त्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री हो । भाषिक र भाषेतर विषयको संयोजन गरी पर्याप्त अभ्यास र आवृत्तिको अवसर दिई भाषिक सीपहरू हासिल गराउने माध्यम भाषापाठ्यपुस्तक हो (ढकाल, २०७०: ११८) । यसले विद्यार्थी, शिक्षक, अभिभावक, निरीक्षक र प्रशासकको गन्तव्य र काम कर्तव्यलाई निश्चित र आश्वास्त पार्दछ । समसामयिक आवश्यकता र भावी चुनौतिको सहज सामना गर्न सक्ने योग्य र सक्षम नागरिक उत्पादन गर्ने राष्ट्रको सोच पूरा गर्ने महत्त्वपूर्ण कडीका रूपमा पनि भाषापाठ्यपुस्तकलाई लिन सकिन्छ । भाषापाठ्यपुस्तक भाषिक सीप सिकाइको सरल, सहज, विश्वसनीय, सुलभ, रुचिपूर्ण र भरपर्दो साधन हो । यसमा भाषिक र भाषेतर दुवै किसिमले सामग्री हुन्छ भने भाषापाठ्यपुस्तकले सर्वप्रथम भाषिक सीप सिकाइ र त्यसपछि केही मात्रामा भाषिक ज्ञान दिने प्रयोजन राखेको हुन्छ ।

भाषापाठ्यपुस्तक भाषिक सीप, विषयवस्तु, विधा र भाषातत्त्वको समन्वयात्मक रूप हो । यसमा विषयगत र विधागत विविधता, साहित्यिक र साहित्येतर भाषिक सीप पोषक पाठ्यसामग्रीको छनोट, स्तरण र वितरण गरिएको हुन्छ । यिनै सामग्रीका माध्यमबाट विद्यार्थीमा भाषिक सीप र समझको विकास गराउनु भाषापाठ्यपुस्तकको प्रयोजन हो । यसका लागि प्रशस्त अभ्यासात्मक सामग्रीको समावेश तथा अभ्यासात्मक कार्यकलापमा जोड दिइन्छ । यसरी अभ्यासका भाषापाठ्यपुस्तकलाई भाषापाठ्यक्रमको विकल्पको रूपमा चिनाउन सकिन्छ ।

पाठ्यपुस्तक शिक्षकका लागि निर्देशक, विद्यार्थीका लागि स्रोत सामग्री हो । सिकेका कुराहरूको स्थायी लेखाजोखा गर्ने, क्रमबद्धता कायम गर्ने साधन भाषा सिकाइको उल्लेख्य पक्ष, भाषातात्विक सीपको विकास गराउने बृहत सामग्री तथा अन्तिम पढाइको अभ्यास गराउने स्थल पनि हो । त्यसैले पाठ्यपुस्तक भनेको विद्यार्थीलाई छापिएका सामग्रीतर्फ अभिरुचि जगाई पाठक बनाउन प्रेरित गर्ने महत्त्वपूर्ण साधन हो । भाषापाठ्यपुस्तक भाषिक सीपको विकासमा जोड दिने र पाठ्यक्रमको कार्यन्वयन गर्ने उद्देश्यले तयार गरिएको एक

'मौद्रिक शिक्षक' हो । जसले सिकारुलाई आफै पढ्न, अभ्यास गर्न तथा भाषिक सामर्थ्य र अभिव्यक्ति क्षमताको विकास गराउन आवश्यक सामग्री उपलब्ध गराउँछ, अभ्यासमा प्रेरित र तल्लिन गराउँछ । यसरी भाषापाठ्यपुस्तक भाषिक सीप, विषयवस्तु, विधा र भाषातत्त्वको समन्वयात्मक रूप हो । भाषापाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु भाषिक सीप सिकाउने साधनका रूपमा रहेका हुन्छन् । यसमा भाषातत्त्वका विविध पक्ष सहित विभिन्न सिर्जनात्मक क्रियाकलाप र अभ्यासहरू दिइएको हुन्छ ।

### २.२.५ शिक्षक निर्देशिका

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकलाई निर्देशन दिने पुस्तकलाई शिक्षक निर्देशिका भनिन्छ । पाठ्यक्रमका उद्देश्य प्राप्त गर्ने महत्त्वपूर्ण शिक्षक सहयोगी सामग्रीको रूपमा यसलाई लिन सकिन्छ । शिक्षक निर्देशिकामा एक शैक्षिक सत्रभरि अध्यापन गराइने विषयवस्तु, तिनका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण विधि, मूल्याङ्कन प्रविधि आदि समावेश गरिएको हुन्छ । भाषापाठ्यपुस्तकमा स्तरणीकृत विविध विषयगत विधाहरूलाई खास खास पाठ्यवस्तुमा विभाजन गरी अनुमानित पाठ्यघण्टीका आधारमा तयार पारिएको सामग्री नै शिक्षक निर्देशिका हो । यसमा पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको परिचयात्मक विवरण, पाठ्यवस्तु, पाठ्यवस्तु शिक्षणको अनुमानित समय, शिक्षणका विशिष्ट उद्देश्य, शिक्षण प्रक्रियामा प्रयोग गर्न सकिने सम्भाव्य सामग्री सूची, सिकाइ शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया तथा गृहकार्य निर्देशनको व्यवस्थित प्रस्तुति हुन्छ । यसरी शिक्षकले गर्नुपर्ने कामहरू, शिक्षण योजना निर्माण गर्ने, शिक्षण विधिको छनोट गर्ने र विद्यार्थी मूल्याङ्कन गर्ने काममा सहयोग गर्ने हुनाले शिक्षक निर्देशिकालाई शिक्षकको असल मित्र भनिन्छ ।

शिक्षक निर्देशिका शिक्षकका लागि एक असल र सहयोगी मित्रको रूपमा रहेको हुन्छ । नवप्रवेशी, अनुभवी सबै शिक्षकलाई सधैका लागि निर्देशिकाले शिक्षणीय सुझका साथै पेसागत ज्ञान सीपको अभिवृद्धिमा सकारात्मक भूमिका निर्वाह गरेको हुन्छ । निर्देशिकामा पाठ्यक्रमका उद्देश्य, पाठ्यपुस्तकको मर्मलाई ध्यानमा राखेर विधागत उद्देश्यअनुसार शिक्षणीय सुझ र तौर तरिका उल्लेख गरिएको हुन्छ । भाषा विषय मूलतः भाषिक सीपहरूको विकासतर्फ उन्मुख हुनुपर्दछ भने भाषा सम्बद्ध पाठ्यपुस्तक शिक्षक निर्देशिका तिनकै सहयोगी साधनको रूपमा रहेको हुन्छ । एउटा शिक्षकले शिक्षक निर्देशिकाको

समुचित प्रयोग गरी स्थानीय आवश्यकता र पाठको प्रकृतिअनुसार अन्य शिक्षण विधि, स्थानीय स्रोत र सामग्री आदिको प्रयोग गरी शिक्षण गर्न सक्ने भए पनि यसको अनुकरण भने उसका लागि फलदायी नै हुन्छ (कार्की, २०६६ : ३५) । हाम्रा कतिपय विद्यालयमा थोरै शिक्षकले धेरै कक्षा सञ्चालन गर्नुपर्ने अवस्था भएकाले सबै कक्षाका सबै विषयको तयारीका लागि समय अभाव पनि हुन सक्छ । यस अवस्थामा शिक्षक निर्देशिकाले शिक्षकलाई निकै सहयोग पुऱ्याउँछ । हुन त शिक्षकहरूले शिक्षक निर्देशिका पुस्तिकामा दिएका क्रियाकलाप बाहेक अन्य क्रियाकलाप पनि सञ्चालन गरेर अध्यापन गर्न सक्छन् तर न्यूनतम कक्षा सञ्चालन गर्नु अनिवार्य हुन्छ । जे होस् शिक्षक निर्देशिकाको राम्रो प्रयोगले शिक्षण कार्य रुचिकर, प्रभावकारी र उद्देश्य प्राप्तिका अतिरिक्त शिक्षण कार्यमा सरलता ल्याउन, निश्चित समयमा निश्चित विषयवस्तुको अध्यापन गराउन महत्त्वपूर्ण भूमिका रहन्छ ।

भाषा शिक्षक महत्त्वहीन र अनावश्यक कुरामा नअल्मलिऊन् बरु भाषा शिक्षणलाई समय सान्दर्भिक, वस्तुगत र उद्देश्य केन्द्रित बनाउन सकियोस् भन्नका लागि शिक्षक निर्देशिकाको उपयोग आवश्यक हुन्छ । विद्यार्थीलाई प्रभावकारी भाषा सिकाइ कार्यकलापहरू, अभ्यासहरूमा सरिक गराई भाषापाठ्यपुस्तकको प्रभावकारी प्रयोग गराउनु र उच्च तहमा पाठ्यक्रमको अपेक्षा पूरा गराउनु नै शिक्षक निर्देशिकाको आशय रहेको हुन्छ ।

शिक्षक निर्देशिकामा प्रयोग गरिएको भाषा निर्देशनात्मक हुन्छ । यसलाई भाषा शिक्षकले वास्तविक कक्षाकार्यको अगाडि विस्तीर्ण अध्ययन गरेर आफ्नो भाषा कक्षालाई अनुकूल हुने योजना बनाउँछन्, प्रयोग गर्छन् । यस्तो योजना तयार गर्दा शिक्षकले शिक्षक निर्देशिकामा प्रस्तावित समय तथा पाठ्यवस्तुलाई जस्ताको तस्तै प्रयोग नगरी आफू अनुकूल हुने गरी थपघट गर्न तथा समायोजन गर्न सक्दछन् । त्यसैगरी शैक्षणिक उद्देश्य, सामग्री चयन, शिक्षण प्रक्रियाको थपघट जस्ता पक्षमा पनि शिक्षकले ध्यान पुऱ्याउन सक्छन् । यस दृष्टिले शिक्षक निर्देशिकालाई शिक्षकले प्रयोग गर्ने आधिकारिक तर लचक सामग्री मान्न सकिन्छ ।

निर्देशिकाको महत्त्वलाई निम्न बुँदाका आधारमा चर्चा गर्न सकिन्छ :

**२.२.५.१ योजनाबद्ध शिक्षणका लागि शिक्षक निर्देशिका**

पाठ्यक्रमका उद्देश्य प्राप्त गर्ने महत्त्वपूर्ण शिक्षक सहयोगी सामग्रीका रूपमा निर्देशिकालाई लिन सकिन्छ । शिक्षक निर्देशिकामा एक शैक्षिक सत्रभरि अध्यापन गराइने

विषयवस्तु, तिनका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण विधि, मूल्याङ्कन प्रविधि आदि समावेश गरिएको हुन्छ । यसरी शिक्षकले गर्नुपर्ने कामहरू, शिक्षण योजना निर्माण गर्ने, शिक्षण विधिको छनोट गर्ने, उपयुक्त शैक्षिक सामग्रीको छनोट र प्रयोग गर्ने, शिक्षण क्रियाकलापहरू छनोट गर्ने र विद्यार्थी मूल्याङ्कन गर्ने काममा सहयोग गर्ने हुनाले शिक्षक निर्देशिकालाई शिक्षकको असल मित्रका रूपमा लिने गरिन्छ । विषय शिक्षकलाई विषयगत सामग्रीलाई प्रभावकारी रूपमा विद्यार्थी समक्ष प्रस्तुत गरी विद्यार्थीलाई भाषिक सीपमा सक्षम बनाउन गर्नु पर्ने सम्पूर्ण कार्यकलापको निर्देशन दिइएको शिक्षकको स्रोत सामग्री शिक्षक निर्देशिकाले योजनाबद्ध ढङ्गले शिक्षण गर्न मद्दत पुऱ्याउँछ ।

### २.२.५.२ शिक्षणमा एकरूपता र भाषिक सीपको विकासका लागि शिक्षक निर्देशिका

भाषापाठ्यक्रमले निर्धारण गरेका उद्देश्यलाई हासिल गर्न देशभर समान किसिमले प्रभावकारी र योजनाबद्ध शिक्षण गर्न शिक्षक निर्देशिकाले सहयोग गर्दछ । यसले तालिम प्राप्त, अप्राप्त, नवप्रवेशी र अनुभवी शिक्षकलाई सहयोग पुऱ्याउने भएकाले निर्देशिकालाई शिक्षकको असल सहयोगीका रूपमा लिइन्छ (कार्की, २०६८ : २) । शिक्षक, विद्यार्थी र विषयवस्तुका बीचमा संगठित तथा योजनाबद्ध ढङ्गले अन्तर्क्रिया गर्दै प्रभावकारी रूपमा शिक्षण गर्नका लागि शिक्षक निर्देशिकाको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । शिक्षकलाई व्यावहारिक, सीपमूलक तथा पाठ्यक्रमका अपेक्षा पूरा गर्ने गरी शिक्षण गर्न आवश्यक सहयोग गर्ने सामग्रीका रूपमा निर्देशिका तयार गरिएको हुन्छ (पुलामी, २०६८ : २) । साहित्यका विभिन्न विधागत र साहित्येतर विषयवस्तुका माध्यमबाट विद्यार्थीमा भाषिक सक्षमता हासिल गराउन शिक्षकलाई विषयवस्तुको प्रभावकारी प्रस्तुतीकरणका लागि सहयोग पुऱ्याउने जुनसुकै सामग्रीलाई शिक्षक निर्देशिका भनिन्छ (पौडेल, २०६७ : २३८) । भाषाशिक्षणमा साहित्यिक र साहित्येतर विषयवस्तुका माध्यमबाट विद्यार्थीमा भाषिक बोध र अभिव्यक्ति क्षमताको विकास गराउने लक्ष्य राखिएको हुन्छ । त्यसैले अन्य विषयको शिक्षणभन्दा भाषा विषयको शिक्षण प्रक्रिया पनि पृथक र विशिष्ट किसिमको हुन्छ ।

### २.२.५.३ सीपमूलक, उद्देश्यकेन्द्रित र रुचिपूर्ण शिक्षणका लागि शिक्षक निर्देशिका

भाषाशिक्षणलाई आकर्षक, उद्देश्यमूलक र रुचिपूर्ण बनाउनका लागि शैक्षिक सामग्रीको अहम् भूमिका रहेको हुन्छ । यस कार्यमा शिक्षक निर्देशिकाले शिक्षकलाई हरेक दिन सहयोग पुऱ्याउँछ । यो शिक्षणलाई उद्देश्यमूलक बनाउने पूरक सामग्री, शिक्षकका लागि

शिक्षण गर्ने स्रोत र आधार सामग्री हो । पाठ्यक्रमका अपेक्षा हासिल गर्न र पाठ्यपुस्तकका विषयवस्तुलाई के कस्ता विधि र कार्यकलापका माध्यमबाट विद्यार्थी समक्ष प्रस्तुत गर्ने ? भन्ने कुरा शिक्षक निर्देशिकामा स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ (पुलामी, २०६८ : १५) । यसले विषयवस्तुलाई साधन र भाषिक सीपलाई साध्य बनाएर सीपमुखी र उद्देश्यकेन्द्रित शिक्षण गर्न शिक्षकलाई सहयोग गर्दछ ।

### २.२.५.४ विषयवस्तु र भाषिक सीप बीचको सम्बन्ध स्थापित गर्नका लागि शिक्षक निर्देशिका

भाषापाठ्यपुस्तक सिर्जनात्मक अभिव्यक्तिको सङ्गालो नभएर यसमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्नका लागि उपयुक्त हुने खालका विषयवस्तु र विधाहरूको छनोटका साथै प्रस्तुतीकरणमा पनि सोही अनुरूप विशेष सचेतता देखाएका सामग्री हुन्छन् । भाषापाठ्यपुस्तकमा समावेश गरेका विषयवस्तुको प्रयोग गरेर पाठ्यक्रम र पाठ्यपुस्तक बीचमा सम्बन्ध स्थापित गरेर कसरी भाषिक सीपको विकास गराउन सकिन्छ भन्ने कुराको बारेमा जानकारी शिक्षक निर्देशिकाले गराउने गर्दछ । विषयवस्तु एकातिर भाषिक सीप शिक्षण अर्कोतिर भए पछि भाषापाठ्यक्रमका अपेक्षा पूरा हुन सक्दैनन् । त्यसैले विषयवस्तु र भाषिक सीप बीचको सम्बन्ध स्थापित गर्ने कला शिक्षक निर्देशिकामा उल्लेख गरिएको हुन्छ ।

### २.२.६ नेपाली भाषाशिक्षणमा शिक्षक निर्देशिकाको आवश्यकता

शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित, मर्यादित र उद्देश्यपूर्ण तरिकाले सम्पन्न गर्नका लागि मार्गदर्शकको भूमिका खेल्ने शिक्षण सामग्रीलाई शिक्षक निर्देशिका भनिन्छ । पाठ्यक्रमका उद्देश्य पूरा गर्न पाठ्यक्रमकका आधारमा शिक्षक निर्देशिका तयार गरिन्छ । भाषापाठ्यपुस्तकमा रहेका विधाहरूलाई विभिन्न विषयवस्तु र पाठ्यघण्टीमा विभाजन गरी प्रत्येक विषयवस्तुका लागि अनुमानित समय समेत निर्धारण गरिएको हुन्छ । नेपाली भाषाशिक्षणलाई उपयुक्त, प्रभावकारी, सान्दर्भिक, वस्तुगत र उद्देश्यमूलक बनाउनका लागि शिक्षक निर्देशिकाले सहयोग पुऱ्याउने भएकाले यसको आवश्यकता पर्न गएको हो । खासगरी भाषाको शिक्षण गर्ने क्रममा कतिपय शिक्षकहरू तालिम प्राप्त हुँदैनन् भने कतिपय तालिम प्राप्त शिक्षकहरू पनि पाठ्यपुस्कका विषयवस्तु घोकाउने र कण्ठ गराउनमै व्यस्त देखिन्छन् । त्यस अवस्थामा भाषापाठ्यपुस्तक भित्रका विषयवस्तुलाई कसरी शिक्षणमा उपयोग गर्ने र भाषा शिक्षणमा विषयवस्तुलाई माध्यम बनाएर सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपलाई कसरी प्राप्त गर्न सकिन्छ भन्ने तर्फ सजग बनाउने भएकाले

भाषाशिक्षणको क्रममा निर्देशिका आवश्यक तथा उपयोगी हुन्छ (नेपाल, २०७४ : ३) । यसरी भाषा शिक्षणमा शिक्षक नअल्मलिऊन् भनी निर्देशिकाको निर्माण गरिएको हो । विद्यार्थीलाई प्रभावकारी भाषा सिकाइ कार्यकलाप र अभ्यासहरूमा सरिक गराई भाषापाठ्यपुस्तकको प्रभावकारी प्रयोग गराउनु र उच्च तहमा पाठ्यक्रमको अपेक्षा पूरा गराउनु नै शिक्षक निर्देशिकाको आशय रहेको छ । भाषापाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यन्वयन गर्न सहयोग पुऱ्याउने भएकाले सिङ्गो शैक्षिक कार्यक्रमको सफलतामा यसको महत्त्वपूर्ण भूमिका हुन्छ । यसले नवप्रवेशी शिक्षकलाई भाषाशिक्षणको वास्तविक मार्गमा डोऱ्याउन, अनुभवी तथा तालिम प्राप्त शिक्षकलाई पनि आफ्नो ज्ञान र सीपलाई अझ व्यापक र विस्तृत बनाउन सहयोग पुऱ्याउनुका साथै पाठ्यक्रमका अपेक्षा र विषयवस्तुका बीचमा सन्तुलन कायम गरी शिक्षण गर्न सहयोग गर्छ (पुलामी, २०६८ : १६) । यसरी विद्यार्थीमा अधिकतम रूपमा भाषिक सीपको विकास गराउन निर्देशिकाले शिक्षकलाई प्रत्येक दिन मार्गदर्शन गरिरहेको हुन्छ । तोकिएका उद्देश्यको प्राप्ति गर्न, शिक्षणमा सरलता र विविधता ल्याउन, सिकाइलाई रुचिपूर्ण र चिरस्थायी बनाउन, तोकिएको समयमै तोकिएका विषयवस्तु, विधि र मूल्याङ्कनको प्रयोग गरी योजनाबद्ध र व्यवस्थित शिक्षण गर्न सहयोग पुऱ्याउने भएकाले भाषाशिक्षणमा निर्देशिका अपरिहार्य रहेको देखिन्छ (कार्की, २०६८ : १७) । यसरी शिक्षणलाई व्यवस्थित, मर्यादित, योजनाबद्ध, भाषिक सीपको हासिलमा सहयोगी, विद्यार्थीको रुचि र आवश्यकतालाई बुझेर कार्यकलाप सञ्चालन गर्न निर्देशिकाले सहयोग गर्दछ । भाषापाठ्यक्रमको अपेक्षा र पाठ्यपुस्तकका विषयवस्तुहरूबीच उपयुक्त सन्तुलन कायम गर्दै भाषिक सीपहरूको अधिकतम विकासका लागि शिक्षक निर्देशिका आवश्यक पर्दछ ।

### २.२.७ नेपाली शिक्षक निर्देशिका कक्षा सातको सङ्क्षिप्त परिचय

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार तयार गरिएको कक्षा सातको नेपाली पाठ्यपुस्तकका आधारमा तयार गरिएको कक्षा सातको शिक्षक निर्देशिकामा पाठ्यपुस्तकमा रहेका विधाहरूलाई विभिन्न पाठ्यवस्तु र पाठ्यघण्टीमा विभाजन गरी प्रत्येक पाठ्यवस्तुका लागि अनुमानित घण्टी निर्धारण गरिएको छ । प्रत्येक पाठको अध्यापन कार्य सस्वर वाचन र शुद्ध उच्चारणबाट आरम्भ गरी सामान्यतया पाठको अन्त्यमा पाठ्यक्रमले निर्धारण गरेका र पाठ्यपुस्तमा समावेश भएका व्याकरणको अध्यापन गर्ने गरी निर्देशिका तयार गरिएको हुनाले पाठ्यक्रमको सफल कार्यन्वयनमा निर्देशिका उपयोगी हुने देखिन्छ । भाषाका चारवटै सीपको सहज तरिकाले विकास गराउनका लागि शिक्षकलाई सही बाटोमा हिँडाएर

भाषापाठ्यक्रमका उद्देश्य पूरा गर्नका लागि कक्षा सातको नेपाली शिक्षक निर्देशिकाले सहयोग गरेको देखिन्छ ।

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ मा तयार भएपनि शिक्षक निर्देशिकाको निर्माण २०७४ सालमा मात्र भएको पाइन्छ । जसमा कार्यमूलक ढङ्गले भाषाशिक्षणसँगै एकीकृत गरेर व्याकरण शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्ने निर्देशन दिइएको छ । निर्देशिकाले विद्यार्थीमा भाषिक सीपको विकास तथा भाषिक सिर्जनशीलताको विकासमा जोड दिएको छ । नेपाली शिक्षणका क्रममा व्याख्यान विधि भन्दा पनि खोज, अनुसन्धान, छलफल, प्रश्नोत्तर आदि विधिको प्रयोग गर्न निर्देश गरिएको छ । यसमा पाठहरूलाई विद्यार्थी केन्द्रित क्रियाकलापमा समायोजन गरिएको छ । सिकाइ सहजीकरण क्रियाकलाप गराउँदा शिक्षकले विविध पक्षमा ध्यान दिनुपर्ने कुरालाई पनि उल्लेख गरिएको छ । कक्षामा समूह निर्माण गर्दा समावेशी सिद्धान्तलाई अगालेर गर्नुपर्दछ भन्ने मान्यता निर्देशिकाले राखेको पाइन्छ । समूहको टोली नेता छनोट गर्दा पनि फरक फरक क्रियाकलापमा फरक फरक टोली नेताको छनोट गर्नुपर्ने प्रवाधान पनि यसमा राखेको पाइन्छ । विद्यार्थी क्रियाकलापको प्रस्तुतीकरण गर्दा र गराउँदा पनि समूह कार्य सम्पन्न भएपछि मात्र समूहका सदस्यमध्ये बाट गोलाप्रथा गराई प्रस्तुतकर्ता छनोट गर्नुपर्ने परम्पराको विकास गर्नुपर्छ । यसले गर्दा प्रस्तुतीकरणको काम मेरो भागमा पनि पर्न सक्छ भन्ने ठानी सबै सदस्यहरू उतिकै मात्रामा चनाखो भई समूह कार्यमा सचेत हुन्छन् । त्यसैगरी हरेक समूह कार्यको प्रस्तुति लगतै अन्य समूहलाई पालैपालो प्रस्तुतिका सम्बन्धमा टिप्पणी गर्न लगाउने र टिप्पणी कार्य सकिएपछि समूहको कार्य प्रस्तुतिका लागि ताली बजाई सम्मान गर्ने बानीको समेत विकास गराउनु पर्ने कुरा निर्देशिकामा उल्लेख गरिएको छ । त्यस्तै शिक्षण सिकाइ क्रियाकलाप सहजीकरण गर्दा, पृष्ठपोषण दिदा, दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा, गृहकार्य, परियोजना कार्य वा सिर्जनात्मक कार्य दिँदा, पठन सीप विकासका सम्बन्धमा, वर्णविन्यास र हिज्जे सम्बन्धमा, सुनाइ र बोलाइ सीपको परीक्षणका सम्बन्धमा, निरन्तर मूल्याङ्कनका सम्बन्धमा शिक्षकले विविध पक्षमा ध्यान दिनुपर्ने कुरालाई पनि उल्लेख गरिएको छ । कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समेटिएका कविता, कथा, निबन्ध, जीवनी, वादविवाद, गीत, प्रबन्ध, संवाद, चिठी, व्याकरण, शब्दभण्डार आदि विधागत पाठहरूलाई शिक्षण गर्न छुट्टाछुट्टै निर्देशन दिइएको छ । शिक्षणका लागि विशिष्ट उद्देश्य, शिक्षण सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा गृहकार्यका लागि समेत निर्देश गरिएको छ । यसै निर्देशिकाका आधारमा

शिक्षण गर्न समग्र पाठका लागि अनुमानित पाठ्यघण्टी, सस्वर पठन, मौनपठन, कविताको लयबद्ध वाचन, सप्रसङ्ग व्याख्या, बुँदा टिपोट, सारांश लेखन, निर्देशित र सिर्जनात्मक लेखन, प्रयोगमूलक व्याकरण अभ्यास जस्ता कार्यकलापका माध्यमबाट विद्यार्थी केन्द्रित शिक्षण गर्न निर्देशन गरिएको छ । यसरी निष्कर्षमा कक्षा सातको नेपाली शिक्षक निर्देशिकामा भाषापाठ्यपुस्तकका सबै पाठहरूको योजनाबद्ध, व्यवस्थित उपयुक्त र प्रभावकारी शिक्षणका लागि निर्देश गरिएको छ ।

## २.३ भाषापाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबीचको अन्तरसम्बन्ध

समसामयिक आवश्यकता र भावी चुनौतिको सहज सामना गर्न सक्ने योग्यता र क्षमता सिकारुमा विकसित गर्न बनाइएको शैक्षिक योजना नै पाठ्यक्रम हो । यसमा उद्देश्य, सामग्री, विधि र मूल्याङ्कन जस्ता विविध विषयमा स्पष्ट दिग्दर्शन दिएको हुन्छ । यसैको निर्देशनअनुसार पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यक्रम सैद्धान्तिक दस्तावेज हो यसको कार्यन्वयनका लागि आवश्यक आधार सामग्री पाठ्यपुस्तक हो । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूरा गर्न पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यन्वयनमा सघाउने उद्देश्यले तयार गरिएको सामग्री शिक्षक निर्देशिका हो । यसरी भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक र शिक्षक निर्देशिका निश्चित शैक्षिक उद्देश्य पूरा गर्नका लागि तयार पारिएका महत्त्वपूर्ण सामग्री हुन् । यिनको निर्माण प्रक्रिया, स्वरूप, प्रवृत्ति वा प्रोजनमा विविधता भए पनि यिनको बीचमा परस्पर अन्तरसम्बन्ध रहेको पाइन्छ । जसलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

१. भाषापाठ्यक्रम भाषाशिक्षणको समष्टिगत शैक्षणिक योजना हो, भाषापाठ्यपुस्तक उक्त योजना कार्यन्वयनको आधिकारिक सामग्री हो भने शिक्षक निर्देशिका तथोक्त योजना कार्यन्वयनको पूरक सामग्री हो ।

२. भाषापाठ्यक्रम सैद्धान्तिक प्रकृतिको हुने भएकाले यो औपचारिक तथा निर्देशनात्मक ढाँचामा निर्माण गरिन्छ । यसैका आधारमा भाषापाठ्यक्रमको कार्यन्वयनका लागि भाषापाठ्यपुस्तक निर्माण गरिन्छ भने भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकको व्यावहारिक पक्षलाई सहयोग पुऱ्याउने हेतुले शिक्षक निर्देशिका निर्माण गरिएको हुन्छ ।

३. भाषापाठ्यक्रमले शैक्षणिक उद्देश्य निर्धारण गर्दछ, भाषापाठ्यपुस्तकले उक्त उद्देश्य परिपूर्ति गर्नका लागि विविधताको सन्तुलित समायोजन गर्दछ भने शिक्षक निर्देशिकाले उद्देश्य पूर्तिका लागि निर्देशनात्मक योजना प्रस्तुत गर्दछ ।

४. भाषापाठ्यक्रमले विधाको क्षेत्र तथा क्रम निर्देश गर्दछ, भाषापाठ्यपुस्तकले विधाको क्षेत्र तथा क्रमलाई सचेततापूर्वक व्यावहारिक प्रस्तुति गर्दछ भने शिक्षक निर्देशिकाले विधागत विषयहरूलाई सीप सन्तुलन सहित खण्डीकरण गर्दछ ।

५. सर्वप्रथम भाषापाठ्यक्रमको निर्माण हुन्छ भने त्यसपछि क्रमशः भाषापाठ्पयपुस्तक र शिक्षक निर्देशिकाको निर्माण हुन्छ ।

६. भाषापाठ्यक्रमले विषयवस्तुको निर्देशन गर्दछ, भाषापाठ्यपुस्तकले विषयवस्तुको समावेश गर्दछ भने शिक्षक निर्देशिकाले विषयवस्तुको कक्षा प्रस्तुतीकरण प्रक्रियालाई सहजीकरण गर्दछ ।

७. भाषापाठ्यक्रमले शिक्षण विधि तथा प्रविधि निर्देश गर्दछ, भाषापाठ्यपुस्तकले ती विधि र प्रविधि प्रयोग गर्न सकिने विषयवस्तु प्रस्तुत गर्दछ भने शिक्षक निर्देशिकाले तोकिएका विधि, प्रविधिलाई आवश्यकताअनुसार प्रयोग गर्न प्रेरित गर्दछ ।

८. भाषापाठ्यक्रमले मूल्याङ्कन प्रक्रिया निर्देश गर्दछ, भाषापाठ्यपुस्तकले मूल्याङ्कन प्रक्रियालाई अभ्यास खण्डमा समावेश गर्दछ भने शिक्षक निर्देशिकाले पाठ्यवस्तुअनुसारको मूल्याङ्कन व्यवस्था उल्लेख गर्दछ ।

यसरी निष्कर्षमा भन्दा भाषापाठ्यक्रमले राखेका उद्देश्य पूर्ति गर्ने मुख्य साधनका रूपमा पाठ्यपुस्तक रहेको हुन्छ । जसमा भाषापाठ्यक्रम सैद्धान्तिक स्वरूपको र पाठ्यपुस्तक व्यावहारिक स्वरूपको हुने गर्दछ भने पाठ्यक्रमका उद्देश्य पूरा गर्न र प्रभावकारी कार्यन्वयनका लागि शिक्षकलाई मार्गदर्शन गर्ने एक स्रोत वा सन्दर्भ सामग्रीका रूपमा शिक्षक निर्देशिका रहेको हुन्छ ।

### २.३.१ भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तक बीचको अन्तर्सम्बन्ध

भाषा शिक्षणका लागि योजनाबद्ध रूपमा तयार पारिएको पाठ्यक्रमलाई भाषापाठ्यक्रम भनिन्छ । यो भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइको विकासका लागि अभ्यास र प्रयोगमा जोड दिने किसिमले तयार पारिएको हुन्छ भने भाषापाठ्यपुस्तक भाषापाठ्यक्रमका भाषिक अपेक्षाहरू परिपूर्ति गर्ने गरी विषय विशेषज्ञद्वारा सङ्कलन, सम्पादन गरिएका पाठ्यवस्तुहरू छनोट र स्तरण गरी प्रस्तुत र अनुमोदित महत्त्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री हो । भाषिक र भाषेतर विषयको संयोजन गरी पर्याप्त अभ्यास आवृत्तिको अवसर दिई भाषिक सीपहरू हासिल गराउने माध्यम भाषापाठ्यपुस्तक हो । पाठ्यक्रमकै निर्देशनमा रहेर पाठ्यक्रमकै अपेक्षा पूरा गर्ने गरी एक मुख्य साधनका रूपमा पाठ्यपुस्तक रहेको हुन्छ । पाठ्यक्रमले तोकेको वा समेटेको विषयवस्तुलाई छनोट, स्तरण र प्रभावकारी वितरण गरिएको हुन्छ । पाठ्यक्रम सैद्धान्तिक भएकाले यसको व्यावहारिक पक्ष पाठ्यपुस्तक हो । जो शिक्षक, विद्यार्थी अभिभावकका लागि पनि आवश्यक रहेको देखिन्छ । त्यसैले भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तक बीच सैद्धान्तिक र व्यावहारिक सम्बन्ध स्पष्ट रहेको हुन्छ । पाठ्यक्रमविना पाठ्यपुस्तक तयार गर्न सकिदैन र पाठ्यपुस्तकविना पाठ्यक्रमका अपेक्षा पूरा हुन सक्दैनन् । त्यसैले यी दुवै एक आपसमा अन्तर्सम्बन्धित र अन्तर्निर्भर रहेका हुन्छन् ।

भाषापाठ्यक्रमले भाषिक सीपहरू किन सिकाउने ? कसरी सिकाउने ? भन्ने कुराको सैद्धान्तिक अवधारणा प्रदान गरेको हुन्छ भने पाठ्यपुस्तकले पाठ्यक्रमका तिनै कुराको व्यावहारिक प्रस्तुति दिएको हुन्छ । यस अर्थमा भाषापाठ्यक्रम सैद्धान्तिक तर भाषापाठ्यपुस्तक पाठ्यक्रमका सिद्धान्त र दर्शनलाई व्यवहारमा उपयोग गर्ने प्रायोगिक सामग्री हो । त्यसैले यी दुवै एक अर्काका परिपूरक सामग्रीका रूपमा रहेका पाइन्छन् । यी दुई बीचको सम्बन्धलाई निम्नलिखित बुँदाहरूका आधारमा स्पष्ट पार्न सकिन्छ :

१. भाषापाठ्यक्रमले शिक्षण उद्देश्यहरूको सूची निर्धारण गरेको हुन्छ भने पाठ्यपुस्तकले उद्देश्य पूरा गर्ने किसिमले पाठ्यसामग्रीहरूको प्रस्तुति गरेको हुन्छ ।

२. भाषापाठ्यक्रमले उद्देश्यअनुसारका शिक्षणीय विषयवस्तुको छनोट गरी उपयुक्त सीफारिस दिन्छ भने भाषापाठ्यपुस्तकले तिनै छनोट र स्तरणयुक्त

सीफारिसमा आधारित विषयवस्तुलाई विद्यार्थीको रुचि आवश्यकताको ख्याल गरेर गम्भीर प्रस्तुति दिन्छ ।

३. भाषापाठ्यक्रमले शिक्षणीय विधि निर्देशित गर्दछ भने निर्देशित विधि अनुकूल पाठ्यांशको व्यवस्था गरिनुलाई पाठ्यपुस्तकले स्वभाविक रूपमा लिन्छ ।

४. भाषापाठ्यक्रमले विषयवस्तुको महत्त्वअनुसार पाठ्य समयभार र मूल्य अङ्कभारको सैद्धान्तिक निर्देशन गरेको हुन्छ भने भाषापाठ्यपुस्तकले समय भार र अङ्कभारको निर्देशनअनुरूप विषयवस्तुको व्यावहारिक प्रस्तुति र सीमा अवलम्बन गर्दछ ।

५. भाषापाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू प्राप्त भए नभएको जाँच्ने आधार पाठ्यपुस्तक नै हो । यसबाहेक शिक्षकको कक्षा प्रस्तुतीकरण, विद्यार्थीको अभ्यास तथा पुनरावृक्ति तथा सीप सिकाइको स्रोत र आधार पनि पाठ्यपुस्तक नै हुन्छ ।

यसरी माथिका बुँदाहरूका आधारमा हेर्दा भाषापाठ्यक्रमले निर्देश गरेका उद्देश्य, विषयवस्तु, शिक्षण विधि तथा सामग्री र शिक्षण क्रियाकलाप अनि भाषिक मूल्याङ्कन अनुरूप नै भाषापाठ्यपुस्तक तयार गरिन्छ । यदि भाषापाठ्यपुस्तकले पाठ्यक्रमका उक्त निर्देशनलाई पछ्याउन सकेन भने भाषा शिक्षण गन्तव्य विहीन यात्रा बन्दछ । त्यसैले भाषापाठ्यपुस्तक भाषापाठ्यक्रमकै निर्धारित दायराभित्र बाँधिएको हुन्छ । यस दृष्टिले भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तक परस्परमा अन्योन्याश्रित रूपमा देखा पर्छन् । यी दुई मध्ये एकको अभावमा अर्काको कार्यन्वयन असम्भव हुन्छ ।

### २.३.२ भाषापाठ्यक्रम र शिक्षक निर्देशिका बीचको अन्तर्सम्बन्ध

विद्यार्थीको भाषिक सीपको चौतर्फी विकासको उद्देश्य राखेर शिक्षण तथा सिकाइलाई मार्गदर्शन, नियन्त्रण र निर्देशन गर्ने गरी निर्मित वृहत् योजना भाषापाठ्यक्रम हो । व्यक्ति, समाज र राष्ट्रका आवश्यकता पूरा गर्ने गरी साधारण र विशिष्ट उद्देश्यहरू सूचीकरण गरिएको, भाषिक र भाषेतर पाठ्यवस्तुहरूको छनौट गरी स्तरीकरण गरिएको, तिनीहरूको क्षेत्र र क्रम, प्रस्तुतिक्रम, विधि र मूल्याङ्कनका उपायहरूको समेत सूचीकृत गरिएको बृहत् योजना भाषापाठ्यक्रम हो भने भाषापाठ्यक्रमका अपेक्षा पूरा गर्न तोकिएका साहित्यिक विधागत तथा साहित्येतर पाठ्यसामग्रीलाई के कसरी प्रभावकारी ढङ्गले विद्यार्थी समक्ष

प्रस्तुत गर्ने भन्ने कुराको व्यावहारिक निर्देशन दिने गरी निर्देशिका निर्माण गरिन्छ । शिक्षक निर्देशिका शिक्षकलाई दैनिक शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुऱ्याउने अभिप्रायले तयार गरिएको शिक्षकको सहयोगी सामग्री हो । यसले विषय शिक्षकलाई आफ्नो विषय योजनाबद्ध र प्रभावकारी ढङ्गले शिक्षण गरी सिकाइका अधिकतम उपलब्धि हासिल गर्न सहयोग गर्दछ । भाषापाठ्यक्रम भाषाशिक्षणको व्यापक र विस्तृत योजना हो भने यसको कार्यन्वयनमा शिक्षकलाई सहयोग पुऱ्याउने सामग्री शिक्षक निर्देशिका हो ।

भाषापाठ्यक्रम मानव जीवनको सम्पूर्ण भाषिक ज्ञान र अनुभवहरूको सार हो भने शिक्षक निर्देशिकाले ती सम्पूर्ण ज्ञान र अनुभवलाई अझ सबल बनाउन मद्दत गर्दछ । त्यस्तै विद्यालयभित्र र बाहिर परिवेशमा भाषा शिक्षणको अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने यावत् प्रयास भाषापाठ्यक्रम हो भने शिक्षक निर्देशिकाले ती यावत् प्रयासहरूलाई सार्थक रूप दिन सघाउ पुऱ्याउँछ तसर्थ भाषापाठ्यक्रम र शिक्षक निर्देशिका बीचको सम्बन्ध एकअर्काका सहयोगी र परिपूरकका रूपमा रहेको पाइन्छ । वर्तमान समयमा भाषापाठ्यक्रमको कार्यन्वयन गर्न र उद्देश्य पूरा गर्नका लागि पनि शिक्षक निर्देशिका एकदमै आवश्यक देखिन्छ ।


यसरी हेर्दा भाषापाठ्यक्रम र शिक्षक निर्देशिका बीचमा सैद्धान्तिक तथा व्यावहारिक सम्बन्ध रहेको कुरा स्पष्ट हुन्छ । भाषापाठ्यक्रम भाषा सम्बद्ध सम्पूर्ण अनुभवहरूको सङ्गालो हो भने शिक्षक निर्देशिका उक्त अनुभवहरूलाई संगठित र व्यवस्थित गर्ने प्रभावकारी साधन हो । भाषापाठ्यक्रमविना शिक्षक निर्देशिका अस्तित्वमा आउन सक्दैन भने शिक्षक निर्देशिकाविना भाषापाठ्यक्रम अपूरो र अधुरो ठहरिन्छ । त्यसैले भाषापाठ्यक्रम र शिक्षक निर्देशिका बीच अन्योन्याश्रित सम्बन्ध रहेको छ भन्न सकिन्छ ।

### २.३.३ भाषापाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तर्सम्बन्ध

भाषापाठ्यपुस्तक भाषा सिकाइ शिक्षणका निम्ति तयार गरिएको महत्त्वपूर्ण सामग्री हो । यो भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) विकास गर्ने अभिप्रायले तयार पारिएको हुन्छ । भाषापाठ्यपुस्तक भाषापाठ्यक्रमका उद्देश्य परिपूर्ति गर्नमा केन्द्रित हुन्छ । उक्त भाषापाठ्यक्रमको अपेक्षाअनुरूप भाषापाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुलाई भाषिक सीप विकासको प्रभावकारी साधनको रूपमा प्रयोग गर्न शिक्षक निर्देशिकाले सीफारिस गर्दछ (पुलामी, २०६८: १९) । भाषापाठ्यपुस्तकमा समाविष्ट उक्त विविध विधागत पाठ्यसामग्रीको

स्वरूप र प्रकृतिअनुरूपका शिक्षण विधिको प्रयोग गरेर विद्यार्थीमा अपेक्षित भाषिक सीपको विकास गराउन निर्देशिकाले शिक्षकलाई सधैँ सजग र सचेत गराउँछ । त्यसैगरी कक्षाकोठामा पाठ्यपुस्कलाई सही रूपमा प्रयोग गर्न, विद्यार्थी केन्द्रित र वस्तुनिष्ठ भाषा शिक्षण गर्न पनि शिक्षक निर्देशिकाले सहयोग गर्दछ । भाषापाठ्यक्रमले तय गरेका उद्देश्य र भाषापाठ्यपुस्तकले राखेको अपेक्षा बमोजिम निर्धारित समयमा निर्धारित भाषिक सीपहरूको उचित विकासका लागि भाषा शिक्षणलाई व्यवस्थित, योजनाबद्ध, रोचक र सिकारुको अवस्था र आवश्यकताअनुरूप बनाउन शिक्षक निर्देशिका अपरिहार्य शैक्षणिक सामग्री हो ।

भाषापाठ्यक्रमका अपेक्षा पूरा गर्नका लागि पाठ्यपुस्तकको प्रभावकारी प्रयोग गर्नका लागि शिक्षक निर्देशिकाले सहयोग पुऱ्याउने हुँदा यी दुवै एक आपसमा अन्तर्सम्बन्धित रहेका छन् । निर्देशिका शिक्षकको सहयोगी, पथप्रदर्शक र स्वप्रशिक्षक पनि भएकाले नवीन प्रविधिको प्रयोग गरी भाषाशिक्षणमा सहयोग पुऱ्याउनुका साथै भाषाशिक्षकलाई पुनर्ताजकी प्रशिक्षण गर्दछ । जसले पाठ्यपुस्तकको कार्यन्यनमा सहयोग पुऱ्याउँछ । पाठ्यपुस्तकमा दिइएका विषयवस्तुका अतिरिक्त सिर्जनात्मक अभ्यास र कार्यकलापको सही रूपमा उपयोग गर्न निर्देशिकाले निर्देशित गर्दछ । निष्कर्षतः भाषापाठ्यक्रम भाषिक सीपहरू विकास गराउने मेरुदण्ड हो भने भाषापाठ्यपुस्तक र शिक्षक निर्देशिका त्यसका अवयव हुन् । निर्देशिकाको भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकसँगको अन्तर्सम्बन्धलाई निम्नानुसार देखाउन सकिन्छ :




(प्रसाई, २०७३ : २३)

भाषापाठ्यक्रमका आधारमा भाषापाठ्यपुस्तक र भाषापाठ्यपुस्तकका आधारमा शिक्षक निर्देशिका निर्माण गरिन्छ । भाषापाठ्यक्रममा विविध विधाहरूको छनोट गरिएको हुन्छ र भाषापाठ्यपुस्तकमा विधागत विविधता भएका भाषिक पाठहरूको छनोट तथा स्तरण गरिएको हुन्छ भने शिक्षक निर्देशिकाले ती छनोट गरिएका विधाहरूमा कसरी, कुन विधि

तथा सामग्री प्रयोग गर्ने, कस्ता भाषिक कार्यकलाप अपनाउने र कुन मूल्याङ्कन साधन प्रयोग गर्ने जस्ता विविध शैक्षणिक पक्षहरूको सुझ बुझ शिक्षकलाई दिने भएकाले यी तिनै एक अर्कासँग अन्तर्सम्बन्धित रहेका छन् ।

## २.४ शिक्षक निर्देशिकाका अङ्गहरू

शिक्षक निर्देशिका मूलतः पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तयार गरिएको शिक्षकको शिक्षण योजनाको खाका हो । एउटा कुशल र दक्ष शिक्षकले पाठ्यक्रमका आधारमा शिक्षण गर्न स्थानीय परिवेश अर्थात् विद्यार्थीको क्षमता, रुचि, आवश्यकता र स्थानीय स्तरमा कक्षाकोठा व्यवस्थापन लगायत कक्षाकोठाको वातावरणका आधारमा आफैँले संक्षिप्त खालको शिक्षक निर्देशिकाको खाका तयार गरेर प्रयोगमा पनि ल्याउन सक्छ तर त्यसो गर्न पर्याप्त ज्ञान, समय र सीप चाहिने र बढी कार्यबोझ भएको अवस्थामा त्यसरी शिक्षक निर्देशिका बनाएर प्रयोग गर्न कठिन हुने भएकाले पाठ्यक्रम पाठ्यपुस्तक विकास गर्ने संस्थाले तयार गरी शिक्षक निर्देशिका उपलब्ध गराउने प्रचलन रहिआएको छ । पाठ्यक्रम विकास केन्द्रबाट तयार पारिएका वर्तमान शिक्षक निर्देशिकाका अङ्गहरू यसप्रकार छन् :

क) २०५१ सालमा तयार पारिएको प्राथमिक तहको नेपाली विषयको शिक्षक निर्देशिकाका अङ्गहरू

पाठ : अनुमानित पिरियडः

१. पाठ परिचय २. क्रियाकलाप ३. मूल्याङ्कन

ख) २०६३ सालमा तयार पारिएका प्राथमिक तहको नेपाली विषयको शिक्षक निर्देशिकाका अङ्गहरू

पाठ : अनुमानित पिरियडः

१. उद्देश्य २. शैक्षिक सामग्री ३. शिक्षण सिकाइ क्रियाकलाप

४. मूल्याङ्कन ५. थप सुझाव

ग) २०६५ सालमा तयार पारिएको निम्नमाध्यमिक तहको नेपाली विषयको शिक्षक निर्देशिकाका अङ्गहरू :

१. उद्देश्य २. शैक्षिक सामग्री ३. शिक्षण सिकाइ क्रियाकलाप

४. मूल्याङ्कन ५. गृहकार्य

समग्रमा आधारभूत तहको नेपाली विषयको शिक्षक निर्देशिकामा देहायका अङ्गहरू समावेश गरेको पाइन्छ :

**क) पाठ्यएकाइ, पाठ्यवस्तु तथा पाठ्यघन्टी**

शिक्षक निर्देशिकामा पाठ्यएकाइलाई शीर्ष स्थानमा राखिएको हुन्छ । यसमा भाषापाठ्यक्रमले निर्देश गरेका तथा भाषापाठ्यपुस्तकले प्रस्तुत गरेका पाठ्यशीर्षकलाई एकाइका रूपमा प्रस्तुत गरिएको हुन्छ । त्यसैगरी खास एकाइअन्तर्गत अध्यापन गराउन सकिने पाठ्यवस्तुलाई पनि यसमा समावेश गरिएको हुन्छ । यसमा मूलतः सस्वरवाचन र शुद्ध उच्चारणबाट पाठ्यवस्तुको थालनी गरी व्याकरणिक पक्षमा गएर टुङ्ग्याइन्छ । यस्ता पाठ्यवस्तु एक वा एकाधिक घन्टीमा समायोजन गरी चयन गरिएको हुन्छ । यसमा खास पाठ्यवस्तु पठनपाठनमा आवश्यक पर्ने अनुमानित पाठ्यघन्टीको पनि उल्लेख गरिएको हुन्छ ।

**ख) विधागत परिचय**

शिक्षक निर्देशिकामा भाषिक सीपको विकास गराउन भाषापाठ्यक्रमले निर्देश गरेका विधाहरूको सामान्य परिचय प्रस्तुत गरिएको हुन्छ । यसअन्तर्गत विधाको परिचय, विधा शिक्षणको सामान्य प्रयोजन, विधा तथा भाषिक सीपको आपसी सम्बन्ध तथा भाषिक सीप विकास गराउन कुनै खास विधाअन्तर्गत गर्न सकिने कार्यकलाप प्रस्तुत गरिएको हुन्छ । यो पाठ्यएकाइ, पाठ्यवस्तु तथा समयावधिको लगत्तै प्रस्तुत गरिने अङ्गका रूपमा रहेको हुन्छ ।

**ग) विशिष्ट उद्देश्य**

कुनै निश्चित पाठ्यवस्तु पठनपाठनको उद्देश्यलाई शिक्षक निर्देशिकामा विशिष्ट उद्देश्यअन्तर्गत राखिन्छ । यसमा सर्वप्रथम पाठको शिक्षणपछि विद्यार्थीमा प्राप्त हुन सक्ने सम्भावनात्मक वाक्य प्रस्तुत गरिन्छ भने त्यस लगत्तै एकाधिक बुँदामा विशिष्ट उद्देश्यलाई क्रमिक रूपमा प्रस्तुत गरिन्छ । यस्ता उद्देश्य निर्माण गर्दा विशिष्टता, मापनीयता, यथार्थता, स्वीकार्यता तथा समय सीमालाई ख्याल गरिएको हुन्छ । सामान्यतया विशिष्ट उद्देश्यको प्रस्तुतिमा असमापिका क्रियापदको प्रयोग गरिएको हुन्छ तथा अन्तिम उद्देश्यपछि पूर्णविराम दिने चलन पाइन्छ ।

## घ) शैक्षिक सामग्री

शिक्षक निर्देशिकामा विशिष्ट उद्देश्यको लगत्तै कक्षाकार्यमा प्रयोग गर्न सकिने सम्भावित शिक्षण सामग्रीको निर्देश गरिएको हुन्छ । प्रत्येक पाठ्यवस्तु शिक्षणका लागि प्रयोग गर्न सकिने सामग्री सङ्केतार्थ यो स्तम्भमा राखिएको हुन्छ । यो स्तम्भ सामग्रीको उल्लेख शिक्षण कार्यकलापमा पनि गरिएको हुन्छ तर सामग्री पहिचान, निर्माण तथा सङ्कलनमा सहज होस् भन्नका लागि यसलाई अलगै राख्नु राम्रो मानिन्छ । यसमा उल्लिखित सामग्रीका आधारमा सिकाइ शिक्षणलाई व्यवस्थित गर्न सकिने मानिन्छ ।

## ङ) शिक्षण क्रियाकलाप

शिक्षण निर्देशिकामा प्रस्तुत स्तम्भ शैक्षिक सामग्रीको लगत्तै राखिन्छ । निर्दिष्ट पाठ्यवस्तु शिक्षण गर्न निर्देश गरिएका शैक्षणिक उद्देश्य पूरा गर्नका लागि शिक्षकले वास्तविक कक्षाकोठा भित्र के कस्ता क्रियाकलाप अपनाउने, कक्षा कार्यको सुरुवात, विस्तार र समापन कसरी गर्ने, कक्षा कार्यकलापको लागि तोकिएको, सङ्कलन गरिएका वा निर्माण गरिएका सामग्रीलाई कुन-कुन समयमा निर्देशन गर्ने जस्ता कुरा यस स्तम्भमा दिएको हुन्छ । यसबाट सिकाइ कार्यकलाप सिकारु केन्द्रित हुने अपेक्षा गरिन्छ ।

## च) मूल्याङ्कन

मूल्याङ्कन प्रक्रियाको निर्देशन पनि शिक्षक निर्देशिकाको प्रमुख अङ्ग हो । यो शिक्षण क्रियाकलापको ठिक मुनि समावेश गरिएको हुन्छ । यसमा कक्षा कार्यकलापको अन्त्यमा शिक्षण के कति प्रभावकारी भयो, उद्देश्य प्राप्यताको स्थिति के कस्तो छ सोको जानकारी लिनका लागि प्रश्नहरू निर्देश गरिएको हुन्छ । शिक्षण प्रक्रियाको सङ्क्षिप्त पुनरावृत्ति गर्न पनि यसले मद्दत गर्दछ ।

## छ) गृहकार्य

गृहकार्य स्तम्भ मूल्याङ्कन स्तम्भको लगत्तै प्रस्तुत गरिन्छ । यो शिक्षक निर्देशिकाको अनिवार्य अङ्ग होइन तर सबै पाठ्यपुस्तकको अभ्यास कक्षा कार्यकलापको दौरानमा गराउन सकिँदैन । यस्तो स्थिति समयको सीमितता, विषयको गहनता तथा कक्षाकोठाको आकार प्रकारले प्रायः देखिन सक्छ । यस सन्दर्भमा कक्षाकोठा भित्रको शैक्षणिक गतिविधिमा समेट्न नसकिएका विषयलाई गृहकार्यका रूपमा के कसरी समेट्न सकिन्छ ? कस्तो विषयक्षेत्र

गृहकार्यको लागि प्रभावकारी हुन्छ ? गृहकार्य कसरी दिन सकिन्छ ? जस्ता पक्षलाई ख्याल गरी गृहकार्यका रूपमा दिनुपर्ने विषयको निर्देशन यसअन्तर्गत गरिएको हुन्छ ।

## २.५ शिक्षक निर्देशिकाको उपयोगिता

भाषापाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्नका लागि प्रभावकारी शिक्षण सिकाइ कार्यकलाप गर्नु आवश्यक छ । त्यसैले प्रभावकारी शिक्षण सिकाइ कार्यकलाप गर्नका लागि उचित किसिमले विषयवस्तुको छनोट, विषयवस्तुसँग सम्बन्धित विद्यार्थीको इच्छा, चाहाना अनुसारका शिक्षण सामग्री र सम्बन्धित विषयवस्तुसँग मेल खाने विद्यार्थीमैत्री वातावरणमा सुहाउने शिक्षण विधिको प्रयोग गर्नु आवश्यक छ । त्यसैले विषयवस्तु छनोट, शिक्षण सामग्री छनोट र शिक्षण विधिको छनोट गरी प्रभावकारी शिक्षण गर्नका लागि शिक्षकलाई शिक्षक निर्देशिकामा उचित निर्देशन दिएको पाइन्छ । त्यसैले यी विविध पक्षका बारेमा शिक्षकलाई ज्ञान गराउनका लागि शिक्षक निर्देशिकाको उपयोग गरिन्छ । जसलाई निम्नलिखित बुँदाका आधारमा पनि प्रस्ट पार्न सकिन्छ (अधिकारी, २०७३ : ८३) :

- पाठ्यवस्तु निर्धारण गर्नु
- समयावधि सुनिश्चित गर्नु
- विधागत परिचय स्पष्ट पार्नु
- सिकाइ उपलब्धि छनोट गर्न
- शिक्षण सामग्री निर्धारण गर्न
- सिकाइ कार्यकलाप पहिचान गर्न
- उपलब्धि मूल्याङ्कन निर्धारण गर्न
- विद्यार्थीलाई गृहकार्य दिन
- उद्देश्य चयन गर्न
- पाठयोजना तयार गर्न
- शिक्षण कार्यलाई प्रभावकारी बनाउन आदि ।

## २.६ शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

भाषा शिक्षणका क्रममा विविध किसिमका सामग्री प्रयोग गरिन्छन् । यस्ता सामग्रीहरूमध्ये कतिपय सामग्री शिक्षकका निम्ति तयार गरिएका हुन्छन् भने कतिपय सामग्री विद्यार्थीका निम्ति तयार गरिएका हुन्छन् । त्यसो त कतिपय सामग्री शिक्षक र विद्यार्थी दुवैका लागि प्रयोग उपयोगमा आउने गरी तयार पारिएका हुन्छन् । यस्ता सामग्रीमध्ये शिक्षक निर्देशिका शिक्षकलाई कक्षा शिक्षण प्रक्रियामा सहजीकरण गर्न तयार पारिएको प्रमुख सामग्रीका रूपमा रहेको हुन्छ । शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोगले शिक्षण प्रक्रियालाई सहजीकरण गर्न सहयोग पुग्दछ । पाठ्यक्रमको कार्यान्वयन स्तर वृद्धि गर्न सहयोग पुग्दछ । यसका माध्यमबाट विषयवस्तुको मर्म बोध गरी सोहीअनुसार अभिव्यक्त गर्न, भाषिक सम्प्रेषण सामर्थ्यलाई गतिशील बनाउन तथा कक्षा कार्यकलापलाई योजनाबद्ध ढङ्गले सञ्चालन गर्न सहज हुन्छ । शिक्षक निर्देशिका प्रयोग गर्दा निम्नलिखित पक्षहरूमा ध्यान दिनुपर्दछ ।

- भाषापाठ्यक्रमका सिकाइ उपलब्धिबारे स्पष्ट हुने
- शिक्षकले शिक्षक निर्देशिकाको कक्षा शिक्षणमा पूर्ण रूपले प्रयोग गर्ने
- विषयगत शिक्षक निर्देशिकाका तत्त्वहरू अधिगत गर्ने
- विषय शिक्षणका लागि प्राप्त समयावधि र पाठ्यवस्तु निर्धारण गर्ने
- निर्देशिकामा निर्धारित पाठ्यवस्तु र आफूले निर्धारण गरेको पाठ्यवस्तुबीच सम्बन्ध स्थापित गर्ने
- निर्देशिकाको ढाँचाअनुसार शिक्षकले अध्यापन योजना बनाउने
- अध्यापन सिकाइ उपलब्धिलाई ध्यान दिने
- कक्षाको प्रकृति र आकारअनुसार कार्यकलाप निर्धारण गर्ने तथा निर्धारण गरिएका कार्यकलापबीच सम्बन्ध कायम गर्ने
- शिक्षक निर्देशिका विद्यार्थीको सङ्ख्या, स्तर, समय, अनुभव तथा उपलब्ध स्रोत सामग्रीअनुसार थप क्रियाकलाप तथा अभ्यास गराउने

- शिक्षक निर्देशिकामा दिएको समय अनमानित मात्रै हुन्छ । विद्यालयको वातावरण, विद्यार्थी सङ्ख्या, शिक्षकको अनुभव, सिकाइको अवस्था आदि कुराहरूलाई ध्यानमा राखी थपघट गर्ने
- शिक्षक निर्देशिकामा उल्लिखित क्रियाकलाप नमुनाका रूपमा न्यूनतम मात्रै भएकाले सबै शिक्षकले यी क्रियाकलाप गराउन जरुरी हुन्छ । परिवेशअनुसार थप क्रियाकलाप पनि गराउने ।

## २.७ शिक्षक निर्देशिकाको आवश्यकता

भाषा शिक्षणका क्रममा विविध किसिमका सामग्री प्रयोग गरिन्छन् । यस्ता सामग्री मध्ये कतिपय सामग्री शिक्षकका निम्ति निर्माण गरिएका हुन्छन् भने कतिपय सामग्री विद्यार्थीका निमित्त तयार गरिएका हुन्छन् । त्यसो त कतिपय सामग्रीहरू शिक्षक तथा विद्यार्थी दुवैले प्रयोगमा ल्याउन सक्छन् । यस्ता सामग्रीहरू मध्ये शिक्षक निर्देशिका शिक्षकलाई कक्षा शिक्षण प्रक्रियामा सहजीकरण गर्न तयार पारिएको प्रमुख सामग्रीका रूपमा रहेको हुन्छ ।

शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोगले शिक्षण प्रक्रियालाई सहजीकरण गर्न मद्दत पुग्दछ । पाठ्यक्रमको कार्यान्वयन स्तर वृद्धि गर्न मद्दत पुग्दछ । कक्षा सिकाइ उपलब्धिको स्तर वृद्धि गर्न सघाउ पुग्दछ । यसका माध्यमबाट विषयवस्तुको मर्मबोध गरी सोहीअनुसार अभिव्यक्त गर्न, भाषिक सम्प्रेषण सामर्थ्यलाई गतिशील बनाउन तथा कक्षा कार्यकलापलाई योजनाबद्ध ढङ्गले सञ्चालन गर्न सहज हुन्छ । शिक्षक निर्देशिकाका आवश्यकता तथा महत्त्वलाई निम्नानुसार प्रस्तुत गरिएको छ (धामी, २०७४ : ४३) :

१. शिक्षक निर्देशिकाले पाठ्यविधाहरूको परिचय, प्रयोजन, महत्त्व तथा विधाको प्रकृति ठम्याउन मद्दत गर्दछ ।

२. यसले शैक्षिक योजना तयार गर्न मद्दत गर्दछ ।

३. यसले पाठ्यएकाइ अन्तर्गतका पाठ्यवस्तु पहिचान गर्न मद्दत गर्दछ ।

४. यसले खास पाठ्यवस्तु अध्यापन गर्न आवश्यक समय निर्धारणको आधार उपलब्ध गराउँछ ।

५. यसले शिक्षण कार्यका उद्देश्यहरू पहिचान तथा निर्धारण गर्न मद्दत गर्दछ ।

६. यसले शिक्षण सामग्री पहिचान, निर्धारण, निर्माण तथा सङ्कलन गर्न मद्दत गर्दछ ।

७. यसबाट शिक्षण कार्यकलाप निर्धारण र सञ्चालन गर्न सहयोग पुग्छ ।

८. यसले निर्माणात्मक मूल्याङ्कन गर्ने तरिका तथा प्रकृति पहिचान गरी सोहीअनुसार मूल्याङ्कन गर्न मद्दत गर्छ ।

९. यसले विद्यालय बाहिर गर्नुपर्ने अतिरिक्त कार्य निर्देशन गर्न मद्दत गर्दछ ।

१०. यसले शिक्षक प्रशिक्षण कार्य गर्न सहयोग गर्छ ।

११. यसले पाठ्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्छ ।

१२. यसले भाषापाठ्यपुस्तकमा प्रयुक्त विषयगत जटिलताको समाधान गर्न सहयोग गर्छ ।

१३. यसले कक्षा कार्यलाई प्रभावोत्पादक, रचनात्मक, सृजनात्मक, प्रयोगात्मक, सिकारुकेन्द्रित, समावेशी, समवेत, समतामूलक बनाउन सहयोग गर्छ ।

१४. यसले भाषापाठ्यपुस्तक तथा भाषापाठ्यक्रमबीचको सम्बन्ध पहिचान गर्न मद्दत गर्छ ।

१५. यसले भाषा कक्षाहरूको सिकाइ प्रक्रिया तथा उपलब्धिलाई एकरूपीकरण गर्न मद्दत गर्छ ।

१६. यसले कक्षा शिक्षण कार्यका लागि प्रभावकारी हुने विधि चयन गर्न मद्दत गर्छ आदि ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

अध्ययन कार्यलाई निश्चित नियमको आधारमा गर्न सके मात्र त्यसको निष्कर्षलाई सामान्यीकरण गर्न सकिन्छ । सर्वेक्षण अवलोकन विधिमा आधारित यस अध्ययनमा निम्न बमोजिमका अनुसन्धानका विधिको प्रयोग गरिएको छ :

## ३.१ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययन छलफल र विश्लेषणमा आधारित भई मूलतः काभ्रे र नुवाकोट जिल्लाका आधारभूत तह कक्षा सातका सामुदायिक र संस्थागत विद्यालयहरूमा शिक्षक निर्देशिकाको प्रयोग के कस्तो भएको छ ? भनी अध्ययन गर्दा सामग्री सङ्कलनका क्रममा प्राथमिक स्रोतका रूपमा उक्त विद्यालयका शिक्षक नमुनाका रूपमा छनोट गरी प्रश्नावली, अन्तर्वार्ता र अवलोकन फाराममार्फत माध्यमबाट सूचना सङ्कलन गरिएको छ । द्वितीय तथ्याङ्क सङ्कलन गर्दा प्रकाशित तथा अप्रकाशित स्रोतबाट तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिने हुँदा प्रस्तुत शोधकार्यको ढाँचा गुणात्मक विश्लेषणमा आधारित रहेको छ ।

## ३.२ जनसङ्ख्या

प्रस्तुत शोधकार्यमा काभ्रे र नुवाकोट जिल्लाका आधारभूत विद्यालयहरूलाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ । काभ्रे र नुवाकोट जिल्लाका सामुदायिक विद्यालय र संस्थागत विद्यालयका प्रधानाध्यापक तथा नेपाली विषयका शिक्षकहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनोट

अनुसन्धानमा सम्पूर्ण जनसङ्ख्या महत्त्वपूर्ण हुने भए तापनि समयको परिधि, भौगोलिक कठिनाइ, आर्थिक समस्या जस्ता कारणले गर्दा यस शोधमा काभ्रे र नुवाकोट जिल्लाका १० वटा सामुदायिक विद्यालयका १० जना र १० वटा संस्थागत विद्यालयका १० जना प्रधानाध्यापक तथा नेपाली भाषा विषयका शिक्षकलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

## ३.४ नमुना छनोट पद्धति

प्रस्तुत शोधकार्य निश्चित उद्देश्यका साथ गरिने हुँदा प्रस्तुत शोधकार्यमा प्रयोजनमूलक नमुना छनोट पद्धति र सुविधामा आधारित नमुना छनोट पद्धतिलाई आधार मानेर अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरू

तथ्याङ्क सङ्कलनका साधनहरू निम्नानुसार रहेका छन् :

### ३.५.१ प्रश्नावलीको पूर्वपरीक्षण

प्रस्तुत शोधपत्र तयार पार्दा तथ्याङ्क सङ्कलनका क्रममा प्रश्नावलीमार्फत अन्तर्वार्ता लिनका लागि १५ वटा ठिकबेठिक र १५ वटा अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न निर्माण गरिएको छ । जसलाई विश्वसनीय, वैध र स्तरीय बनाउनका लागि प्रश्नावलीमा भएका कमीकमजोरीको पहिचान गरी सुधार गर्न श्री चन्द्रज्योति माध्यमिक विद्यालय, पिपलटार, नुवाकोटमा पूर्वपरीक्षण गरिएको छ । जसमा केही प्रश्नमा प्रयोग गरिएको भाषा जटिल र अस्पष्ट भएकाले त्यसमा परिमार्जन गरी प्रश्नावलीलाई अन्तिम रूप दिइएको छ ।

### ३.५.२ प्रश्नावली

प्रस्तुत शोधकार्यका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्न प्रधानाध्यापक प्रश्नावली तथा शिक्षक प्रश्नावली परिशिष्ट (२) बमोजिम प्रश्नावली फाराम तयार गरी उक्त प्रश्नावलीमा समाविष्ट १५ वटा ठिकबेठिक र १५ वटा अति छोटो उत्तर दिने प्रश्नहरू शिक्षक तथा प्रधानाध्यापकलाई सोधिएको छ । उनीहरूबाट उपलब्ध गराइएका तथ्यहरूको छलफल गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.३ अन्तर्वार्ता

प्रश्नावली लिएर स्वयम् अध्ययनकर्ता अध्ययन क्षेत्रमा पुगी प्रत्यक्ष रूपमा उत्तरदातासँग आमनेसामने बसी प्रश्नोत्तरको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.४ कक्षा अवलोकन

प्रस्तुत शोधकार्यका लागि आवश्यक पर्ने प्राथमिक स्रोतका तथ्यहरूलाई सङ्कलन गर्दा शिक्षकले पाठ प्रारम्भ कसरी गर्दछन्, शैक्षिक सामग्रीको प्रयोग गर्दछन् वा गर्दैनन्, कुन कुन विधिको प्रयोग गर्दछन्, मूल्याङ्कन कसरी गर्दछन् भनी परिशिष्ट (२) बमोजिम कक्षा अवलोकन फाराम निर्माण गरिएको छ । जसलाई निम्न, मध्यम, उत्तम, अति उत्तम र कैफियतका माध्यमबाट देखाइएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलनका स्रोत

प्रस्तुत शोधकार्यका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्न परिशिष्ट (२) बमोजिमका प्रश्नावली र कक्षा अवलोकन फाराम तयार पारिएको छ । उक्त प्रश्नावली र फाराम लगेर स्वयम् शोधकर्ता अध्ययन क्षेत्रमा पुगी प्रत्यक्ष रूपमा उत्तरदातासँग बसी प्रश्नोत्तरका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनको द्वितीयक स्रोतको खोजी गरी आवश्यक ठाउँमा अध्ययनकर्ता स्वयम् उपस्थित भई द्वितीयक सामग्री सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनका दुईवटा स्रोतलाई निम्नानुसार उल्लेख गरिएको छ :

### ३.६.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोतको सामग्री सङ्कलनका लागि अवलोकन, अन्तर्वार्ता, प्रश्नावली साधनको प्रयोग गरिएको छ ।

### ३.६.२ द्वितीयक स्रोत

शिक्षक निर्देशिकाका सम्बन्धमा आवश्यक सैद्धान्तिक पक्षको जानकारीका लागि पुस्तकालयीय अध्ययन विधि र स्वाध्ययन विधिको प्रयोग गरिएको छ । यसअन्तर्गत पत्रपत्रिकामा छापिएका लेखहरू, प्रकाशित लेखरचना, शोधपत्रको सहयोग लिइएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

शब्दगत तथ्यलाई आधार बनाई गरिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ । गुणात्मक अनुसन्धानका क्रममा अनुसन्धानकर्ताले वस्तु, प्रक्रिया, समस्या तथा घटनाहरूलाई यथास्थितिमा अथवा तिनीहरूको प्राकृतिक अवस्थामा नै अध्ययन गर्दछ । तसर्थ गुणात्मक अनुसन्धानलाई प्राकृतिक खोज पनि भनिएको पाइन्छ । प्रस्तुत शोध गुणात्मक प्रकृतिको अनुसन्धान भएको हुनाले नमुना जनसङ्ख्याबाट सङ्कलन गरिएका तथ्य तथा सामग्रीलाई वर्णनात्मक विधि, स्तम्भ चित्र, वृत्त चित्र र औसत मानको प्रयोग गरी विश्लेषण गरिएको छ । त्यस क्रममा प्राप्त तथ्याङ्कको गणना, वर्गीकरण तथा तालिकीकरण गरी व्याख्यात्मक विश्लेषण गरिएको छ ।

# अध्याय चार

## नेपाली शिक्षक निर्देशिका प्रयोगको अवस्था

### ४.१ परिचय

प्रस्तुत शोधपत्र 'कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा आधारित भएर तयार पारिएको हो । शोधपत्र लेखनका क्रममा तथ्याङ्क सङ्कलन र विश्लेषण कार्य प्रश्नावली मार्फत अन्तर्वार्ता र प्रत्यक्ष कक्षा अवलोकनबाट गरिएको छ । यस क्रममा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक तथा कक्षा सातमा अध्यापन गर्ने १०-१० गरी २० जना नेपाली शिक्षकहरूसँग प्रश्नावली मार्फत अन्तर्वार्ता र प्रत्यक्ष कक्षा अवलोकन गरिएको छ ।

### ४.२ प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषण

तथ्याङ्क सङ्कलन अनुसन्धान प्रक्रियाको सबैभन्दा महत्त्वपूर्ण र आधारभूत कार्य हो । तथ्याङ्कको सङ्कलनविना अध्ययनीय तथा विश्लेष्य सामग्री प्राप्त नहुने भएकाले यो अनुसन्धान कार्यको सर्वाधिक महत्त्वपूर्ण कार्य हो । प्रस्तुत अध्ययनका क्रममा 'कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा रहेर शोध गर्दा नेपाली शिक्षक निर्देशिकाको प्रयोग कक्षा सातमा कसरी भएको छ ? के सबै विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध छ ? र शिक्षक निर्देशिकाको सही प्रयोग गरिएको छ ? आदि जस्ता विविध प्रश्नहरूको उत्तर खोज्दै गर्दा नमुनाको रूपमा नुवाकोट जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालय तथा काभ्रे जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालय गरी जम्मा २० वटा विद्यालयलाई छनोट गरिएको छ । 'कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा केन्द्रित रहेर अध्ययन गर्ने क्रममा तथ्याङ्क सङ्कलका लागि प्रश्नावली, अन्तर्वार्ता र अवलोकन साधनको प्रयोग गरिएको छ । सामग्री सङ्कलन गर्ने क्रममा अध्ययनीय क्षेत्रमा गई प्रधानाध्यापक तथा कक्षा सातमा नेपाली विषय अध्यापन गराउने शिक्षकहरूसँग प्रत्यक्ष रूपमा प्रश्नावली, अन्तर्वार्ता र कक्षा अवलोकन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ । सङ्कलित कच्चा सामग्री आफैँमा अर्थपूर्ण नहुने भएकाले प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी अर्थपूर्ण निष्कर्षमा पुऱ्याउनका लागि तथ्याङ्कको तालिकीकण गरी सङ्ख्यात्मक र व्याख्यात्मक ढङ्गले विश्लेषण गरिएको छ । यहाँ

प्रधानाध्यापक प्रश्नावली, शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई फरक फरक शीर्षकमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र लेखनका क्रममा आवश्यक तथ्याङ्कको सङ्कलन नुवाकोट र काभ्रे दुईवटा फरक फरक जिल्लामा गरिएकाले प्राप्त तथ्याङ्कको जिल्लागत रूपमा विश्लेषण गरिएको छ ।

### ४.२.१ नुवाकोट जिल्लाबाट प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण

'कक्षा सातमा नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा शोधपत्र तयार गर्ने क्रममा नुवाकोट जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा प्रधानाध्यापक प्रश्नावली, शिक्षक प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार विश्लेषण गरिन्छ :

#### ४.२.१.१ प्रधानाध्यापक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको विश्लेषण

'कक्षा सातमा नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा शोधपत्र तयार गर्ने क्रममा नुवाकोट जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका दशजना प्रधानाध्यापकलाई प्रश्नावली फाराम भर्न लगाइएको र प्राप्त तथ्याङ्कलाई कच्चा सामग्रीको रूपमा सङ्कलन गरी साङ्ख्यिकीय विश्लेषण गरिएको छ । प्रत्येक प्रश्नमा प्राप्त तथ्याङ्कलाई छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरी त्यसैका आधारमा विश्लेषण गरिएको छ ।

प्र.नं. १ तपाईंको विद्यालयमा निर्देशिका उपलब्ध छ कि छैन ? छैन भने उपलब्ध नहुनुमा कुन निकाय जिम्मेवार रहन्छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १

विद्यालयमा निर्देशिकाको उपलब्धता

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| १० | छ | छैन | छ | छैन |
| | ८०% | २०% | ६०% | ४०% |


प्रस्तुत तालिकाअनुसार विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध छ ? छैन भने उपलब्ध नहुनुमा कुन निकाय जिम्मेवार रहन्छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयअनुसार फरक फरक प्रतिक्रिया पाइएको छ । जसमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ८० (४ जना) प्रतिशत को 'छ' भन्ने प्रतिक्रिया पाइयो भने २० (१ जना) प्रतिशतको 'छैन' भन्ने प्रतिक्रिया पाइयो र उपलब्ध नहुनुमा सरकारी निकाय जिम्मेवार रहेको प्रतिक्रिया पाइयो ।

संस्थागत विद्यलायका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ६० (३ जना) प्रतिशतको प्रतिक्रिया 'छ' भन्ने र ४० (२ जना) प्रतिशतको प्रतिक्रिया 'छैन' भन्ने प्रतिक्रिया पाइयो र उपलब्ध नहुनुमा सरकारी निकाय मुख्य जिम्मेवार रहेको प्रतिक्रिया पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी जम्मा १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध रहेको र बाँकी ३ वटा विद्यालयमा निर्देशिका नै उपलब्ध नभएको अवस्था भेटियो । वास्तवमा निर्देशिका जस्तो महत्त्वपूर्ण सामग्रीको निर्माण हुनु तर यसको प्रयोगकर्तासम्म पहुँच नपुग्नुले निर्देशिका प्रयोगमा समस्या देखिएको छ । निर्देशिका उपलब्ध भएका विद्यालयहरूमा पनि अधिकांश रूपमा इन्टरनेट इमेलबाट डाउनलोड गरेर प्रयोग गरेको पाइयो । निर्देशिकाको सुलभता नहुनु शिक्षणमा निर्देशिका प्रयोग नहुनुको मुख्य समस्या हो । यो समस्या समाधान गर्नका लागि पाठ्यक्रम विकास केन्द्रले समयमै निर्देशिका निर्माण गरी सबै विद्यालयको पहुँचमा पुग्ने व्यवस्था मिलाउन आवश्यक छ । माथिको प्रश्नावलीबाट प्राप्त भएको तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

### स्तम्भ चित्र नं. १

### विद्यालयमा निर्देशिकाको उपलब्धता




विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता छ भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा उपलब्धताको स्थिति राम्रो देखियो ।

प्र.नं. २ दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न सम्भव छ ? छैन भने कारण उल्लेख गर्नुहोस् । भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्राधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### तालिका नं. २

### दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| १० | सम्भव छ | सम्भव छैन | सम्भव छ | सम्भव छैन |
| | ६०% | ४०% | ६०% | ४०% |


प्रस्तुत तालिकाअनुसार दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न सम्भव छ ? भन्ने प्रश्नमा मिश्रित प्रतिक्रिया प्राप्त भएको छ । सामुदायिक विद्यालयका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ६० (३ जना) प्रतिशतको 'सम्भव छ' भन्ने प्रतिक्रिया पाइयो भने ४० (२ जना) प्रतिशतको 'सम्भव छैन' भन्ने प्रतिक्रिया पाइयो र सम्भव नहुनुको कारणका रूपमा समयको अभाव रहेको पाइयो ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ६० (३ जना) प्रतिशतको 'सम्भव छ' भन्ने प्रतिक्रिया पाइयो भने ४० (२ जना) प्रतिशतको 'सम्भव छैन' भन्ने प्रतिक्रिया पाइयो र सम्भव नहुनुको कारणका रूपमा विद्यार्थीको रुचि र चाहनालाई ध्यान दिएर शिक्षण गर्नुपर्ने भएकाले भन्ने प्रतिक्रिया पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ६ वटा विद्यालयका प्रधानाध्यापकले निर्देशिकाअनुसार शिक्षण गर्न 'सम्भव छ' भन्ने प्रतिक्रिया दिए भने ४ वटा विद्यालयका प्रधानाध्यापकले निर्देशिकाअनुसार शिक्षण गर्न 'सम्भव छैन' भन्ने प्रतिक्रिया दिए र सम्भव नहुनमा समयको अभाव र विद्यार्थीको रुचि र चाहनाअनुसार शिक्षण गर्नुपर्ने कुरालाई कारणका रूपमा उल्लेख गरेका छन् । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. २**

**दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण**



दैनिक रूपमा शिक्षक निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न सम्भव छ ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत र सामुदायिक विद्यालयमा बराबर प्रतिक्रिया दिइएको पाइयो ।

प्र.नं. ३ विद्यालयमा शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् ? भन्ने कुराको ख्याल कसरी गर्नुहुन्छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

**निर्देशिकाअनुसार शिक्षण गरे नगरेको ख्याल**

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| १० | कक्षा अवलोकन गरेर | दैनिक पाठयोजना हेरेर | कक्षा अवलोकन गरेर | दैनिक पाठयोजना हेरेर |
| | ६०% | ४०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार विद्यालयका शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् ? भन्ने कुराको ख्याल कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयअनुसार फरक फरक प्रतिक्रिया पाइएको छ । जसमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ६० (३ जना) प्रतिशतको 'कक्षा अवलोकन गरेर' भन्ने प्रतिक्रिया पाइयो भने ४० (२ जना) प्रतिशतको 'दैनिक पाठयोजना हेरेर' भन्ने प्रतिक्रिया पाइयो ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ८० (४ जना) प्रतिशतको 'कक्षा अवलोकन गरेर' भन्ने प्रतिक्रिया पाइयो भने २० (१ जना) प्रतिशतको 'दैनिक पाठयोजना हेरेर' भन्ने प्रतिक्रिया पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयका प्रधानाध्यापकले विद्यालयमा शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् ? भन्ने कुराको ख्याल कक्षा अवलोकनबाट गर्ने गरेको प्रतिक्रिया दिए भने ३ वटा विद्यालयका प्रधानाध्यापकले दैनिक पाठयोजना हेरेर गर्ने गरेको प्रतिक्रिया दिए । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ३**

**निर्देशिकाअनुसार शिक्षण गरे नगरेको ख्याल**




विद्यालयमा शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् ? भन्ने कुराको ख्याल कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नमा सामुदायिका विद्यालयका ६० प्रतिशत (३ जना) प्रधानाध्यापकको 'कक्षा अवलोकन' बाट गर्ने गरेको प्रतिक्रिया पाइयो भने ४० (२ जना) प्रतिशत प्रधानाध्यापकको 'दैनिक पाठयोजना हेरेर' गर्ने गरेको प्रतिक्रिया पाइयो । संस्थागत विद्यालयमा ८० (४ जना) प्रतिशत प्रधानाध्यापकको 'कक्षा अवलोकन' बाट गर्ने गरेको प्रतिक्रिया पाइयो भने २० (१ जना) प्रतिशत प्रधानाध्यापकको 'दैनिक पाठयोजना हेरेर' गर्ने गरेको प्रतिक्रिया पाइयो ।

प्र.नं. ४ निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री विद्यालयमा कति उपलब्ध रहेका छन् ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त

कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ४**

**निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्रीको उपलब्धता**

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| १० | आवश्यकता अनुसार | केही मात्रामा | आवश्यकता अनुसार | केही मात्रामा |
| | ६०% | ४०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री विद्यालयमा कति उपलब्ध रहेका छन् ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयअनुसार फरक फरक प्रतिक्रिया पाइएको छ । जसमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ६० (३ जना) प्रतिशत प्रधानाध्यापकले 'आवश्यकताअनुसार' उपलब्ध रहेको प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ४० (२ जना) प्रतिशतले 'केही मात्रामा' उपलब्ध रहेको प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ८० (४ जना) प्रतिशत प्रधानाध्यापकले 'आवश्यकताअनुसार' उपलब्ध रहेको प्रतिक्रिया व्यक्त गरेको पाइयो भने २० (१ जना) प्रतिशतले 'केही मात्रामा' उपलब्ध रहेको प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयका प्रधानाध्यापकले निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री विद्यालयमा 'आवश्यकताअनुसार' उपलब्ध रहेको प्रतिक्रिया दिए भने ३ वटा विद्यालयका प्रधानाध्यापकले 'केही मात्रामा' उपलब्ध रहेको प्रतिक्रिया दिए । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ४**

**निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्रीको उपलब्धता**




निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री विद्यालयमा कति उपलब्ध रहेका छन् ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयमा सामग्रीको उपलब्धता राम्रो पाइयो ।

प्र.नं. ५ निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम कति कति समयावधिमा सञ्चालन हुँदै आएका छन् ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ५

निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालन

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|---|
| | शैक्षिक सत्रको सुरुमा | कहिलेकाहीँ | छैन | शैक्षिक सत्रको सुरुमा | कहिलेकाहीँ | छैन |
| १० | ०% | ६०% | ४०% | २०% | ४०% | ४०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम कति कति समयावधिमा सञ्चालन हुँदै आएका छन् ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये ६० (३ जना) प्रतिशतले 'कहिलेकाहीँ' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो त्यस्तै ४० (२ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिए भने शैक्षिक सत्रको सुरुमा कसैले प्रतिक्रिया जनाएनन् ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा २० (१ जना) प्रतिशतले 'शैक्षिक सत्रको सुरुमा' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यस्तै ४० (२ जना) प्रतिशतले 'कहिलेकाहीँ' र ४० (२ जना) प्रतिशतले नै 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा १ जना प्रधानाध्यापकले निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम 'शैक्षिक सत्रको सुरुमा' सञ्चालन हुने गरेको प्रतिक्रिया दिएको पाइयो । त्यस्तै ५ जना प्रधानाध्यापकले 'कहिलेकाहीँ' हुने गरेको प्रतिक्रिया दिएको पाइयो भने ४ जना प्रधानाध्यापकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ५

निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालन




निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम कति कति समयावधिमा सञ्चालन हुँदै आएका छन् ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक र संस्थागत दुवै विद्यालयमा तालिम कार्यक्रमको सञ्चालन कम मात्रामा भएको देखिन्छ।

प्र.नं. ६ विद्यालयमा निर्देशिका प्रयोग गर्न शिक्षकहरूलाई कस्तो हौसला प्रदान गर्नुहुन्छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ६

## निर्देशिका प्रयोग गर्न शिक्षकहरूलाई हौसला प्रदान

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पृष्ठपोषण दिएर | शिक्षण प्रभावकारी हुन्छ भनेर | सकारात्मक प्रेरणा प्रदान गरेर | तलव समायोजन गरेर | पृष्ठपोषण दिएर | शिक्षण प्रभावकारी हुन्छ भनेर | सकारात्मक प्रेरणा प्रदान गरेर | तलव समायोजन गरेर |
| १० | ४०% | २०% | ४०% | ०% | २०% | ४०% | २०% | २०% |


प्रस्तुत तालिकाअनुसार विद्यालयमा निर्देशिका प्रयोग गर्न शिक्षकलाई कस्तो हौसला प्रदान गर्नुहुन्छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट फरक फरक प्रतिक्रिया पाइएको छ । जसमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये ४० (२ जना) प्रतिशतले 'पृष्ठपोषण दिएर', २० (१ जना) प्रतिशतले 'शिक्षण प्रभावकारी हुन्छ भनेर' र ४० (२ जना) प्रतिशतले 'सकारात्मक प्रेरणा प्रदान गरेर' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने 'तलब समायोजन गरेरमा' कसैले प्रतिक्रिया व्यक्त गरेको पाइएन ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापकमध्ये २० (१ जना) प्रतिशतले 'पृष्ठपोषण प्रदान गरेर' ४० (२ जना) प्रतिशतले 'शिक्षण प्रभावकारी हुन्छ भनेर' त्यस्तै २० (१ जना) प्रतिशतले 'सकारात्मक प्रेरणा प्रदान गरेर' तथा २० (१ जना) प्रतिशतले 'तलब समायोजन गरेर' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ३ वटा विद्यालयका प्रधानाध्यापकले पृष्ठपोषण प्रदान गरेर, ३ वटा विद्यालयका प्रधानाध्यापकले शिक्षण प्रभावकारी हुन्छ भनेर, त्यस्तै ३ वटा विद्यालयका प्रधानाध्यापकले सकारात्मक प्रेरणा प्रदान गरेर तथा एउटा विद्यालयका प्रधानाध्यापकले तलब समायोजन गरेर शिक्षकलाई निर्देशिका प्रयोग गर्न हौसला प्रदान गर्ने गरेको प्रतिक्रिया व्यक्त गरेको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

### स्तम्भ चित्र नं. ६

### निर्देशिका प्रयोग गर्न  शिक्षकहरूलाई हौसला प्रदान




विद्यालयमा निर्देशिका प्रयोग गर्न शिक्षकहरूलाई कस्तो हौसला प्रदान गर्नुहुन्छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउदा पृष्ठपोषण प्रदान गरेर, शिक्षण प्रभावकारी हुन्छ भनेर तथा सकारात्मक प्रेरणा प्रदान गरेर जस्ता कुरामा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट मिश्रित प्रतिक्रिया पाइए पनि तलब समायोजन गरेर भन्ने कुरामा एउटा संस्थागत विद्यालयका प्रधानाध्यापकले प्रतिक्रिया जनाए पनि सामुदायिक विद्यालयका प्रधानाध्यापकले प्रतिक्रिया जनाएको पाइएन ।

प्रश्न नं. ७ विद्यालयमा शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे सम्बन्धित निकायबाट कुन कुन समयमा अनुगमन हुँदै आएको छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ७

शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे अनुगमन

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | कहिलेकाहीँ | भएको छैन | कहिलेकाहीँ | भएको छैन |
| १० | २०% | ८०% | ४०% | ६०% |


प्रस्तुत तालिकाअनुसार विद्यालयमा शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे सम्बन्धित निकायबाट कुन कुन समयमा अनुगमन हुँदै आएको छ ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये २० (१ जना) प्रतिशतले 'कहिलेकाहीँ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ८० (४ जना) प्रतिशतले 'भएको छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापक मध्ये ४० (२ जना) प्रतिशतले 'कहिलेकाहीँ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'भएको छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ३ वटा विद्यालयका प्रधानाध्यापकले 'कहिलेकाहीँ' हुने गरेको प्रतिक्रिया दिएको पाइयो भने ७ वटा विद्यालयका प्रधानाध्यापकले 'भएको छैन' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ७**

**शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे अनुगमन**




विद्यालयमा शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे सम्बन्धित निकायबाट कुन कुन समयमा अनुगमन हुँदै आएको छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा अनुगमनको स्थिति राम्रो रहेको पाइयो ।

प्रश्न नं. ८ तपाईंको विचारमा विद्यालयमा शिक्षक निर्देशिकाको प्रभावकारी कार्यन्वयनमा कसको मुख्य भूमिका रहन्छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ८

निर्देशिकाको प्रभावकारी कार्यान्वयनमा मुख्य भूमिका

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | विषय शिक्षक | प्रधानाध्यापक | विषय शिक्षक | प्रधानाध्यापक |
| १० | ८०% | २०% | ६०% | ४०% |


प्रस्तुत तालिकाअनुसार विद्यालयमा शिक्षक निर्देशिकाको प्रभावकारी कार्यन्वयनमा कसको मुख्य भूमिका रहन्छ ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये ८० (४ जना) प्रतिशतले 'विषय शिक्षकको' मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने २० (१ जना) प्रतिशतले 'प्रधानाध्यापकको' मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापक मध्ये ६० (३ जना) प्रतिशतले 'विषय शिक्षकको' मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ४० (२ जना) प्रतिशतले 'प्रधानाध्यापकको' मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयका प्रधानाध्यापकले विषय शिक्षकको मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ३ वटा विद्यालयका प्रधानाध्यापकले प्रधानाध्यापक कै मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ८

निर्देशिकाको प्रभावकारी कार्यान्वयनमा भूमिका




विद्यालयमा शिक्षक निर्देशिकाको प्रभावकारी कार्यावन्यनमा कसको मुख्य भूमिका रहन्छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये ८० (४ जना) प्रतिशतले विषय शिक्षकको मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने २० (१ जना) प्रतिशतले प्रधानाध्यापकको मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । संस्थागत  विद्यालयका प्रधानाध्यापक मध्ये ६० (३ जना) प्रतिशतले विषय शिक्षकको मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ४० (२ जना) प्रतिशतले प्रधानाध्यापकको मुख्य भूमिका 'रहन्छ' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

### ४.२.१.२ शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषण

'कक्षा सातमा नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा शोधपत्र तयार गर्ने क्रममा नुवाकोट जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका गरी १० जना नेपाली भाषा शिक्षकहरूसँग अन्तर्वार्ता लिइएको र प्राप्त प्रतिक्रियालाई अध्ययनको कच्चा सामग्रीको रूपमा सङ्कलन गरी साङ्ख्यिकीय विश्लेषण गरिएको छ । प्रत्येक प्रश्नमा प्राप्त

प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरी त्यसैका आधारमा विश्लेषण गरिएको छ ।

प्रश्न नं. १ विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध छ ? भन्ने प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने शिक्षकले दिएको प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ९**

**विद्यालयमा नेपाली शिक्षक निर्देशिकाको उपलब्धता**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ८०% | २०% | ६०% | ४०% |

प्रस्तुत तालिकाअनुसार विद्यालयमा नेपाली शिक्षक निर्देशिका उपलब्ध छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ५ जना नेपाली शिक्षकलाई सोधिएको प्रश्नमा ८० ( ४ जना) प्रतिशतले 'छ' भन्ने र २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।


संस्थागत विद्यालयका कक्षा सातमा अध्यापन गर्ने ५ जना नेपाली शिक्षकलाई सोधिएको प्रश्नमा ६० (३ जना) प्रतिशतले 'छ' भन्ने र ४० (२ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध रहेको पाइयो भने ३ वटा विद्यालयमा निर्देशिका नै उपलब्ध नभएको पाइयो । तुलनात्मक रूपमा हेर्दा संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा नेपाली शिक्षक निर्देशिकाको राम्रो उपलब्धता रहेको पाइयो । वास्तवमा निर्देशिका जस्तो महत्त्वपूर्ण सामग्रीको निर्माण हुनु तर यसको सबै विद्यालयमा सहज पहुँच र प्रयोग नहुनु मुख्य समस्याको रूपमा अगाडि आएको छ । त्यसैले यो समस्या समाधानका लागि पाठ्यक्रम विकास केन्द्रले समयमै निर्देशिका निर्माण गरी सबै विद्यालयको पहुँचमा

पुग्ने व्यवस्था मिलाउँनुका साथै समय समयमा आवश्यक अनुगमन तथा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाइन्छ :

**स्तम्भ चित्र नं. ९**

**विद्यालयमा नेपाली शिक्षक निर्देशिकाको उपलब्धता**




विद्यालयमा नेपाली शिक्षक निर्देशिकाको उपलब्धता छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा निर्देशिका उपलब्धताको स्थिति राम्रो देखियो । जसमा ८० (४ जना) प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले नेपाली निर्देशिका उपलब्ध 'छ' भन्ने प्रतिक्रिया दिए भने २० (१ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिए । संस्थागत विद्यालयअन्तर्गत ६० (३ जना) प्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिए भने ४० (२ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिए ।

प्रश्न नं. २ 'के तपाईंले कक्षा सातको नेपाली शिक्षक निर्देशिकाअनुसार शिक्षण गर्नुभएको छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने शिक्षकले दिएको प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

## तालिका नं. १०

## निर्देशिकाको निर्देशनअनुसार शिक्षण

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ८०% | २०% | ६०% | ४०% |


प्रस्तुत तालिकाअनुसार शिक्षक निर्देशिकाको निर्देशनअनुसार शिक्षण गर्नुभएको छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ५ जना शिक्षकलाई सोधिएको प्रश्नमा ८० (४ जना) प्रतिशतले 'छ' भन्ने र २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका कक्षा सातमा अध्यापन गर्ने ५ जना शिक्षणलाई सोधिएको प्रश्नमा ६० (३ जना) प्रतिशतले 'छ' भन्ने र ४० (२ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयका शिक्षकले निर्देशिकाअनुसार शिक्षण गर्ने गरेको प्रतिक्रिया दिए भने ३ वटा विद्यालयका शिक्षकले निर्देशिकाअनुसार शिक्षण नगरेको प्रतिक्रिया दिए । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाइन्छ :

## स्तम्भ चित्र नं. १०

## निर्देशिकाको निर्देशनअनुसार शिक्षण



शिक्षक निर्देशिकाको निर्देशनअनुसार शिक्षण गर्नुभएको  छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा राम्रो नतिजा देखियो । जसमा ८० (४ जना) प्रतिशत समुदायिक विद्यालयका शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिए भने २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिए । संस्थागत विद्यालय अन्तर्गत ६० (३ जना) प्रतिशतले 'छ' भन्ने प्रतिक्रिया दिए भने ४० (२ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिए ।

प्रश्न नं. ३ कक्षा सातको नेपाली शिक्षक निर्देशिका पाठ्यपुस्तकअनुरूप तयार भएको छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने शिक्षकले दिएको प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### तालिका नं. ११

### नेपाली पाठ्यपुस्तकअनुरूप निर्देशिका निर्माण

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | १००% | ०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार कक्षा सातको नेपाली शिक्षक निर्देशिका पाठ्यपुस्तकअनुरूप निर्माण भएको छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शतप्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका कक्षा सातमा अध्यापन गर्ने ५ जना शिक्षकलाई सोधिएको प्रश्नमा ८० (४ जना) प्रतिशतले 'छ' भन्ने र २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ९ वटा विद्यालयका शिक्षकले कक्षा सातको नेपाली शिक्षक निर्देशिका पाठ्यपुस्तकअनुरूप निर्माण भएको  'छ' भन्ने प्रतिक्रिया दिए भने एउटा विद्यालयका शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिए । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाइन्छ :

स्तम्भ चित्र नं. ११

नेपाली पाठ्यपुस्तकअनुरूप निर्देशिका निर्माण




कक्षा सातको नेपाली शिक्षक निर्देशिका पाठ्यपुस्तकअनुरुप निर्माण भएको छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा राम्रो नतिजा देखियो । जसमा शतप्रतिशत सामुदायिक विद्यालयका शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने संस्थागत विद्यालय अन्तर्गत ८० (४ जना) प्रतिशत शिक्षकले 'छ' र २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ४ : भाषापाठ्यक्रमअनुसार के शिक्षक निर्देशिका तयार पारिएको छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. १२

भाषापाठ्यक्रमअनुसार निर्देशिका निर्माण

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | १००% | ०% | १००% | ०% |


प्रस्तुत तालिकाअनुसार भाषापाठ्यक्रमअनुसार के शिक्षक निर्देशिका तयार पारिएको छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ५ जना शिक्षकलाई सोधिएको प्रश्नमा शतप्रतिशतले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका ५ जना शिक्षकलाई सोधिएको प्रश्नमा शतप्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा शतप्रतिशत शिक्षकले भाषापाठ्यक्रमअनुसार शिक्षक निर्देशिका तयार पारिएको प्रतिक्रिया दिएको पाइयो । भाषापाठ्यक्रमका उद्देश्य पूरा गर्न आधिकारिक र आधार सामग्रीका रूपमा भाषापाठ्यपुस्तक तयार गरिने र यिनको कार्यन्वनमा सहयोग पुऱ्याउने हेतुले तिनकै आधारमा निर्देशिका निर्माण गरिने भएकाले कक्षा सातको नेपाली शिक्षक निर्देशिका भाषापाठ्यक्रम अनुरूपकै रहेको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

## स्तम्भ चित्र नं. १२

## भाषापाठ्यक्रमअनुसार निर्देशिका निर्माण




भाषापाठ्यक्रमअनुसार के शिक्षक निर्देशिका तयार पारिएको छ ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउदा सामुदायिक र संस्थागत विद्यालयका शतप्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने 'छैन' भन्नेमा कुनै पनि प्रतिक्रिया पाइएन ।

प्रश्न नं. ५ निर्देशिकामा राखिएका कार्यकलाप सबै उद्देश्यअनुरूप छन् त ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउँन सकिन्छ :

## तालिका नं. १३

## उद्देश्यअनुरूप क्रियाकलाप

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छन् | छैनन् | छन् | छैनन् |
| १० | ८०% | २०% | ४०% | ६०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकामा राखिएका कार्यकलाप सबै उद्देश्यअनुरूप छन् ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ५ जना नेपाली शिक्षक मध्ये ८० (४ जना) प्रतिशतले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयअन्तर्गत ५ जना नेपाली शिक्षकमध्ये ४० (२ जना) प्रतिशतले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा निर्देशिकामा राखिएका कार्यकलाप सबै उद्देश्य अनुरूप छन् त ? भन्ने प्रश्नमा ६ वटा विद्यालयका नेपाली शिक्षकले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४ वटा विद्यालयका नेपाली शिक्षकले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. १३**

**उद्देश्यअनुरूप क्रियाकलाप**




निर्देशिकामा राखिएका कार्यकलाप सबै उद्देश्यअनुरूप छन् त ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत

विद्यालयको भन्दा सामुदायिक विद्यालयको तथ्याङ्क राम्रो रहेको पाइयो । जसमा ८० (४ जना) प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले उद्देश्यअनुरूप क्रियाकलाप रहेको प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले उद्देश्यअनुरूप नरहेको प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालय अन्तर्गत ४० (२ जना) प्रतिशतले उद्देश्यअनुरूप रहेको प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले उद्देश्यअनुरूप नरहेको प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ६ यदि तपाईं शिक्षक निर्देशिका प्रयोग गरी शिक्षण गर्नुहुन्छ भने निर्देशिकाले तोकेअनुसारका शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका साधनहरूको प्रयोग गर्नुहुन्छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छः

तालिका नं. १४

**शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनको प्रयोग**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | गर्छु | गर्दिन | गर्छु | गर्दिन |
| १० | ८०% | २०% | ६०% | ४०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकामा दिएको निर्देशनअनुसार शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका साधनको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ५ जना नेपाली शिक्षकमध्ये ८० (४ जना) प्रतिशतले 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालय अन्तर्गत ५ जना नेपाली शिक्षकमध्ये ६० (३ जना) प्रतिशतले 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी ७ वटा विद्यालयका नेपाली शिक्षकले निर्देशिका प्रयोग गर्दा निर्देशिकामा दिएको निर्देशनअनुसार शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका साधनहरूको प्रयोग 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ३ वटा विद्यालयका नेपाली शिक्षकले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. १४**

**शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनको प्रयोग**




निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका साधनहरूको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालयको तथ्याङ्क राम्रो देखियो । जसमा ८० (४ जना) प्रतिशत सामुदायिक विद्यालयका नेपाली शिक्षकले निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनको प्रयोग 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालय अन्तर्गत ६० (३ जना) प्रतिशत शिक्षकले 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ७ पाठ्यक्रम पाठ्यपुस्तले राखेको अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. १५**

**पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा पूरा गर्न निर्देशिकाको सहयोग**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | १००% | ०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार पाठ्यक्रम पाठ्यपुस्तकले राखेका अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शतप्रतिशत शिक्षकले सहयोग गरेको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयअन्तर्गत ८० (४ जना) प्रतिशत शिक्षकले सहयोग गरेको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले सहयोग गरेको 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ९ वटा विद्यालयका नेपाली शिक्षकले पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने एउटा विद्यालयका नेपाली शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

### स्तम्भ चित्र नं. १५

### पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा पूरा गर्नमा निर्देशिकाको सहयोग




पाठ्यक्रम र पाठ्यपुस्तकले राखेको अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालयको तथ्याङ्क राम्रो देखियो । जसमा सामुदायिक विद्यालयका शतप्रतिशत शिक्षकले पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा पूरा गर्नमा निर्देशिकाले सहयोग गरेको प्रतिक्रिया दिएको पाइयो भने संस्थागत विद्यालय अन्तर्गत ८० (४ जना) प्रतिशत शिक्षकले सहयोग गरेको 'छ' भन्ने प्रतिक्रिया दिए भने २० (१ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ८ निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

## तालिका नं. १६

## पाठ्यघण्टीहरूको समान वितरण

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ६०% | ४०% | २०% | ८०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शिक्षकमध्ये ६० (३ जना) प्रतिशतले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका ५ जना शिक्षकमध्ये २० (१ जना) प्रतिशतले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ८० (५ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ४ वटा विद्यालयका शिक्षकले निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६ वटा विद्यालयका शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. १६

पाठ्यघण्टीहरूको समान वितरण




निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा ६० (३ जना) प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले पाठ्यघण्टीहरूको समान वितरण 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत २० (१ जना) प्रतिशत शिक्षकले समान वितरण 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ८० (४ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ९ निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको पाउनुहुन्छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. १७

**निर्देशिकाअनुसार विद्यार्थीमा रुचि पैदा**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | पाउँछु | पाउँदिनँ | पाउँछु | पाउँदिनँ |
| १० | ८०% | २०% | ४०% | ६०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको पाउनुहुन्छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका नेपाली शिक्षकमध्ये ८० ( ५ जना) प्रतिशतले 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका ५ जना नेपाली शिक्षकमध्ये ४० (२ जना) प्रतिशतले 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ६ वटा विद्यालयका नेपाली शिक्षकले निर्देशिकाअनुसार विद्यार्थीमा रुचि पैदा भएको 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४ वटा विद्यालयका नेपाली शिक्षकले 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. १७

निर्देशिकाअनुसार विद्यार्थीमा रुचि पैदा




निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको पाउनुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा ८० (४ जना) प्रतिशत सामुदायिक विद्यालयका नेपाली शिक्षकले निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयका ५ जना नेपाली शिक्षकमध्ये ४० (२ जना) प्रतिशतले 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १० निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका सान्दर्भिक लाग्छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

## तालिका नं. १८

## शिक्षण र मूल्याङ्कनको सान्दर्भिकता

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सान्दर्भिक लाग्छ | सान्दर्भिक लाग्दैन | सान्दर्भिक लाग्छ | सान्दर्भिक लाग्दैन |
| १० | ८०% | २०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका सान्दर्भिक लाग्छ ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शिक्षकमध्ये ८० (४ जना) प्रतिशतले 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशत शिक्षकले 'सान्दर्भिक लाग्दैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालय अन्तर्गत पनि ८० (४ जना) प्रतिशत नेपाली शिक्षकले 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशत नेपाली शिक्षकले 'सान्दर्भिक लाग्दैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ८ वटा विद्यालयका नेपाली शिक्षकले निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २ वटा विद्यालयका नेपाली शिक्षकले 'सान्दर्भिक लाग्दैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. १८

शिक्षण र मूल्याङ्कनको सान्दर्भिकता




नेपाली शिक्षक निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका सान्दर्भिक लाग्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक र संस्थागत विद्यालयका नेपाली शिक्षकको प्रतिक्रिया बराबर पाइयो । जसमा समान ८० (४ जना) प्रतिशत सामुदायिक र संस्थागत विद्यालयका शिक्षकले 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने समान २० (१ जना) प्रतिशतले 'सान्दर्भिक लाग्दैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ११ नेपाली निर्देशिका प्रयोगसम्बन्धी के तालिम दिन आवश्यक छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. १९

निर्देशिका प्रयोगको लागि तालिमको आवश्यकता

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ८०% | २०% | १००% | ०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिका प्रयोगसम्बन्धी तालिम दिन आवश्यक छ ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शिक्षकमध्ये ८० (४ जना) प्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयअन्तर्गत शतप्रतिशत नेपाली शिक्षकले निर्देशिका प्रयोगका लागि तालिम दिन आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने 'छैन' भन्नेमा कसैले पनि प्रतिक्रिया दिएको पाइएन ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ९ वटा विद्यालयका नेपाली शिक्षकले निर्देशिका प्रयोगसम्बन्धी तालिम दिन आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने एउटा विद्यालयका शिक्षकले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. १९

निर्देशिका प्रयोगका लागि तालिमको आवश्यकता




निर्देशिका प्रयोगसम्बन्धी तालिम दिन आवश्यक छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक विद्यालका ८० (४ जना) प्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशत शिक्षकले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालय अन्तर्गत शतप्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १२ निर्देशिका प्रयोग गर्न के तालिम प्राप्त शिक्षक हुनु आवश्यक छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

### तालिका नं. २०

### निर्देशिका प्रयोगमा तालिम प्राप्त शिक्षकको आवश्यकता

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | १००% | ०% | १००% | ०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिका प्रयोग गर्न के तालिम प्राप्त शिक्षक हुनु आवश्यक छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक विद्यालयका शतप्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयअन्तर्गत पनि शतप्रतिशत नेपाली शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा १० वटै विद्यालयका नेपाली शिक्षकले निर्देशिका प्रयोगमा तालिम प्राप्त शिक्षकको आवश्यकता 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने 'छैन' भनेर कुनै शिक्षकले प्रतिक्रिया दिएको पाइएन । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

### स्तम्भ चित्र नं. २०

### निर्देशिका प्रयोगका लागि तालिम प्राप्त शिक्षकको आवश्यकता



निर्देशिका प्रयोग गर्न के तालिम प्राप्त शिक्षक हुनु आवश्यक छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक र संस्थागत विद्यालयका शतप्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने आवश्यक 'छैन' भन्नेमा कुनै पनि शिक्षकले प्रतिक्रिया जनाएको पाइएन ।

प्रश्न नं. १३ निर्देशिकाको प्रयोगविना पनि के शिक्षण प्रभावकारी हुन सक्छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. २१**

**निर्देशिकाको प्रयोगविना शिक्षणको प्रभावकारिता**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | हुन्छ | हुँदैन | हुन्छ | हुँदैन |
| १० | ४०% | ६०% | २०% | ८०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकाको प्रयोगविना पनि के शिक्षण प्रभावकारी हुन्छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शिक्षकमध्ये ४० (२ जना) प्रतिशत शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयअन्तर्गत २० (१ जना) प्रतिशत शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ८० (४ जना) प्रतिशत शिक्षकले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ३ वटा विद्यालयका शिक्षकले निर्देशिकाको प्रयोगविना पनि शिक्षण प्रभावकारी 'हुन्छ' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ७ वटा विद्यालयका शिक्षकले निर्देशिकाको प्रयोगविना शिक्षण प्रभावकारी 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

### स्तम्भ चित्र नं. २१

### निर्देशिकाको प्रयोगविना शिक्षणको प्रभावकारिता




निर्देशिकाको प्रयोगविना पनि के शिक्षण प्रभावकारी हुन सक्छ ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा ४० (२ जना) प्रतिशत सामुदायिक विद्यालयका नेपाली शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत २० (१ जना) प्रतिशत शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ८० (४ जना) प्रतिशतले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १४ निर्देशिकाले निर्देश गरेका सामग्री विद्यालयमा उपलब्ध छन् ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. २२

निर्देशिकाअनुसार सामग्रीको उपलब्धता

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छन् | छैनन् | छन् | छैनन् |
| १० | ४०% | ६०% | ४०% | ६०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकाले निर्देश गरे बमोजिमका सामग्री विद्यालयमा उपलब्ध रहेका छन् ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शिक्षकमध्ये ४० (२ जना) प्रतिशत नेपाली शिक्षकले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयतर्फ पनि ४० (२ जना) प्रतिशत नेपाली शिक्षकले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ४ वटा विद्यालयका शिक्षकले निर्देशिकाअनुसार सामग्रीको उपलब्धता रहेको 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६ वटा विद्यालयका शिक्षकले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. २२

निर्देशिकाअनुसार सामग्रीको उपलब्धता




निर्देशिकाले निर्देश गरेअनुसारका सामग्री विद्यालयमा उपलब्ध रहेका छन् ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा ४० (२ जना) प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले उपलब्ध 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशत शिक्षकले उपलब्ध 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत पनि ४० (२ जना) प्रतिशत शिक्षकले उपलब्ध 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशत शिक्षकले उपलब्ध 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १५ निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिइएको छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :


### तालिका नं. २३
### स्थानीय सामग्रीको प्रयोग

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ६०% | ४०% | ८०% | २०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिइएको छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ६० (३ जना) प्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत ८० (४ जना) प्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयका शिक्षकले निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिएको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ३ वटा विद्यालयका शिक्षकले दिएको 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

### स्तम्भ चित्र नं. २३
### स्थानीय सामग्रीको प्रयोग



निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिइएको छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा ६० (३ जना) प्रतिशत सामुदायिक विद्यालयका नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत ८० (४ जना) प्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

### ४.२.१.३ कक्षा अवलोकनबाट प्राप्त तथ्यको व्याख्या विश्लेषण

कक्षामा विद्यार्थी र शिक्षकबीच शिक्षण सिकाइका सन्दर्भमा भएका सम्पूर्ण क्रियाकलापहरूको लेखाजोखा गरिने कार्यलाई कक्षा अवलोकन भनिन्छ । अवलोकन प्राथमिक स्रोत सामग्री सङ्कलनको निकै महत्त्वपूर्ण साधन हो । 'कक्षा सातमा नेपाली शिक्षणका सन्दर्भमा निर्देशिकाको प्रयोग' शीर्षकमा रही अध्ययन गर्ने क्रममा शिक्षक निर्देशिकाको प्रयोग कक्षाकोठामा गरिने  कार्यकलापमा कसरी प्रयोग गरिएको छ भन्ने कुराको खोजी गर्दा नुवाकोट जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा सातमा अध्यापन गर्ने दश जना नेपाली शिक्षकको प्रत्यक्ष रूपमा कक्षा अवलोकन गरिएको छ ।

अवलोकनका लागि तयार गरिएको कक्षा अवलोकन फारमको प्रयोग गरी कक्षा शिक्षणको आरम्भदेखि अन्त्यसम्मका सम्पूर्ण गतिविधिको अवलोकन गरिएको छ । यस क्रममा पाठ विभाजन, कक्षा प्रवेश तथा पाठ आरम्भ, शैक्षिक सामग्री प्रयोगको स्थिति, पाठ प्रस्तुतीकरणको स्थिति, कक्षा कार्यकलाप र विद्यार्थी सहभागिता, शिक्षण विधिको प्रयोग र उपयुक्तता, मूल्याङ्कन र कक्षा समापन जस्ता पक्षमा केन्द्रित भएर निर्देशिकाअनुरूप शिक्षण गरिए नगरिएको बारे सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलित तथ्यलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा विश्लेषण गरिएको छ ।

#### क) निर्देशिकाअनुसार पाठ विभाजन

भाषापाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुको शिक्षण गर्दा कुन विषयवस्तुलाई कति समय दिने वा कति घण्टी दिने भन्ने कुरा शिक्षक निर्देशिकामा उल्लेख गरिएको हुन्छ । कतिपय शिक्षकले निर्देशिकाले दिएको निर्देशनलाई आधार मानेका हुन्छन्, कतिपयले आफ्नै ढङ्गबाट पाठ विभाजन गरेका हुन्छन् भने कतिपयले पाठ विभाजनप्रति वेवस्ता गर्दै शिक्षण

गरेको पाइन्छ । त्यसैले यस सम्बन्धी कक्षा अवलोकनबाट प्राप्त तथ्याङक्लाई निम्नानुसार तालिका र वृत्तचित्रमा देखाउन सकिन्छ :

### तालिका नं. २४

### निर्देशिकाअनुसार पाठ विभाजन


| क.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निर्देशिकाअनुसार घण्टी विभाजन | ०% | ३०% | ५०% | २०% | - |
| २ | आफ्नै किसिमले घण्टी विभाजन | ०% | ४०% | ४०% | २०% | - |
| ३ | घण्टी विभाजनप्रति वेवास्ता | ०% | ३०% | ६०% | १०% | - |
| | औसत मान ( $\overline{X}=\frac{\Sigma X}{N}$ ) | ०% | ३३.३३% | ५०% | १६.६७% | |

भाषापाठ्यक्रमलाई भाषा शिक्षणका निश्चित उद्देश्यसम्म पुग्नका लागि तयार पारिएको एउटा व्यापक, व्यवस्थित र योजनाबद्ध गोरेटोका रूपमा लिइन्छ । यो सीपमूलक प्रयोग र अभ्यासमा आधारित हुन्छ । भाषाशिक्षणका क्रममा भाषापाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु कसरी प्रस्तुत गर्ने भन्ने सन्दर्भमा शिक्षक निर्देशिकाले सहयोग गर्दछ । 'कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' भन्ने शीर्षकमा रहेर शोधगर्दा नुवाकोट जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयमा कक्षा सातका नेपाली विषय शिक्षकका कक्षा अवलोकन गरियो । जसक्रममा निर्देशिकाअनुसार पाठ विभाजन गरिएको छ कि छैन भनेर अध्ययन गर्दा निर्देशिकाअनुसार घण्टी विभाजन गर्नेमा ३० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । त्यसैगरी आफ्नै किसिमले घण्टी विभाजन गर्नेमा ४० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । त्यस्तै घण्टी विभाजनप्रति वेवास्ता गर्नेमा ३० प्रतिशत उत्तम, ६० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । यसमा धेरैजसो शिक्षकले घण्टी विभाजनप्रति वेवास्ता गर्दै आफ्नै किसिमले शिक्षण गरेको तथ्याङ्क पाइयो । यसरी माथिको तालिकामा प्रस्तुत तथ्याङ्कलाई दृष्टिगत गर्दा आफ्नै किसिमले

घण्टी विभाजन गरी शिक्षण गर्नेको सङ्ख्या अरूको तुलनामा उत्तम रहेको तथ्याङ्क प्राप्त भएको छ । उक्त तथ्याङ्कलाई निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. १**

**निर्देशिकाअनुसार पाठविभाजन**




निर्देशिकाअनुसार पाठविभाजन भन्ने शीर्षकमा रहेर तथ्याङ्कको विश्लेषण गर्दा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा दिइएको त्यही प्रतिशतबाट औसत मान निकाली समग्रमा निर्देशिकाअनुसार पाठविभाजन भन्ने शीर्षकमा के कस्तो तथ्याङ्क छ भनेर हेर्दा ३३.३३ प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र १६.६७ प्रतिशत निम्न रहेको तथ्याङ्क प्राप्त भएको छ ।

**ख) निर्देशिकाअनुसार विषय प्रवेश र पाठ प्रारम्भ**

कक्षा अवलोकनका क्रममा विषय प्रवेश र पाठ प्रारम्भलाई एउटा विशिष्ट शीर्षकका रूपमा राखेर अघिल्लो पाठको पुनरावृत्ति, विद्यार्थीको रुचि, कक्षा व्यवस्थापन, विद्यार्थी सहभागिता जस्ता पक्षलाई आधार बनाएर अध्ययन गरिएको छ । हरेक व्यक्तिमा वैयक्तिक भिन्नताअनुसार फरक फरक विशेषता भएअनुसार अवलोकन गरिएका कक्षामा प्रत्येक विषय शिक्षकको विषय प्रवेश र शिक्षण आरम्भ गर्ने शैली फरक फरक देखियो । यसरी अवलोकनबाट प्राप्त तथ्याङ्कको प्रतिशत निकाली निम्नानुसार तालिका र वृत्तचित्रमा देखाउन सकिन्छ :

तालिका नं. २५

निर्देशिकाअनुसार पाठ प्रारम्भ


| क्र.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पूर्वपाठमा आधारित | १०% | ६०% | २०% | १०% | |
| २ | पाठप्रति रुचि | ०% | ५०% | ४०% | १०% | |
| ३. | विद्यार्थी सहभागिता | ०% | ३०% | ५०% | २०% | |
| ४. | कक्षा व्यवस्थापन | ०% | ३०% | ४०% | ३०% | |
| | औसत मान ( $\overline{X}=\frac{\Sigma X}{N}$ ) | २.५% | ४२.५% | ३७.५% | १७.५% | |

कक्षा कार्यकलापको प्रारम्भ सबै शिक्षकको एकै किसिमको नभई शिक्षकअनुसार फरक फरक हुन्छ । कक्षा प्रारम्भ गर्ने क्रममा केही शिक्षकले अघिल्लो दिनको गृहकार्य जाँच गरेर, केही शिक्षकले कथा सुनाएर, केही शिक्षकले पाठको कवितांश सुनाएर पाठसँग सन्दर्भित गराउँदै विषय प्रवेश गरेको देखियो । केही शिक्षकले अघिल्लो पाठको पुनरावृत्ति गर्दै हिजो पढिसकेका विषयवस्तुबारे विद्यार्थीलाई प्रश्न गर्दै पाठ प्रारम्भ गरेको पाइयो । कक्षा अवलोकन फारममा निर्धारित पक्षका आधारमा हेर्दा कक्षा प्रारम्भमा पूर्वपाठमा आधारित भएर विषय प्रवेश गर्नेमा १० प्रतिशत अति उत्तम, ६० प्रतिशत उत्तम, २० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । यसरी शिक्षकले औसत रूपमा अघिल्लो पाठसँग सम्बन्धित छलफल तथा पुन : स्मरण गराएरै कक्षा अगाडि बढाएको पाइन्छ । यस क्रममा विद्यार्थीलाई पाठप्रति रूचि जगाउन पाठको प्रकृति र सन्दर्भअनुसार कवितांश, प्रेरक भनाई, उखान टुक्का आदिको प्रयोग गर्दै कक्षा आरम्भ गरेको पाइयो । जसमा विद्यार्थीको पाठप्रति रुचि ५० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । त्यसैगरी विद्यार्थी सहभागिता ३० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । कक्षा व्यवस्थापनका सन्दर्भमा भने दैनिक शिक्षणका क्रममा व्यवस्थापन नगरी पूर्ववत भौतिक व्यवस्थापनको आधारमा कक्षा क्रियाकलाप सञ्चालन गरेको देखियो । कक्षा व्यवस्थापन खासै त्यति राम्रोसँग सबै पक्षलाई मिलाएर

गरेको पाइएन । जसमा ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र ३० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । उक्त तथ्याङ्कलाई औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

वृत्तचित्र नं. २

निर्देशिकाअनुसार पाठप्रारम्भ




विषय प्रवेश र पाठ प्रारम्भ भन्ने शीर्षकमा रहेर तथ्याङ्कको विश्लेषण गर्दा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा दिइएको त्यही प्रतिशतबाट औसत मान निकाली समग्रमा निर्देशिकाअनुसार पाठ प्रारम्भको स्थिति के कस्तो छ भनेर हेर्दा २.५ प्रतिशत अति उत्तम, ४२.५ प्रतिशत उत्तम, ३७.५ प्रतिशत मध्यम र १७.५ प्रतिशत निम्न रहेको तथ्याङ्क प्राप्त भएको छ । यसरी अवलोकित कक्षामा प्रवेश रुचिपूर्ण, उत्साहपूर्ण, पूर्वपाठमा आधारित र विद्यार्थी सहभागितामूलक भए पनि व्यवस्थापन पक्षमा भने केही शिक्षक कमजोर देखिएका छन् ।

### ग) निर्देशिकाअनुसार शैक्षिक सामग्रीको प्रयोग

भाषाका विभिन्न सीप र पक्षका विविध पाठ्यवस्तुहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा उपयोग गर्ने जुनसुकै सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । भाषा शिक्षणमा सीपपक्ष वा पाठ्यवस्तुहरूको उपलब्धिपूर्ण शिक्षण साध्य वस्तु हो भने

त्यस्तो शिक्षणको परिपूर्तिका लागि उपयोगी हुने साधनहरू शिक्षण सामग्री हुन् । शिक्षणलाई उद्देश्यपूर्ण, रोचक, उत्प्रेरक, आकर्षक र चिरस्थायी बनाउन शिक्षण सामग्रीको ठूलो भूमिका हुन्छ । शिक्षणका क्रममा श्रव्य, दृश्य, श्रव्यदृश्य र स्पर्श सामग्रीको प्रयोग विषयको प्रकृति र कक्षाको आवश्यकताअनुसार गर्न सकिन्छ । यस्ता सामग्री कतिपय त स्थानीय स्तरमा नै निर्माण तथा प्रयोग गर्न सकिने खालका हुन्छन् भने कतिपय चाहिँ बजारबाट खरिद गर्नुपर्ने नै खालका हुन्छन् तसर्थ शिक्षणका क्रममा प्रयोग हुने केही सामग्री सर्वसुलभ र प्राप्त हुन्छन् भने केही सामग्री महङ्गा र अप्राप्त हुन्छन् । शिक्षण सामग्रीको व्यवस्था र कक्षामा तिनको प्रयोग गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमता, स्तर, सङ्ख्या, अनुभवको सेरोफेरो, भाषिक र सांस्कृतिक पृष्ठभूमि, स्थानीय वातावरण, पाठगत सान्दर्भिकता, विषयवस्तु र पाठ्यवस्तुको प्रकृति जस्ता विविध कुराहरूमा विशेष ख्याल गर्नुपर्छ । अध्ययनका क्रममा अवलोकन गरिएका कक्षामा देखिएको शिक्षण सामग्री प्रयोगको अवस्था तलको तालिकाबाट बुझ्न सकिन्छ :

**तालिका नं. २६**


**निर्देशिकाअनुसार शैक्षिक सामग्रीको प्रयोग**

| क.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्पष्ट देखिने र बुझिने | ०% | ३०% | ४०% | ३०% | - |
| २ | भित्तेपाटीको प्रयोग | १०% | २०% | ५०% | २०% | |
| ३. | शब्दपत्ती र वाक्यपत्तीको प्रयोग | ०% | ३०% | ४०% | ३०% | - |
| ४. | पाठसँग सम्बन्धित तालिका र नमुना प्रयोग | १०% | २०% | ४०% | ३०% | - |
| ५. | स्थानीय सामग्रीको प्रयोग | - | २०% | २०% | ६०% | - |
| ६. | उद्देश्य प्राप्तिमा सहयोग | १०% | ३०% | ४०% | २०% | - |
| | औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | ५% | २५% | ३८.३३% | ३१.६७% | |

प्रस्तुत तालिकाअनुसार शैक्षिक सामग्रीको प्रयोग स्थितिलाई हेर्दा स्पष्ट देखिने र बुझिने सामग्री ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र ३० प्रतिशत निम्न रहेको पाइयो । यसका आधारमा हेर्दा धेरै शिक्षकका सामग्री मध्यम र निम्न श्रेणीमा परेको

देखिन्छ । भित्तेपाटीको प्रयोगलाई हेर्दा १० प्रतिशत अति उत्तम, २० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । यसरी माथिको तथ्याङ्कलाई हेर्दा अधिकांश विद्यालयमा नेपाली विषयका शिक्षकले मध्यम तरिकाले भित्तेपाटीको प्रयोग गरेको पाइयो । शब्दपत्ती र वाक्यपत्तीको प्रयोग अवस्थालाई हेर्दा ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र ३० प्रतिशत निम्न रहेको पाइयो । यसरी प्राप्त तथ्याङ्कलाई हेर्दा शब्दपत्ती र वाक्यपत्तीको प्रयोगमा शिक्षकहरूले कम ध्यान दिएको देखिन्छ । पाठसँग सम्बन्धित तालिका र नमुना प्रयोगलाई हेर्दा १० प्रतिशत अति उत्तम, २० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र ३० प्रतिशत निम्न रहेको पाइयो । यसरी प्राप्त तथ्याङ्कलाई हेर्दा धेरै शिक्षकले पाठसँग सम्बन्धित तालिका र नमुना प्रयोगलाई वेवास्ता गरेको पाइयो । स्थानीय सामग्रीको प्रयोग स्थितिलाई हेर्दा २० प्रतिशत उत्तम, २० प्रतिशत मध्यम र ६० प्रतिशत निम्न रहेको पाइयो । जुन एकदमै नगन्य र निर्देशिकाअनुसार प्रतिकूल नै रहेको पाइयो । यसरी प्रयोग गरिएका सामग्री उद्देश्य प्राप्तिमा केन्द्रित छन् कि छैनन् भन्ने कुरालाई हेर्दा १० प्रतिशत अति उत्तम, ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । जुन केही मात्रामा ठिकै देखिन्छ । उक्त तथ्याङ्कलाई औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. ३**
**निर्देशिकाअनुसार शैक्षिक सामग्रीको प्रयोग**



कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली थप स्पष्ट पार्नका लागि वृत्तचित्रमा देखाउँदा निर्देशिकाअनुसार समग्र शैक्षिक सामग्रीको प्रयोग अवस्था ५ प्रतिशत अति उत्तम, २५ प्रतिशत उत्तम, ३८.३३ प्रतिशत मध्यम र ३१.६७ प्रतिशत निम्न रहेको पाइयो । यसरी समग्र रूपमा शैक्षिक सामग्रीको प्रयोग स्थिति सामान्य नै देखिन्छ । हाम्रो जस्तो गरिब मुलुकका सबै ठाउँमा टेलिभिजन, टेप रेकर्डर, चलचित्र, प्रक्षेपक आदि महँगा र यान्त्रिक सामग्रीको प्रयोग सम्भव कम देखिन्छ । यस्तो अवस्थामा शिक्षकले स्थानीय तहमा उपलब्ध हुनसक्ने स्वनिर्मित सङ्कलित सामग्रीहरूको उपयोग गरेर भए पनि शिक्षणलाई रोचक, आकर्षक र प्रभावकारी बनाउन सधैं प्रयत्नरत हुनुपर्छ ।

### घ) निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरणको

विद्यार्थीहरूलाई भाषिक व्यवहारमा सक्षम बनाउन, बोध र अभिव्यक्ति क्षमताको विकास गराउन, सिर्जनशील अभिव्यक्ति क्षमताको विकास गराउन तथा अन्य विषयको पठन पाठनको माध्यम भाषामा सबल बनाउन नेपाली विषयको शिक्षणमा कक्षा प्रस्तुतीकरणको प्रमुख भूमिका रहेको हुन्छ । पाठ्यक्रमले राखेका लक्ष्य तथा उद्देश्य पूरा गर्न छनोट र स्तरण गरिएका पाठ्य विषयको क्रमबद्ध प्रस्तुतीकरणमा विषय शिक्षकको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । पाठ प्रस्तुतीकरणको वास्तविक अवस्था बुझ्न गरिएको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र उक्त तथ्याङ्कको औसत मान निकाली वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

**तालिका नं. २७**


**निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरण**

| क्र.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | १०% | ५०% | ३०% | १०% | |
| २ | विषयवस्तुको पर्याप्तता | ०% | ६०% | ३०% | १०% | |
| ३. | पाठको क्रमबद्धता | १०% | ३०% | ५०% | १०% | |
| ४. | उदाहरणको उपयुक्तता | ०% | ४०% | ४०% | २०% | |
| | औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | ५% | ४५% | ३७.५% | १२.५% | |

प्रस्तुत तालिकाअनुसार अवलोकन गरिएका कक्षामा पाठ प्रस्तुतीकरणको स्थितिलाई हेर्दा विषयवस्तुको ज्ञान १० प्रतिशत अति उत्तम, ५० प्रतिशत उत्तम, ३० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । माथिको तथ्याङ्कलाई हेर्दा धेरै जसो शिक्षकहरूमा विषयवस्तुको ज्ञान राम्रो रहेको पाइयो । विषयवस्तुको पर्याप्ततामा ६० प्रतिशत उत्तम, ३० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । यसरी विषयवस्तुको पर्याप्तता शिक्षकहरूमा राम्रो रहेको देखिन्छ । पाठको क्रमबद्धतामा १० प्रतिशत अति उत्तम, ३० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । माथिको तथ्याङ्कलाई हेर्दा प्राय शिक्षकले पाठको क्रमबद्धतामा कम ध्यान दिएको देखिन्छ । त्यस्तै उदाहरणको उपयुक्ततामा ४० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । यसरी विषयवस्तुको सामान्य मात्र ज्ञान भएका शिक्षकहरूको कक्षामा धेरै उदाहरण प्रयोग गरेको पाइयो । उक्त तथ्याङ्कलाई औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. ४**

**निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरण**




कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली थप प्रस्ट पार्नका लागि वृत्तचित्रमा देखाउँदा समग्र पाठ प्रस्तुतीकरणको स्थिति ५ प्रतिशत अति उत्तम, ४५ प्रतिशत उत्तम, ३७.५ प्रतिशत मध्यम र १२.५ प्रतिशत निम्न

रहेको पाइयो । यसरी सम्बन्धित विषयवस्तुमा पर्याप्त मात्रामा ज्ञान भएका शिक्षकहरूको पाठ प्रस्तुतीकरण उपयुक्त, क्रमबद्ध र रुचिपूर्ण तथा उदाहरणद्वारा प्रस्ट पारिएको हुनाले कक्षा प्रस्तुतीकरणको समग्र पक्ष ठिकै देखिन्छ ।

### ङ) निर्देशिकाअनुसार शिक्षण सिकाइ कार्यकलाप

शिक्षण सिकाइ कार्यकलाप शिक्षणको सबैभन्दा महत्त्वपूर्ण कार्य हो । यसभित्र उद्देश्य प्राप्त गर्न उपयोगी हुने पाठ्यवस्तु अनुकूलका शिक्षण विधि, प्रक्रिया, शिक्षण क्रम तथा शिक्षक विद्यार्थी कार्यकलापको स्पष्ट र सविस्तृत सूचना दिएको हुन्छ । शिक्षण कार्यकलाप र प्रक्रिया उत्प्रेरणा जगाउने र विद्यार्थी सक्रियता बढाउने हुनुपर्छ । विद्यार्थीका रुचि, प्रवृत्ति र क्षमता अनुरूप र सरल हुनुपर्छ । उद्देश्यगत उपलब्धितर्फ केन्द्रित हुनुपर्छ । शिक्षण सिकाइ कार्यकलापको प्रभावकारिता र उपयुक्तताबाटै अपेक्षित सिकाइ उपलब्धिको उच्च विन्दु समात्न सकिने भएकाले यसको चयनमा विशेष सीप र सचेतता अपनाउनु पर्छ । यस अध्ययनका क्रममा कक्षा अवलोकनबाट शिक्षण सिकाइ कार्यलापमा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २८**

**निर्देशिकाअनुसार शिक्षण सिकाइ क्रियाकलाप**


| क्र.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी सङ्ख्या | ०% | ६०% | ३०% | १०% | |
| २ | हाउभाउको उचित प्रयोग | ०% | ३०% | ५०% | २०% | |
| ३. | प्रश्नोत्तरको उपयुक्तता | २०% | ३०% | ४०% | १०% | |
| ४. | कक्षा अनुशासन | १०% | ३०% | ४०% | २०% | |
| | औसत मान ( $\bar{X} = \frac{\Sigma X}{N}$ ) | ७.५% | ३७.५% | ४०% | १५% | |

प्रस्तुत तालिकाअनुसार अवलोकन गरिएका कक्षामा विद्यार्थी सङ्ख्यामा ६० प्रतिशत उत्तम, ३० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । विषयको प्रकृतिअनुरूप

हाउभाउको उचित प्रयोगमा ३० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । शिक्षण सिकाइका क्रममा प्रश्नोत्तर विधिका माध्यमबाट छलफल सहित शिक्षण गरिएका कक्षामा प्रश्नोत्तरको उपयुक्तता हेर्दा २० प्रतिशत अति उत्तम, ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । कक्षामा शिक्षण सिकाइ कार्यकलाप सञ्चालन भइरहेको अवस्थामा कक्षा अनुशासनको स्थिति १० प्रतिशत अति उत्तम, ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । उक्त तथ्याङ्कलाई औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. ५**

**निर्देशिकाअनुसार शिक्षण सिकाइ क्रियाकलाप**




कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली थप प्रस्ट पार्नका लागि वृत्तचित्रमा देखाउँदा समग्र शिक्षण सिकाइ क्रियाकलापको स्थिति ७.५ प्रतिशत अति उत्तम, ३७.५ प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १५ प्रतिशत निम्न रहेको पाइयो । यसरी शिक्षण सिकाइ क्रियाकलाप शिक्षणको एक महत्त्वपूर्ण अङ्ग भएकाले क्रियाकलाप उल्लेख गर्दा पहिले के गर्ने, त्यसपछि के गर्ने, विद्यार्थीहरूलाई कस्ता कार्यमा सरिक गराउने, शिक्षण सामग्रीको उपयोग कहाँ र कुन सन्दर्भमा गर्ने, के कस्ता अभ्यास गराउने आदि कुरा क्रमबद्ध बुँदामा प्रस्तुत गर्नुपर्छ ।

च)	**निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोग**

शिक्षण सिकाइका क्रममा कसरी कक्षा प्रस्तुतीकरण गर्ने भन्ने कुरा नै प्रयोग गरिने शिक्षण विधि हुन् । नेपाली शिक्षणका सन्दर्भमा पनि शिक्षण विधिको मुख्य भूमिका रहेको हुन्छ । नेपाली शिक्षणका सन्दर्भमा प्रयोग गर्ने गरिएका शिक्षण विधिहरूमा प्रश्नोत्तर, छलफल, व्याख्या, प्रदर्शन, खोज आदि विधिहरू पर्दछन् । यिनैका आधारमा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा र औसत मानमा रूपान्तरण गरी वृत्तचित्रमा देखाइएको छ :

**तालिका नं. २९**

**निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोग**


| क.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रश्नोत्तर | ०% | ४०% | ४०% | २०% | |
| २ | छलफल | ०% | ३०% | ६०% | १०% | |
| ३. | व्याख्यान | २०% | ४०% | ४०% | ०% | |
| ४. | प्रदर्शन | ०% | २०% | ५०% | ३०% | |
| ५. | खोज | ०% | १०% | ३०% | ६०% | |
| | औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | ४% | २८% | ४४% | २४% | |

शिक्षण सिकाइ क्रियाकलापको अपेक्षित सिकाइ उपलब्धिको उच्च विन्दु समात्न शिक्षण विधिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले शिक्षण विधिको छनोटमा शिक्षकले विशेष ध्यान दिनु पर्दछ । शिक्षण विधिको प्रयोगअन्तर्गत रहेर कक्षा अवलोकन गर्दा प्रश्नोत्तरमा ४० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । यस विधिको प्रयोग गरिएका अधिकांश कक्षामा विद्यार्थीहरूलाई प्रश्न सोधेर सामान्य छलफल गरेको पाइयो । छलफल विधिमा ३० प्रतिशत उत्तम, ६० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा छलफल विधिको प्रयोग सामान्य

रहेको पाइन्छ । व्याख्यान विधिमा २० प्रतिशत अति उत्तम, ४० प्रतिशत उत्तम र ४० प्रतिशत मध्यम रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा अधिकांश विद्यालयका शिक्षकले व्याख्यान विधिको राम्रो प्रयोग गरेको पाइयो । प्रदर्शन विधिमा २० प्रतिशत उत्तम ५० प्रतिशत मध्यम र ३० प्रतिशत निम्न रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई दृष्टिगत गर्दा प्रदर्शन विधिको प्रयोग कम शिक्षकले मात्र गरेको पाइयो । त्यसैगरी खोज विधिमा १० प्रतिशत उत्तम, ३० प्रतिशत मध्यम र ६० प्रतिशत निम्न रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नगन्य शिक्षकले मात्र खोज विधि प्रयोग गरेर शिक्षण गरेको पाइयो । उक्त तथ्याङ्कलाई समग्र रूपमा औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. ६**

**निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोग**




कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली थप प्रस्ट पार्नका लागि वृत्तचित्रमा देखाउँदा समग्र शिक्षण विधिको प्रयोग स्थिति ४ प्रतिशत अति उत्तम, २८ प्रतिशत उत्तम, ४४ प्रतिशत मध्यम, र २४ प्रतिशत निम्न रहेको पाइयो । जुन प्रयोगका हिसाबले सामान्य देखिन्छ ।

## छ) निर्देशिकाअनुसार मूल्याङ्कनको प्रयोग

मूल्याङ्कन शिक्षणको अभिन्न एवम् निरन्तर प्रक्रिया हो शिक्षणका उद्देश्य के कति पूरा भए के कति पूरा भएनन् भनेर लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ भने भाषा शिक्षण पश्चात विद्यार्थीले प्राप्त गरेको भाषिक उपलब्धि मापन गर्ने कार्यलाई भाषिक मूल्याङ्कन भनिन्छ । मूल्याङ्कनबाटै विशिष्ट उद्देश्यहरू प्राप्त हुन सके नसकेको, शिक्षण सामग्री प्रभावकारी हुन सके नसकेको र समग्र शिक्षण विधि र कार्यकलाप उपयुक्त हुन सके नसकेको पृष्ठपोषण प्राप्त हुन्छ र तिनमा आवश्यक सुधार पुनरावृत्ति र परिमार्जन गरी लैजाने आधार प्राप्त हुन्छ तसर्थ यसलाई शिक्षणको एक अभिन्न र अनिवार्य अङ्ग मानिन्छ । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा र औसत मान निकाली वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

### तालिका नं. ३०

### निर्देशिकाअनुसार मूल्याङ्कनको प्रयोग


| क.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निरन्तर र आन्तरिक | ०% | ४०% | ६०% | ०% | - |
| २ | उद्देश्य प्राप्तिमा सहायक | ०% | ४०% | ५०% | १०% | - |
| ३. | कक्षा कार्य | २०% | ३०% | ४०% | १०% | - |
| ४. | शिक्षण विधिको उपयुक्तता | ०% | ३०% | ५०% | २०% | - |
| ५. | प्रश्नोत्तर | १०% | ४०% | ४०% | १०% | - |
| ६. | गहृकार्य | २०% | ५०% | २०% | १०% | - |
| | औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | ८.३३% | ३८.३३% | ४३.३३% | १०% | - |

प्रस्तुत तालिकाअनुसार अवलोकन गरिएका कक्षाबाट प्राप्त तथ्याङ्कको आधारमा मूल्याङ्कनमा प्राप्त परिणाम निरन्तर र आन्तरिकमा ४० प्रतिशत उत्तम र ६० प्रतिशत

मध्यम रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा सबैजसो शिक्षकले निरन्तर र आन्तरिक मूल्याङ्कन गरेको पाइयो । उद्देश्य प्राप्ति सहायकमा ४० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । कक्षा कार्यमा २० प्रतिशत अति उत्तम, ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा प्राय सबै शिक्षकको कक्षा कार्य राम्रो रहेको पाइयो । शिक्षण विधिको उपयुक्ततामा ३० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । प्रश्नोत्तरमा १० प्रतिशत अति उत्तम, ४० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा प्रायजसो शिक्षकका कक्षामा प्रश्नोत्तरको प्रयोग ठिकै देखिन्छ । गृहकार्यमा २० प्रतिशत अति उत्तम, ५० प्रतिशत उत्तम, २० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । उक्त तथ्याङ्कलाई हेर्दा गृहकार्य प्रयोगको स्थिति राम्रो देखिन्छ । यसरी प्राप्त तथ्याङ्कलाई समग्र रूपमा औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. ७**

**निर्देशिकाअनुसार मूल्याङ्कनको प्रयोग**




कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली थप प्रस्ट पार्नका लागि वृत्तचित्रमा देखाउँदा समग्र मूल्याङ्कनको स्थितिमा ८.३३ प्रतिशत अति उत्तम, ३८.३३ प्रतिशत उत्तम, ४३.३३ प्रतिशत मध्यम र १० प्रतिशत

निम्न रहेको पाइयो । मूल्याङ्कको समग्र स्थितिलाई दृष्टिगत गर्दा प्रयोग स्थिति ठिकै देखिए तापनि पाठ्यवस्तुको प्रकृति र उद्देश्यगत अभिप्रायअनुसार उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया र प्रविधिको योजनाबद्ध प्रस्तुति गर्नु आवश्यक देखिन्छ ।

### ४.२.२ काभ्रे जिल्लाबाट प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण

'कक्षा सातमा नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा शोधपत्र तयार गर्ने क्रममा काभ्रे जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा प्रधानाध्यापक प्रश्नावली, शिक्षक प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार विश्लेषण गरिन्छ :

#### ४.२.२.१ प्रधानाध्यापक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको विश्लेषण

'कक्षा सातमा नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा शोधपत्र तयार गर्ने क्रममा काभ्रे जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका दशजना प्रधानाध्यापकलाई प्रश्नावली फाराम भर्न लगाइएको र प्राप्त तथ्याङ्कलाई कच्चा सामग्रीको रूपमा सङ्कलन गरी साङ्ख्यिकीय विश्लेषण गरिएको छ । प्रत्येक प्रश्नमा प्राप्त तथ्याङ्कलाई छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरी त्यसैका आधारमा विश्लेषण गरिएको छ ।

प्र.नं. १ तपाईंको विद्यालयमा निर्देशिका उपलब्ध छ कि छैन ? छैन भने उपलब्ध नहुनुमा कुन निकाय जिम्मेवार रहन्छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ३१

**विद्यालयमा निर्देशिकाको उपलब्धता**

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| १० | छ | छैन | छ | छैन |
| | १००% | ०% | ८०% | २०% |

प्रस्तुत तालिकाअनुसार विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध छ ? छैन भने उपलब्ध नहुनुमा कुन निकाय जिम्मेवार रहन्छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयअनुसार फरक फरक प्रतिक्रिया पाइएको छ । जसमा ५ वटा सामुदायिक


विद्यालयका प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा शतप्रतिशतले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यलायका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ८०% (४ जना) प्रतिशतको प्रतिक्रिया 'छ' भन्ने र २० (२ जना) प्रतिशतको प्रतिक्रिया 'छैन' भन्ने पाइयो र उपलब्ध नहुनुमा प्रधानाध्यापक र सरकारी निकाय मुख्य जिम्मेवार रहेको प्रतिक्रिया पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी जम्मा १० वटा विद्यालयमा गरिएको अध्ययनमा ९ वटा विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध रहेको र बाँकी एउटा विद्यालयमा निर्देशिका नै उपलब्ध नभएको अवस्था भेटियो । वास्तवमा निर्देशिका जस्तो महत्त्वपूर्ण सामग्रीको निर्माण हुनु तर यसको प्रयोगकर्तासम्म पहुँच नपुग्नुले निर्देशिका प्रयोगमा समस्या देखिएको छ । निर्देशिका उपलब्ध भएका विद्यालयहरूमा पनि अधिकांश रूपमा इन्टरनेट इमेलबाट डाउनलोड गरेर प्रयोग गरेको पाइयो । निर्देशिकाको सुलभता नहुनु शिक्षणमा निर्देशिका प्रयोग नहुनुको मुख्य समस्या हो । यो समस्या समाधान गर्नका लागि पाठ्यक्रम विकास केन्द्रले समयमै निर्देशिका निर्माण गरी सबै विद्यालयको पहुँचमा पुग्ने व्यवस्था मिलाउन आवश्यक छ । माथिको प्रश्नावलीबाट प्राप्त भएको तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. २४**

**विद्यालयमा निर्देशिकाको उपलब्धता**



विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता छ ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा निर्देशिका उपलब्धताको स्थिति राम्रो देखियो ।

प्र.नं. २ दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न सम्भव छ ? छैन भने कारण उल्लेख गर्नुहोस् । भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्राधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ३२**

**दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण**

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| १० | सम्भव छ | सम्भव छैन | सम्भव छ | सम्भव छैन |
| | ६०% | ४०% | ४०% | ६०% |

प्रस्तुत तालिकाअनुसार दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न सम्भव छ ? भन्ने प्रश्नमा मिश्रित प्रतिक्रिया प्राप्त भएको छ । सामुदायिक विद्यालयका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ६० (३ जना) प्रतिशतको 'सम्भव छ' भन्ने प्रतिक्रिया पाइयो भने ४० (२ जना) प्रतिशतको 'सम्भव छैन' भन्ने प्रतिक्रिया पाइयो र सम्भव नहुनुको कारणका रूपमा झन्झटिलो हुने र विद्यार्थीको रुचिअनुसार शिक्षण गर्नुपर्ने भएकाले भन्ने प्रतिक्रिया पाइयो ।


संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ४० (२ जना) प्रतिशतको 'सम्भव छ' भन्ने प्रतिक्रिया पाइयो भने ६० (३ जना) प्रतिशतको 'सम्भव छैन' भन्ने प्रतिक्रिया पाइयो र सम्भव नहुनुको कारणका रूपमा विद्यार्थीको रुचि र चाहनालाई ध्यान दिएर शिक्षण गर्नुपर्ने भएकाले भन्ने प्रतिक्रिया पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ५ वटा विद्यालयका प्रधानाध्यापकले निर्देशिकाअनुसार शिक्षण गर्न 'सम्भव छ' भन्ने प्रतिक्रिया दिए

भने समान ५ वटा विद्यालयका प्रधानाध्यापकले निर्देशिकाअनुसार शिक्षण गर्न 'सम्भव छैन' भन्ने प्रतिक्रिया दिए र सम्भव नहुनमा झन्झटिलो हुने र विद्यार्थीको रुचि र चाहनाअनुसार शिक्षण गर्नुपर्ने कुरालाई कारणका रूपमा उल्लेख गरेका छन् । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. २५**

**दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण**




दैनिक रूपमा शिक्षक निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न सम्भव छ ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत विद्यालयका प्रधानाध्यापकले भन्दा सामुदायिक विद्यालयका प्रधानाध्यापकले 'सम्भव छ' भन्नेमा राम्रो प्रतिक्रिया जनाएको पाइयो ।

प्र.नं. ३ विद्यालयमा शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् ? भन्ने कुराको ख्याल कसरी गर्नुहुन्छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ३३

निर्देशिकाअनुसार शिक्षण गरे नगरेको ख्याल

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| १० | कक्षा अवलोकन गरेर | दैनिक पाठयोजना हेरेर | कक्षा अवलोकन गरेर | दैनिक पाठयोजना हेरेर |
| | ८०% | २०% | ६०% | ४०% |


प्रस्तुत तालिकाअनुसार विद्यालयका शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् ? भन्ने कुराको ख्याल कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयअनुसार फरक फरक प्रतिक्रिया पाइएको छ । जसमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ८० (४ जना) प्रतिशतको 'कक्षा अवलोकन गरेर' भन्ने प्रतिक्रिया पाइयो भने २० (१ जना) प्रतिशतको 'दैनिक पाठयोजना हेरेर' भन्ने प्रतिक्रिया पाइयो ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ६० (३ जना) प्रतिशतको 'कक्षा अवलोकन गरेर' भन्ने प्रतिक्रिया पाइयो भने ४० (२ जना) प्रतिशतको 'दैनिक पाठयोजना हेरेर' भन्ने प्रतिक्रिया पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयका प्रधानाध्यापकले विद्यालयमा शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् ? भन्ने कुराको ख्याल कक्षा अवलोकनबाट गर्ने गरेको प्रतिक्रिया दिए भने ३ वटा विद्यालयका प्रधानाध्यापकले दैनिक पाठयोजना हेरेर गर्ने गरेको प्रतिक्रिया दिए । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. २६

निर्देशिकाअनुसार शिक्षण गरे नगरेको ख्याल




विद्यालयमा शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् ? भन्ने कुराको ख्याल कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नमा सामुदायिका विद्यालयका ८० (४ जना) प्रतिशत प्रधानाध्यापकको 'कक्षा अवलोकन' बाट गर्ने गरेको प्रतिक्रिया पाइयो भने २० (१ जना) प्रतिशत प्रधानाध्यापकको 'दैनिक पाठयोजना हेरेर' गर्ने गरेको प्रतिक्रिया पाइयो । संस्थागत विद्यालयमा ६० (३ जना) प्रतिशत प्रधानाध्यापकको 'कक्षा अवलोकन' बाट गर्ने गरेको प्रतिक्रिया पाइयो भने ४० (२ जना) प्रतिशत प्रधानाध्यापकको 'दैनिक पाठयोजना हेरेर' गर्ने गरेको प्रतिक्रिया पाइयो ।

प्र.नं. ४ निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री विद्यालयमा कति उपलब्ध रहेका छन् ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ३४

निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्रीको उपलब्धता

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| १० | आवश्यकता अनुसार | केही मात्रामा | आवश्यकता अनुसार | केही मात्रामा |
| | ४०% | ६०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री विद्यालयमा कति उपलब्ध रहेका छन् ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयअनुसार फरक फरक प्रतिक्रिया पाइएको छ । जसमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ४० (२ जना) प्रतिशत प्रधानाध्यापकले 'आवश्यकताअनुसार' उपलब्ध रहेको प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ६० (३ जना) प्रतिशतले 'केही मात्रामा' उपलब्ध रहेको प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा ८० (४ जना) प्रतिशत प्रधानाध्यापकले 'आवश्यकताअनुसार' उपलब्ध रहेको प्रतिक्रिया व्यक्त गरेको पाइयो भने २० (१ जना) प्रतिशतले 'केही मात्रामा' उपलब्ध रहेको प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ६ वटा विद्यालयका प्रधानाध्यापकले निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री विद्यालयमा 'आवश्यकताअनुसार' उपलब्ध रहेको प्रतिक्रिया दिए भने ४ वटा विद्यालयका प्रधानाध्यापकले 'केही मात्रामा' उपलब्ध रहेको प्रतिक्रिया दिए । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. २७

निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्रीको उपलब्धता




निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री विद्यालयमा कति उपलब्ध रहेका छन् ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयमा सामग्रीको उपलब्धता राम्रो पाइयो ।

प्र.नं. ५ निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम कति कति समयावधिमा सञ्चालन हुँदै आएका छन् ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ३५

निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालन

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|---|
| | शैक्षिक सत्रको सुरुमा | कहिलेकाहीँ | छैन | शैक्षिक सत्रको सुरुमा | कहिलेकाहीँ | छैन |
| १० | ०% | ४०% | ६०% | २०% | २०% | ६०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम कति कति समयावधिमा सञ्चालन हुँदै आएका छन् ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये ४० (२ जना) प्रतिशतले 'कहिलेकाहीँ' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो त्यस्तै ६० (३ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिए भने शैक्षिक सत्रको सुरुमा कसैले प्रतिक्रिया जनाएनन् ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा २० (१ जना) प्रतिशतले 'शैक्षिक सत्रको सुरुमा' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यस्तै २० (१ जना) प्रतिशतले नै 'कहिलेकाहीँ' र ६० (३ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा १ जना प्रधानाध्यापकले निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम 'शैक्षिक सत्रको सुरुमा' सञ्चालन हुने गरेको प्रतिक्रिया दिएको पाइयो । त्यस्तै ३ जना प्रधानाध्यापकले 'कहिलेकाहीँ' हुने गरेको प्रतिक्रिया दिएको पाइयो भने ६ जना प्रधानाध्यापकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

### स्तम्भ चित्र नं. २८

### निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालन




निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम कति कति समयावधिमा सञ्चालन हुँदै आएका छन् ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक र संस्थागत दुवै विद्यालयमा तालिम कार्यक्रमको सञ्चालन कम मात्रामा भएको देखिन्छ ।

प्र.नं. ६ विद्यालयमा निर्देशिका प्रयोग गर्न शिक्षकहरूलाई कस्तो हौसला प्रदान गर्नुहुन्छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ३६

निर्देशिका प्रयोग गर्न शिक्षकहरूलाई हौसला प्रदान

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पृष्ठपोषण दिएर | शिक्षण प्रभावकारी हुन्छ भनेर | सकारात्मक प्रेरणा प्रदान गरेर | तलव समायोजन गरेर | पृष्ठपोषण दिएर | शिक्षण प्रभावकारी हुन्छ भनेर | सकारात्मक प्रेरणा प्रदान गरेर | तलव समायोजन गरेर |
| १० | २०% | ६०% | २०% | ०% | २०% | ४०% | ४०% | ०% |


प्रस्तुत तालिकाअनुसार विद्यालयमा निर्देशिका प्रयोग गर्न शिक्षकलाई कस्तो हौसला प्रदान गर्नुहुन्छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट फरक फरक प्रतिक्रिया पाइएको छ । जसमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये २० (१ जना) प्रतिशतले 'पृष्ठपोषण दिएर', ६० (३ जना) प्रतिशतले 'शिक्षण प्रभावकारी हुन्छ भनेर' र २० (१ जना) प्रतिशतले 'सकारात्मक प्रेरणा प्रदान गरेर' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने 'तलब समायोजन गरेरमा' कसैले प्रतिक्रिया व्यक्त गरेको पाइएन ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापकमध्ये २० (१ जना) प्रतिशतले 'पृष्ठपोषण प्रदान गरेर' ४० (२ जना) प्रतिशतले 'शिक्षण प्रभावकारी हुन्छ भनेर' त्यस्तै ४० (२ जना) प्रतिशतले 'सकारात्मक प्रेरणा प्रदान गरेर' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने 'तलब समायोजन गरेर' मा कसैले प्रतिक्रिया व्यक्त गरेको पाइएन ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा २ वटा विद्यालयका प्रधानाध्यापकले पृष्ठपोषण प्रदान गरेर, ५ वटा विद्यालयका प्रधानाध्यापकले शिक्षण प्रभावकारी हुन्छ भनेर, तथा ३ वटा विद्यालयका प्रधानाध्यापकले सकारात्मक प्रेरणा प्रदान गरेर भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने 'तलब समायोजन गरेर' मा कसैले प्रतिक्रिया जनाएको पाइएन । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. २९

निर्देशिका प्रयोग गर्न  शिक्षकहरूलाई हौसला प्रदान




विद्यालयमा निर्देशिका प्रयोग गर्न शिक्षकहरूलाई कस्तो हौसला प्रदान गर्नुहुन्छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउदा पृष्ठपोषण प्रदान गरेर, शिक्षण प्रभावकारी हुन्छ भनेर तथा सकारात्मक प्रेरणा प्रदान गरेर जस्ता कुरामा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट मिश्रित प्रतिक्रिया पाइए पनि तलब समायोजन गरेर भन्ने कुरामा संस्थागत र सामुदायिक दुबै विद्यालयका प्रधानाध्यापकले कुनै प्रतिक्रिया जनाएनन् ।

प्रश्न नं. ७ विद्यालयमा शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे सम्बन्धित निकायबाट कुन कुन समयमा अनुगमन हुँदै आएको छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ३७

शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे अनुगमन

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | कहिलेकाहीँ | भएको छैन | कहिलेकाहीँ | भएको छैन |
| १० | ०% | १००% | ४०% | ६०% |


प्रस्तुत तालिकाअनुसार विद्यालयमा शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे सम्बन्धित निकायबाट कुन कुन समयमा अनुगमन हुँदै आएको छ ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शतप्रतिशत प्रधानाध्यापकले 'भएको छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापक मध्ये ४० (२ जना) प्रतिशतले 'कहिलेकाहीँ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'भएको छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा २ वटा विद्यालयका प्रधानाध्यापकले 'कहिलेकाहीँ' हुने गरेको प्रतिक्रिया दिएको पाइयो भने ८ वटा विद्यालयका प्रधानाध्यापकले 'भएको छैन' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ३०**

**शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे अनुगमन**




विद्यालयमा शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे सम्बन्धित निकायबाट कुन कुन समयमा अनुगमन हुँदै आएको छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक र संस्थागत दुवै विद्यालयमा अनुगमनको स्थिति नाजुक रहेको पाइयो ।

प्रश्न नं. ८ तपाईंको विचारमा विद्यालयमा शिक्षक निर्देशिकाको प्रभावकारी कार्यन्वयनमा कसको मुख्य भूमिका रहन्छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कच्चा तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ३८**

**निर्देशिकाको प्रभावकारी कार्यान्वयनमा मुख्य भूमिका**

| जम्मा प्रधानाध्यापक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | विषय शिक्षक | प्रधानाध्यापक | विषय शिक्षक | प्रधानाध्यापक |
| १० | ६०% | ४०% | २०% | ८०% |


प्रस्तुत तालिकाअनुसार विद्यालयमा शिक्षक निर्देशिकाको प्रभावकारी कार्यन्वयनमा कसको मुख्य भूमिका रहन्छ ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये ६० (३ जना) प्रतिशतले 'विषय शिक्षकको' मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ४० (२ जना) प्रतिशतले 'प्रधानाध्यापकको' मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

संस्थागत विद्यालयका ५ जना प्रधानाध्यापक मध्ये २० (१ जना) प्रतिशतले 'विषय शिक्षकको' मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ८० (४ जना) प्रतिशतले 'प्रधानाध्यापकको' मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ४ वटा विद्यालयका प्रधानाध्यापकले विषय शिक्षकको मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ६ वटा विद्यालयका प्रधानाध्यापकले प्रधानाध्यापक कै मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ३१**

**निर्देशिकाको प्रभावकारी कार्यान्वयनमा भूमिका**



विद्यालयमा शिक्षक निर्देशिकाको प्रभावकारी कार्यान्वयनमा कसको मुख्य भूमिका रहन्छ ? भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये ६० (३ जना) प्रतिशतले विषय शिक्षकको मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ४० (२ जना) प्रतिशतले प्रधानाध्यापकको मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । संस्थागत विद्यालयका प्रधानाध्यापक मध्ये २० (१ जना) प्रतिशतले विषय शिक्षकको मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ८० (४ जना) प्रतिशतले प्रधानाध्यापकको मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

### ४.२.२.२ शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषण

'कक्षा सातमा नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा शोधपत्र तयार गर्ने क्रममा काभ्रे जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका गरी १० जना नेपाली भाषा शिक्षकहरूसँग अन्तर्वार्ता लिइएको र प्राप्त प्रतिक्रियालाई अध्ययनको कच्चा सामग्रीको रूपमा सङ्कलन गरी साङ्ख्यिकीय विश्लेषण गरिएको छ । प्रत्येक प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरी त्यसैका आधारमा विश्लेषण गरिएको छ ।

प्रश्न नं. १ विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध छ ? भन्ने प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने शिक्षकले दिएको प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ३९**

**विद्यालयमा नेपाली शिक्षक निर्देशिकाको उपलब्धता**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ६०% | ४०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार विद्यालयमा नेपाली शिक्षक निर्देशिका उपलब्ध छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ५ जना नेपाली शिक्षकलाई सोधिएको प्रश्नमा ६० (३ जना) प्रतिशतले 'छ' भन्ने र ४० (२ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका कक्षा सातमा अध्यापन गर्ने ५ जना नेपाली शिक्षकलाई सोधिएको प्रश्नमा ८० (४ जना) प्रतिशतले 'छ' भन्ने र २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध रहेको पाइयो भने ३ वटा विद्यालयमा निर्देशिका नै उपलब्ध नभएको पाइयो । तुलनात्मक रूपमा हेर्दा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा नेपाली शिक्षक निर्देशिकाको राम्रो उपलब्धता रहेको पाइयो । वास्तवमा निर्देशिका जस्तो महत्त्वपूर्ण सामग्रीको निर्माण हुनु तर यसको सबै विद्यालयमा सहज पहुँच र प्रयोग नहुनु मुख्य समस्याको रूपमा अगाडि आएको छ । त्यसैले यो समस्या समाधानका लागि पाठ्यक्रम विकास केन्द्रले समयमै निर्देशिका निर्माण गरी सबै विद्यालयको पहुँचमा पुग्ने व्यवस्था मिलाउँनुका साथै समय समयमा आवश्यक अनुगमन तथा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाइन्छ :

**स्तम्भ चित्र नं. ३२**

**विद्यालयमा नेपाली शिक्षक निर्देशिकाको उपलब्धता**




विद्यालयमा नेपाली शिक्षक निर्देशिकाको उपलब्धता छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा सामुदायिक विद्यालयमा

भन्दा संस्थागत विद्यालयमा निर्देशिका उपलब्धताको स्थिति राम्रो देखियो । जसमा ६० (३ जना) प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले नेपाली निर्देशिका उपलब्ध 'छ' भन्ने प्रतिक्रिया दिए भने ४० (२ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिए । संस्थागत विद्यालयअन्तर्गत ८० (४ जना) प्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिए भने २० (१ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिए ।

प्रश्न नं. २ 'के तपाईंले कक्षा सातको नेपाली शिक्षक निर्देशिकाअनुसार शिक्षण गर्नुभएको छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने शिक्षकले दिएको प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ४०**

**निर्देशिकाको निर्देशनअनुसार शिक्षण**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ८०% | २०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार शिक्षक निर्देशिकाको निर्देशनअनुसार शिक्षण गर्नुभएको छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ५ जना शिक्षकलाई सोधिएको प्रश्नमा ८० (४ जना) प्रतिशतले 'छ' भन्ने र २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका कक्षा सातमा अध्यापन गर्ने ५ जना शिक्षणलाई सोधिएको प्रश्नमा पनि ८० (४ जना) प्रतिशतले 'छ' भन्ने र २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ८ वटा विद्यालयका शिक्षकले निर्देशिकाअनुसार शिक्षण गर्ने गरेको प्रतिक्रिया दिए भने २ वटा विद्यालयका शिक्षकले निर्देशिकाअनुसार शिक्षण नगरेको प्रतिक्रिया दिए । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाइन्छ :

स्तम्भ चित्र नं. ३३

निर्देशिकाको निर्देशनअनुसार शिक्षण




शिक्षक निर्देशिकाको निर्देशनअनुसार शिक्षण गर्नुभएको छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत र सामुदायिक विद्यालयमा समान नतिजा पाइयो । जसमा ८० (४ जना) प्रतिशत समुदायिक विद्यालयका शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिए भने २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिए । त्यस्तै संस्थागत विद्यालय अन्तर्गत पनि ८० (४ जना) प्रतिशतले 'छ' भन्ने प्रतिक्रिया दिए भने २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिए ।

प्रश्न नं. ३ कक्षा सातको नेपाली शिक्षक निर्देशिका पाठ्यपुस्तकअनुरूप तयार भएको छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने शिक्षकले दिएको प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

## तालिका नं. ४१
## नेपाली पाठ्यपुस्तकअनुरूप निर्देशिका निर्माण


| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | १००% | ०% | १००% | ०% |

प्रस्तुत तालिकाअनुसार कक्षा सातको नेपाली शिक्षक निर्देशिका पाठ्यपुस्तकअनुरूप निर्माण भएको छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शतप्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका कक्षा सातमा अध्यापन गर्ने ५ जना शिक्षकलाई सोधिएको प्रश्नमा पनि शतप्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा १० वटै विद्यालयका नेपाली शिक्षकले कक्षा सातको नेपाली शिक्षक निर्देशिका पाठ्यपुस्तकअनुरूप निर्माण भएको 'छ' भन्ने प्रतिक्रिया दिए । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाइन्छ :

## स्तम्भ चित्र नं. ३४
## पाठ्यपुस्तकअनुरूप निर्देशिका निर्माण



कक्षा सातको नेपाली शिक्षक निर्देशिका पाठ्यपुस्तकअनुरूप निर्माण भएको छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत र सामुदायिक विद्यालयको नतिजा समान पाइयो । जसमा शतप्रतिशत सामुदायिक र संस्थागत विद्यालयका शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ४ : भाषापाठ्यक्रमअनुसार के शिक्षक निर्देशिका तयार पारिएको छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. ४२**

**भाषापाठ्यक्रमअनुसार निर्देशिका निर्माण**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ८०% | २०% | १००% | ०% |


प्रस्तुत तालिकाअनुसार भाषापाठ्यक्रमअनुसार के शिक्षक निर्देशिका तयार पारिएको छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ५ जना शिक्षकलाई सोधिएको प्रश्नमा ८० (४ जना) प्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका ५ जना शिक्षकलाई सोधिएको प्रश्नमा शतप्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ९ वटा विद्यालयका शिक्षकले भाषापाठ्यक्रमअनुसार शिक्षक निर्देशिका तयार पारिएको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने एउटा विद्यालयका शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । भाषापाठ्यक्रमका उद्देश्य पूरा गर्न आधिकारिक र आधार सामग्रीका रूपमा भाषापाठ्यपुस्तक तयार गरिने र यिनको कार्यन्वनमा सहयोग पुऱ्याउने हेतुले तिनकै आधारमा निर्देशिका निर्माण गरिने भएकाले कक्षा सातको नेपाली शिक्षक निर्देशिका भाषापाठ्यक्रम अनुरूपकै रहेको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ३५

भाषापाठ्यक्रमअनुसार निर्देशिका निर्माण




भाषापाठ्यक्रमअनुसार के शिक्षक निर्देशिका तयार पारिएको छ ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउदा ८० (४ जना) प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यस्तै संस्थागत विद्यालयका शतप्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने 'छैन' भन्नेमा कुनै पनि प्रतिक्रिया पाइएन ।

प्रश्न नं. ५ निर्देशिकामा राखिएका कार्यकलाप सबै उद्देश्यअनुरूप छन् त ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउँन सकिन्छ :

तालिका नं. ४३

उद्देश्यअनुरूप क्रियाकलाप

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छन् | छैनन् | छन् | छैनन् |
| १० | ६०% | ४०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकामा राखिएका कार्यकलाप सबै उद्देश्यअनुरूप छन् ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ५ जना नेपाली शिक्षकमध्ये ६० (३ जना) प्रतिशतले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयअन्तर्गत ५ जना नेपाली शिक्षकमध्ये ८० (४ जना) प्रतिशतले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा निर्देशिकामा राखिएका कार्यकलाप सबै उद्देश्य अनुरूप छन् त ? भन्ने प्रश्नमा ७ वटा विद्यालयका नेपाली शिक्षकले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ३ वटा विद्यालयका नेपाली शिक्षकले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ३६

उद्देश्यअनुरूप क्रियाकलाप




निर्देशिकामा राखिएका कार्यकलाप सबै उद्देश्यअनुरूप छन् त ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको तथ्याङ्क राम्रो रहेको पाइयो । जसमा ६० (३ जना) प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले उद्देश्यअनुरूप क्रियाकलाप रहेको प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले उद्देश्यअनुरूप नरहेको प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत ८० (४ जना) प्रतिशतले उद्देश्यअनुरूप रहेको प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले उद्देश्यअनुरूप नरहेको प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ६ यदि तपाईं शिक्षक निर्देशिका प्रयोग गरी शिक्षण गर्नुहुन्छ भने निर्देशिकाले तोकेअनुसारका शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका साधनहरूको प्रयोग गर्नुहुन्छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छः

तालिका नं. ४४

शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनको प्रयोग

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | गर्छु | गर्दिन | गर्छु | गर्दिन |
| १० | ६०% | ४०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकामा दिएको निर्देशनअनुसार शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका साधनको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ५ जना नेपाली शिक्षकमध्ये ६० (३ जना) प्रतिशतले 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयअन्तर्गत ५ जना नेपाली शिक्षकमध्ये ८० (४ जना) प्रतिशतले 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी ७ वटा विद्यालयका नेपाली शिक्षकले निर्देशिका प्रयोग गर्दा निर्देशिकामा दिएको निर्देशनअनुसार शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका साधनहरूको प्रयोग 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ३ वटा विद्यालयका नेपाली शिक्षकले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ३७

शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनको प्रयोग




निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका साधनहरूको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको तथ्याङ्क राम्रो देखियो । जसमा ६० (३ जना) प्रतिशत सामुदायिक विद्यालयका नेपाली शिक्षकले निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनको प्रयोग 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत ८० (४ जना) प्रतिशत शिक्षकले 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ७ पाठ्यक्रम पाठ्यपुस्तले राखेको अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

## तालिका नं. ४५

## पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा पूरा गर्न निर्देशिकाको सहयोग

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | १००% | ०% | १००% | ०% |


प्रस्तुत तालिकाअनुसार पाठ्यक्रम पाठ्यपुस्तकले राखेका अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शतप्रतिशत शिक्षकले सहयोग गरेको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयअन्तर्गत पनि शतप्रतिशत नेपाली शिक्षकले सहयोग गरेको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा १० वटै विद्यालयका नेपाली शिक्षकले पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

## स्तम्भ चित्र नं. ३८

## पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा पूरा गर्नमा निर्देशिकाको सहयोग



पाठ्यक्रम र पाठ्यपुस्तकले राखेको अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा संस्थागत र सामुदायिक विद्यालयको प्रतिक्रिया समान देखियो । प्राप्त प्रतिक्रियालाई हेर्दा सामुदायिक र संस्थागत विद्यालयका शतप्रतिशत शिक्षकले पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा पूरा गर्नमा निर्देशिकाले सहयोग गरेको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ८ निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. ४६**

**पाठ्यघण्टीहरूको समान वितरण**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ४०% | ६०% | २०% | ८०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शिक्षकमध्ये ४० (२ जना) प्रतिशतले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका ५ जना शिक्षकमध्ये २० (१ जना) प्रतिशतले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ८० (५ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ३ वटा विद्यालयका शिक्षकले निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ७ वटा विद्यालयका शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ३९

पाठ्यघण्टीहरूको समान वितरण




निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा ४० (२ जना) प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले पाठ्यघण्टीहरूको समान वितरण 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत २० (१ जना) प्रतिशत शिक्षकले समान वितरण 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ८० (४ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ९ निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको पाउनुहुन्छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. ४७

निर्देशिकाअनुसार विद्यार्थीमा रुचि पैदा

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | पाउँछु | पाउँदिनँ | पाउँछु | पाउँदिनँ |
| १० | ६०% | ४०% | ४०% | ६०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको पाउनुहुन्छ ? भन्ने प्रश्नमा ५ वटा सामुदाकि विद्यालयका नेपाली शिक्षकमध्ये ६० (३ जना) प्रतिशतले 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका ५ जना नेपाली शिक्षकमध्ये ४० (२ जना) प्रतिशतले 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ५ वटा विद्यालयका नेपाली शिक्षकले निर्देशिकाअनुसार विद्यार्थीमा रुचि पैदा भएको 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने समान ५ वटै विद्यालयका नेपाली शिक्षकले 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ४०

निर्देशिकाअनुसार विद्यार्थीमा रुचि पैदा




निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको पाउनुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरेर स्तम्भ चित्रमा देखाउँदा ६० (३ जना) प्रतिशत सामुदायिक विद्यालयका नेपाली शिक्षकले निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयका ५ जना नेपाली शिक्षकमध्ये ४० (२ जना) प्रतिशतले 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १० निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका सान्दर्भिक लाग्छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

## तालिका नं. ४८

## शिक्षण र मूल्याङ्कनको सान्दर्भिकता

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | सान्दर्भिक लाग्छ | सान्दर्भिक लाग्दैन | सान्दर्भिक लाग्छ | सान्दर्भिक लाग्दैन |
| १० | १००% | ०% | १००% | ०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका सान्दर्भिक लाग्छ ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शतप्रतिशत नेपाली शिक्षणकले 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयअन्तर्गत पनि शतप्रतिशत नेपाली शिक्षकले 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा १० वटै विद्यालयका नेपाली शिक्षकले निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

## स्तम्भ चित्र नं. ४१

## शिक्षण र मूल्याङ्कनको सान्दर्भिकता



नेपाली शिक्षक निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका सान्दर्भिक लाग्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक र संस्थागत विद्यालयका शतप्रतिशत नेपाली शिक्षकले 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ११ नेपाली निर्देशिका प्रयोगसम्बन्धी के तालिम दिन आवश्यक छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. ४९**

**निर्देशिका प्रयोगको लागि तालिमको आवश्यकता**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ८०% | २०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिका प्रयोगसम्बन्धी तालिम दिन आवश्यक छ ? भनेर सोधिएको प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शिक्षकमध्ये ८० (४ जना) प्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयअन्तर्गत पनि ८० (४ जना) प्रतिशत नेपाली शिक्षकले निर्देशिका प्रयोगका लागि तालिम दिन आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ८ वटा विद्यालयका नेपाली शिक्षकले निर्देशिका प्रयोगसम्बन्धी तालिम दिन आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २ वटा विद्यालयका शिक्षकले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ४२

निर्देशिका प्रयोगका लागि तालिमको आवश्यकता




निर्देशिका प्रयोगसम्बन्धी तालिम दिन आवश्यक छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा सामुदायिक विद्यालका ८० (४ जना) प्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशत शिक्षकले  आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालय अन्तर्गत पनि ८० (४ जना) प्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १२ निर्देशिका प्रयोग गर्न के तालिम प्राप्त शिक्षक हुनु आवश्यक छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

## तालिका नं. ५०

## निर्देशिका प्रयोगमा तालिम प्राप्त शिक्षकको आवश्यकता

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ८०% | २०% | ६०% | ४०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिका प्रयोग गर्न के तालिम प्राप्त शिक्षक हुनु आवश्यक छ ? भनेर सोधिएको प्रश्नमा सामुदायिक विद्यालयका ८० (४ जना) प्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयका ६० (३ जना) प्रतिशत नेपाली शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयका नेपाली शिक्षकले निर्देशिका प्रयोगमा तालिम प्राप्त शिक्षकको आवश्यकता 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ३ वटा विद्यालयका नेपाली शिक्षकले आवश्यकता 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

## स्तम्भ चित्र नं. ४३

## निर्देशिका प्रयोगमा तालिम प्राप्त शिक्षकको आवश्यकता



निर्देशिका प्रयोग गर्न के तालिम प्राप्त शिक्षक हुनु आवश्यक छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा ८० (४ जना) प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशत शिक्षकले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयअन्तर्गत ६० (३ जना) प्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १३ निर्देशिकाको प्रयोगविना पनि के शिक्षण प्रभावकारी हुन सक्छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. ५१**

**निर्देशिकाको प्रयोगविना शिक्षणको प्रभावकारिता**

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | हुन्छ | हुँदैन | हुन्छ | हुँदैन |
| १० | ६०% | ४०% | ४०% | ६०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकाको प्रयोगविना पनि के शिक्षण प्रभावकारी हुन्छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शिक्षकमध्ये ६० (३ जना) प्रतिशत शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।


संस्थागत विद्यालयअन्तर्गत ४० (२ जना) प्रतिशत शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशत शिक्षकले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ५ वटा विद्यालयका शिक्षकले निर्देशिकाको प्रयोगविना पनि शिक्षण प्रभावकारी 'हुन्छ' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने ५ वटै विद्यालयका शिक्षकले निर्देशिकाको प्रयोगविना शिक्षण

प्रभावकारी 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ४४**

**निर्देशिकाको प्रयोगविना शिक्षणको प्रभावकारिता**




निर्देशिकाको प्रयोगविना पनि के शिक्षण प्रभावकारी हुन सक्छ ? भनेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा ६० (३ जना) प्रतिशत सामुदायिक विद्यालयका नेपाली शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत ४० (२ जना) प्रतिशत शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १४ निर्देशिकाले निर्देश गरेका सामग्री विद्यालयमा उपलब्ध छन् ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. ५२

निर्देशिकाअनुसार सामग्रीको उपलब्धता

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छन् | छैनन् | छन् | छैनन् |
| १० | ६०% | ४०% | ८०% | २०% |


प्रस्तुत तालिकाअनुसार निर्देशिकाले निर्देश गरेबमोजिमका सामग्री विद्यालयमा उपलब्ध रहेका छन् ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका शिक्षकमध्ये ६० (३ जना) प्रतिशत नेपाली शिक्षकले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

संस्थागत विद्यालयतर्फ ८० (४ जना) प्रतिशत नेपाली शिक्षकले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशतले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ७ वटा विद्यालयका शिक्षकले निर्देशिकाअनुसार सामग्रीको उपलब्धता रहेको 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ३ वटा विद्यालयका शिक्षकले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

स्तम्भ चित्र नं. ४५

निर्देशिकाअनुसार सामग्रीको उपलब्धता




निर्देशिकाले निर्देश गरेअनुसारका सामग्री विद्यालयमा उपलब्ध रहेका छन् ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा ६० (३ जना) प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले उपलब्ध 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशत शिक्षकले उपलब्ध 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत ८० (४ जना) प्रतिशत शिक्षकले उपलब्ध 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने २० (१ जना) प्रतिशत शिक्षकले उपलब्ध 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १५ निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिइएको छ ? भनेर सोधिएको प्रश्नमा नमुना विद्यालयका कक्षा सातमा अध्यापन गर्ने नेपाली शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी तालिका र स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :


### तालिका नं. ५३
### स्थानीय सामग्रीको प्रयोग

| जम्मा शिक्षक | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छ | छैन | छ | छैन |
| १० | ४०% | ६०% | ६०% | ४०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिइएको छ ? भन्ने प्रश्नमा ५ वटा सामुदायिक विद्यालयका ४० (२ जना) प्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत ६० (३ जना) प्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा गरिएको अध्ययनमा ५ वटा विद्यालयका शिक्षकले निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिएको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ५ वटै विद्यालयका शिक्षकले दिएको 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

### स्तम्भ चित्र नं. ४६
### स्थानीय सामग्रीको प्रयोग



निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिइएको छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी स्तम्भ चित्रमा देखाउँदा ४० (२ जना) प्रतिशत सामुदायिक विद्यालयका नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ६० (३ जना) प्रतिशतले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयअन्तर्गत ६० (३ जना) प्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने ४० (२ जना) प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

#### ४.२.२.३ **कक्षा अवलोकनबाट प्राप्त तथ्यको व्याख्या विश्लेषण**

कक्षामा विद्यार्थी र शिक्षकबीच शिक्षण सिकाइका सन्दर्भमा भएका सम्पूर्ण क्रियाकलापहरूको लेखाजोखा गरिने कार्यलाई कक्षा अवलोकन भनिन्छ । अवलोकन प्राथमिक स्रोत सामग्री सङ्कलनको निकै महत्त्वपूर्ण साधन हो । 'कक्षा सातमा नेपाली शिक्षणका सन्दर्भमा निर्देशिकाको प्रयोग' शीर्षकमा रही अध्ययन गर्ने क्रममा शिक्षक निर्देशिकाको प्रयोग कक्षाकोठामा गरिने  कार्यकलापमा कसरी प्रयोग गरिएको छ भन्ने कुराको खोजी गर्दा काभ्रे जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा सातमा अध्यापन गर्ने दश जना नेपाली शिक्षकको प्रत्यक्ष रूपमा कक्षा अवलोकन गरिएको छ ।

अवलोकनका लागि तयार गरिएको कक्षा अवलोकन फारमको प्रयोग गरी कक्षा शिक्षणको आरम्भदेखि अन्त्यसम्मका सम्पूर्ण गतिविधिको अवलोकन गरिएको छ । यस क्रममा पाठ विभाजन, कक्षा प्रवेश तथा पाठ आरम्भ, शैक्षिक सामग्री प्रयोगको स्थिति, पाठ प्रस्तुतीकरणको स्थिति, कक्षा कार्यकलाप र विद्यार्थी सहभागिता, शिक्षण विधिको प्रयोग र उपयुक्तता, मूल्याङ्कन र कक्षा समापन जस्ता पक्षमा केन्द्रित भएर निर्देशिकाअनुरूप शिक्षण गरिए नगरिएको बारे सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलित तथ्यलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा विश्लेषण गरिएको छ ।

##### क) निर्देशिकाअनुसार पाठ विभाजन

भाषापाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुको शिक्षण गर्दा कुन विषयवस्तुलाई कति समय दिने वा कति घण्टी दिने भन्ने कुरा शिक्षक निर्देशिकामा उल्लेख गरिएको हुन्छ । कतिपय शिक्षकले निर्देशिकाले दिएको निर्देशनलाई आधार मानेका हुन्छन्, कतिपयले आफ्नै ढङ्गबाट पाठ विभाजन गरेका हुन्छन् भने कतिपयले पाठ विभाजनप्रति वेवस्ता गर्दै शिक्षण

गरेको पाइन्छ । त्यसैले यस सम्बन्धी कक्षा अवलोकनबाट प्राप्त तथ्याङक्लाई निम्नानुसार तालिका र वृत्तचित्रमा देखाउन सकिन्छ :

**तालिका नं. ५४**

**निर्देशिकाअनुसार पाठ विभाजन**


| क.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निर्देशिकाअनुसार घण्टी विभाजन | ०% | २०% | ६०% | २०% | - |
| २ | आफ्नै किसिमले घण्टी विभाजन | ०% | ३०% | ५०% | २०% | - |
| ३ | घण्टी विभाजनप्रति वेवास्ता | ०% | ४०% | ५०% | १०% | - |
| | औसत मान ( $\overline{X}=\frac{\Sigma X}{N}$ ) | ०% | ३०% | ५३.३३% | १६.६७% | |

भाषापाठ्यक्रमलाई भाषा शिक्षणका निश्चित उद्देश्यसम्म पुग्नका लागि तयार पारिएको एउटा व्यापक, व्यवस्थित र योजनाबद्ध गोरेटोका रूपमा लिइन्छ । यो सीपमूलक प्रयोग र अभ्यासमा आधारित हुन्छ । भाषाशिक्षणका क्रममा भाषापाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु कसरी प्रस्तुत गर्ने भन्ने सन्दर्भमा शिक्षक निर्देशिकाले सहयोग गर्दछ । 'कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' भन्ने शीर्षकमा रहेर शोधगर्दा काभ्रे जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयमा कक्षा सातका नेपाली विषय शिक्षकका कक्षा अवलोकन गरियो । जसक्रममा निर्देशिकाअनुसार पाठ विभाजन गरिएको छ कि छैन भनेर अध्ययन गर्दा निर्देशिकाअनुसार घण्टी विभाजन गर्नेमा २० प्रतिशत उत्तम, ६० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । त्यसैगरी आफ्नै किसिमले  घण्टी विभाजन गर्नेमा ३० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । त्यस्तै घण्टी विभाजनप्रति वेवास्ता गर्नेमा ४० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । यसमा धेरैजसो शिक्षकले घण्टी विभाजनप्रति वेवास्ता गर्दै आफ्नै किसिमले शिक्षण गरेको तथ्याङ्क पाइयो । यसरी माथिको तालिकामा प्रस्तुत तथ्याङ्कलाई दृष्टिगत गर्दा घण्टी विभाजन प्रति

बेवास्ता गर्दै शिक्षण गर्नेको सङ्ख्या अरूको तुलनामा उत्तम रहेको तथ्याङ्क प्राप्त भएको छ । उक्त तथ्याङ्कलाई निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. ८**

**निर्देशिकाअनुसार पाठविभाजन**




निर्देशिकाअनुसार पाठविभाजन भन्ने शीर्षकमा रहेर तथ्याङ्कको विश्लेषण गर्दा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा दिइएको त्यही प्रतिशतबाट औसत मान निकाली समग्रमा निर्देशिकाअनुसार पाठ विभाजन भन्ने शीर्षकमा के कस्तो तथ्याङ्क छ भनेर हेर्दा ३० प्रतिशत उत्तम, ५३.३३ प्रतिशत मध्यम र १६.६७ प्रतिशत निम्न रहेको तथ्याङ्क प्राप्त भएको छ ।

**ख) निर्देशिकाअनुसार विषय प्रवेश र पाठ प्रारम्भ**

कक्षा अवलोकनका क्रममा विषय प्रवेश र पाठ प्रारम्भलाई एउटा विशिष्ट शीर्षकका रूपमा राखेर अघिल्लो पाठको पुनरावृत्ति, विद्यार्थीको रुचि, कक्षा व्यवस्थापन, विद्यार्थी सहभागिता जस्ता पक्षलाई आधार बनाएर अध्ययन गरिएको छ । हरेक व्यक्तिमा वैयक्तिक भिन्नताअनुसार फरक फरक विशेषता भएअनुसार अवलोकन गरिएका कक्षामा प्रत्येक विषय शिक्षकको विषय प्रवेश र शिक्षण आरम्भ गर्ने शैली फरक फरक देखियो । यसरी

अवलोकनबाट प्राप्त तथ्याङ्कको प्रतिशत निकाली निम्नानुसार तालिका र वृत्तचित्रमा देखाउन सकिन्छ :

**तालिका नं. ५५**

**निर्देशिकाअनुसार पाठ प्रारम्भ**


| क.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पूर्वपाठमा आधारित | - | ५०% | ४०% | १०% | |
| २ | पाठप्रति रुचि | - | ४०% | ४०% | २०% | |
| ३. | विद्यार्थी सहभागिता | - | ४०% | ५०% | १०% | |
| ४. | कक्षा व्यवस्थापन | - | ३०% | ५०% | २०% | |
| | औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | - | ४०% | ४५% | १५% | |

कक्षा कार्यकलापको प्रारम्भ सबै शिक्षकको एकै किसिमको नभई शिक्षकअनुसार फरक फरक हुन्छ । कक्षा प्रारम्भ गर्ने क्रममा केही शिक्षकले अघिल्लो दिनको गृहकार्य जाँच गरेर, केही शिक्षकले कथा सुनाएर, केही शिक्षकले पाठको कवितांश सुनाएर पाठसँग सन्दर्भित गराउँदै विषय प्रवेश गरेको देखियो । केही शिक्षकले अघिल्लो पाठको पुनरावृत्ति गर्दै हिजो पढिसकेका विषयवस्तुबारे विद्यार्थीलाई प्रश्न गर्दै पाठ प्रारम्भ गरेको पाइयो । कक्षा अवलोकन फारममा निर्धारित पक्षका आधारमा हेर्दा कक्षा प्रारम्भमा पूर्वपाठमा आधारित भएर विषय प्रवेश गर्नेमा ५० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । यसरी शिक्षकले औसत रूपमा अघिल्लो पाठसँग सम्बन्धित छलफल तथा पुन : स्मरण गराएरै कक्षा अगाडि बढाएको पाइन्छ । यस क्रममा विद्यार्थीलाई पाठप्रति रूचि जगाउन पाठको प्रकृति र सन्दर्भअनुसार कवितांश, प्रेरक भनाई, उखान टुक्का आदिको प्रयोग गर्दै कक्षा आरम्भ गरेको पाइयो । जसमा विद्यार्थीको पाठप्रति रुचि ४० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । त्यसैगरी विद्यार्थी सहभागिता ४० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको

तथ्याङ्क पाइयो । कक्षा व्यवस्थापनका सन्दर्भमा भने दैनिक शिक्षणका क्रममा व्यवस्थापन नगरी पूर्ववत भौतिक व्यवस्थापनको आधारमा कक्षा क्रियाकलाप सञ्चालन गरेको देखियो । कक्षा व्यवस्थापन खासै त्यति राम्रोसँग सबै पक्षलाई मिलाएर गरेको पाइएन । जसमा ३० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको तथ्याङ्क पाइयो । उक्त तथ्याङ्कलाई औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. ९**

**निर्देशिकाअनुसार पाठप्रारम्भ**




विषय प्रवेश र पाठ प्रारम्भ भन्ने शीर्षकमा रहेर तथ्याङ्कको विश्लेषण गर्दा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा दिइएको त्यही प्रतिशतबाट औसत मान निकाली समग्रमा निर्देशिमाअनुसार पाठ प्रारम्भको स्थिति के कस्तो छ भनेर हेर्दा ४० प्रतिशत उत्तम, ४५ प्रतिशत मध्यम र १५ प्रतिशत निम्न रहेको तथ्याङ्क प्राप्त भएको छ । यसरी अवलोकित कक्षामा प्रवेश रुचिपूर्ण, उत्साहपूर्ण, पूर्वपाठमा आधारित र विद्यार्थी सहभागितामूलक भए पनि व्यवस्थापन पक्षमा भने केही शिक्षक कमजोर देखिएका छन् ।

**ग) निर्देशिकाअनुसार शैक्षिक सामग्रीको प्रयोग**

भाषाका विभिन्न सीप र पक्षका विविध पाठ्यवस्तुहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा उपयोग गर्ने जुनसुकै सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ ।

भाषा शिक्षणमा सीपपक्ष वा पाठ्यवस्तुहरूको उपलब्धिपूर्ण शिक्षण साध्य वस्तु हो भने त्यस्तो शिक्षणको परिपूर्तिका लागि उपयोगी हुने साधनहरू शिक्षण सामग्री हुन् । शिक्षणलाई उद्देश्यपूर्ण, रोचक, उत्प्रेरक, आकर्षक र चिरस्थायी बनाउन शिक्षण सामग्रीको ठूलो भूमिका हुन्छ । शिक्षणका क्रममा श्रव्य, दृश्य, श्रव्यदृश्य र स्पर्श सामग्रीको प्रयोग विषयको प्रकृति र कक्षाको आवश्यकता अनुसार गर्न सकिन्छ । यस्ता सामग्री कतिपय त स्थानीय स्तरमा नै निर्माण तथा प्रयोग गर्न सकिने खालका हुन्छन् भने कतिपय चाहिँ बजारबाट खरिद गर्नुपर्ने नै खालका हुन्छन् तसर्थ शिक्षणका क्रममा प्रयोग हुने केही सामग्री सर्वसुलभ र प्राप्त हुन्छन् भने केही सामग्री महङ्गा र अप्राप्त हुन्छन् । शिक्षण सामग्रीको व्यवस्था र कक्षामा तिनको प्रयोग गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमता, स्तर, सङ्ख्या, अनुभवको सेरोफेरो, भाषिक र सांस्कृतिक पृष्ठभूमि, स्थानीय वातावरण, पाठगत सान्दर्भिकता, विषयवस्तु र पाठ्यवस्तुको प्रकृति जस्ता विविध कुराहरूमा विशेष ख्याल गर्नुपर्छ । अध्ययनका क्रममा अवलोकन गरिएका कक्षामा देखिएको शिक्षण सामग्री प्रयोगको अवस्था तलको तालिकाबाट बुझ्न सकिन्छ :

**तालिका नं. ५६**


**निर्देशिकाअनुसार शैक्षिक सामग्री प्रयोग**

| क्र.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्पष्ट देखिने र बुझिने | १०% | ४०% | ४०% | १०% | - |
| २ | भित्तेपाटीको प्रयोग | २०% | ४०% | ४०% | ०% | |
| ३. | शब्दपत्ती र वाक्यपत्तीको प्रयोग | ०% | ५०% | ४०% | १०% | - |
| ४. | पाठसँग सम्बन्धित तालिका र नमुना प्रयोग | १०% | ३०% | ४०% | २०% | - |
| ५. | स्थानीय सामग्रीको प्रयोग | ०% | ३०% | ४०% | ३०% | - |
| ६. | उद्देश्य प्राप्तिमा सहयोग | १०% | ३०% | ५०% | १०% | - |
| | औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | ८.३३% | ३६.६७% | ४१.६७% | १३.३३% | |

प्रस्तुत तालिकाअनुसार शैक्षिक सामग्रीको प्रयोग स्थितिलाई हेर्दा स्पष्ट देखिने र बुझिने सामग्री १० प्रतिशत अति उत्तम, ४० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । यसका आधारमा हेर्दा धेरै शिक्षकका सामग्री उत्तम र मध्यम श्रेणीमा परेको देखिन्छ । भित्तेपाटीको प्रयोगलाई हेर्दा २० प्रतिशत अति उत्तम, ४० प्रतिशत उत्तम र ४० प्रतिशत मध्यम रहेको पाइयो । यसरी माथिको तथ्याङ्कलाई हेर्दा अधिकांश विद्यालयमा नेपाली विषयका शिक्षकले राम्रो तरिकाले भित्तेपाटीको प्रयोग गरेको पाइयो । शब्दपत्ती र वाक्यपत्तीको प्रयोग अवस्थालाई हेर्दा ५० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । यसरी प्राप्त तथ्याङ्कलाई हेर्दा शब्दपत्ती र वाक्यपत्तीको प्रयोगमा शिक्षकहरूले अलिक कम ध्यान दिएको देखिन्छ । पाठसँग सम्बन्धित तालिका र नमुना प्रयोगलाई हेर्दा १० प्रतिशत अति उत्तम, ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । यसरी प्राप्त तथ्याङ्कलाई हेर्दा धेरैजसो शिक्षकले पाठसँग सम्बन्धित तालिका र नमुना प्रयोगलाई वेवास्ता गरेको पाइयो । स्थानीय सामग्रीको प्रयोग स्थितिलाई हेर्दा ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र ३० प्रतिशत निम्न रहेको पाइयो । जुन निर्देशिकाअनुसार प्रतिकूल नै रहेको पाइयो । यसरी प्रयोग गरिएका सामग्री उद्देश्य प्राप्तिमा केन्द्रित छन् कि छैनन् भन्ने कुरालाई हेर्दा १० प्रतिशत अति उत्तम, ३० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । जुन ठिकै देखिन्छ । उक्त तथ्याङ्कलाई औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. १०**

**निर्देशिकाअनुसार शैक्षिक सामग्रीको प्रयोग**



कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली थप स्पष्ट पार्नका लागि वृत्तचित्रमा देखाउँदा निर्देशिकाअनुसार समग्र शैक्षिक सामग्रीको प्रयोग अवस्था ८.३३ प्रतिशत अति उत्तम, ३६.६७ प्रतिशत उत्तम, ४१.६७ प्रतिशत मध्यम र १३.३३ प्रतिशत निम्न रहेको पाइयो । यसरी समग्र रूपमा शैक्षिक सामग्रीको प्रयोग स्थिति सामान्य नै देखिन्छ । हाम्रो जस्तो गरिब मुलुकका सबै ठाउँमा टेलिभिजन, टेप रेकर्डर, चलचित्र, प्रक्षेपक आदि महँगा र यान्त्रिक सामग्रीको प्रयोग सम्भव कम देखिन्छ । यस्तो अवस्थामा शिक्षकले स्थानीय तहमा उपलब्ध हुनसक्ने स्वनिर्मित सङ्कलित सामग्रीहरूको उपयोग गरेर भए पनि शिक्षणलाई रोचक, आकर्षक र प्रभावकारी बनाउन सधैं प्रयत्नरत हुनुपर्छ ।

### घ) निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरण

विद्यार्थीहरूलाई भाषिक व्यवहारमा सक्षम बनाउन, बोध र अभिव्यक्ति क्षमताको विकास गराउन, सिर्जनशील अभिव्यक्ति क्षमताको विकास गराउन तथा अन्य विषयको पठन पाठनको माध्यम भाषामा सबल बनाउन नेपाली विषयको शिक्षणमा कक्षा प्रस्तुतीकरणको प्रमुख भूमिका रहेको हुन्छ । पाठ्यक्रमले राखेका लक्ष्य तथा उद्देश्य पूरा गर्न छनोट र स्तरण गरिएका पाठ्य विषयको क्रमबद्ध प्रस्तुतीकरणमा विषय शिक्षकको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । पाठ प्रस्तुतीकरणको वास्तविक अवस्था बुझ्न गरिएको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिका र उक्त तथ्याङ्कको औसत मान निकाली वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५७**


**निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरण**

| क्र.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | १0% | ५0% | ३0% | १0% | |
| २ | विषयवस्तुको पर्याप्तता | १0% | ५0% | ३0% | १0% | |
| ३. | पाठको क्रमबद्धता | 0% | ४0% | ५0% | १0% | |
| ४. | उदाहरणको उपयुक्तता | 0% | ३0% | ५0% | २0% | |
| | औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | ५% | ४२.५% | ४0% | १२.५% | |

प्रस्तुत तालिकाअनुसार अवलोकन गरिएका कक्षामा पाठ प्रस्तुतीकरणको स्थितिलाई हेर्दा विषयवस्तुको ज्ञान १० प्रतिशत अति उत्तम, ५० प्रतिशत उत्तम, ३० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । माथिको तथ्याङ्कलाई हेर्दा धेरै जसो शिक्षकहरूमा विषयवस्तुको ज्ञान राम्रो रहेको पाइयो । विषयवस्तुको पर्याप्ततामा १० प्रतिशत अति उत्तम, ५० प्रतिशत उत्तम, ३० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । यसरी विषयवस्तुको पर्याप्तता शिक्षकहरूमा राम्रो रहेको देखिन्छ । पाठको क्रमबद्धतामा ४० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । माथिको तथ्याङ्कलाई हेर्दा धेरै शिक्षकले पाठको क्रमबद्धतामा कम ध्यान दिएको देखिन्छ । त्यस्तै उदाहरणको उपयुक्ततामा ३० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । यसरी विषयवस्तुको सामान्य मात्र ज्ञान भएका शिक्षकहरूको कक्षामा धेरै उदाहरण प्रयोग गरेको पाइयो । उक्त तथ्याङ्कलाई औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. ११**

**निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरण**




कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली थप प्रस्ट पार्नका लागि वृत्तचित्रमा देखाउँदा समग्र पाठ प्रस्तुतीकरणको स्थिति ५ प्रतिशत अति उत्तम, ४२.५ प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १२.५ प्रतिशत निम्न

रहेको पाइयो । यसरी सम्बन्धित विषयवस्तुमा पर्याप्त मात्रामा ज्ञान भएका शिक्षकहरूको पाठ प्रस्तुतीकरण उपयुक्त, क्रमबद्ध र रुचिपूर्ण तथा उदाहरणद्वारा प्रस्ट पारिएको हुनाले कक्षा प्रस्तुतीकरणको समग्र पक्ष ठिकै देखिन्छ ।

ङ) **निर्देशिकाअनुसार शिक्षण सिकाइ कार्यकलाप**

शिक्षण सिकाइ कार्यकलाप शिक्षणको सबैभन्दा महत्त्वपूर्ण कार्य हो । यसभित्र उद्देश्य प्राप्त गर्न उपयोगी हुने पाठ्यवस्तु अनुकूलका शिक्षण विधि, प्रक्रिया, शिक्षण क्रम तथा शिक्षक विद्यार्थी कार्यकलापको स्पष्ट र सविस्तृत सूचना दिएको हुन्छ । शिक्षण कार्यकलाप र प्रक्रिया उत्प्रेरणा जगाउने र विद्यार्थी सक्रियता बढाउने हुनुपर्छ । विद्यार्थीका रुचि, प्रवृत्ति र क्षमता अनुरूप र सरल हुनुपर्छ । उद्देश्यगत उपलब्धितर्फ केन्द्रित हुनुपर्छ । शिक्षण सिकाइ कार्यकलापको प्रभावकारिता र उपयुक्तताबाटै अपेक्षित सिकाइ उपलब्धिको उच्च विन्दु समात्न सकिने भएकाले यसको चयनमा विशेष सीप र सचेतता अपनाउनु पर्छ । यस अध्ययनका क्रममा कक्षा अवलोकनबाट शिक्षण सिकाइ कार्यलापमा प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५८**

**निर्देशिकाअनुसार शिक्षण सिकाइ क्रियाकलाप**


| क्र.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी सङ्ख्या | ०% | ५०% | ४०% | १०% | |
| २ | हाउभाउको उचित प्रयोग | ०% | ४०% | ५०% | १०% | |
| ३. | प्रश्नोत्तरको उपयुक्तता | २०% | ५०% | ३०% | ०% | |
| ४. | कक्षा अनुसासन | ०% | ३०% | ४०% | ३०% | |
| | औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | ५% | ४२.५% | ४०% | १२.५% | |

प्रस्तुत तालिकाअनुसार अवलोकन गरिएका कक्षामा विद्यार्थी सङ्ख्यामा ५० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । विषयको प्रकृतिअनुरूप

हाउभाउको उचित प्रयोगमा ४० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । शिक्षण सिकाइका क्रममा प्रश्नोत्तर विधिका माध्यमबाट छलफल सहित शिक्षण गरिएका कक्षामा प्रश्नोत्तरको उपयुक्तता हेर्दा २० प्रतिशत अति उत्तम, ५० प्रतिशत उत्तम र ३० प्रतिशत मध्यम रहेको पाइयो । कक्षामा शिक्षण सिकाइ कार्यकलाप सञ्चालन भइरहेको अवस्थामा कक्षा अनुशासनको स्थिति ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र ३० प्रतिशत निम्न रहेको पाइयो । उक्त तथ्याङ्कलाई औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. १२**

**निर्देशिकाअनुसार शिक्षण सिकाइ क्रियाकलाप**




कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली थप प्रस्ट पार्नका लागि वृत्तचित्रमा देखाउँदा समग्र शिक्षण सिकाइ क्रियाकलापको स्थिति ५ प्रतिशत अति उत्तम, ४२.५ प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १२.५ प्रतिशत निम्न रहेको पाइयो । यसरी शिक्षण सिकाइ क्रियाकलाप शिक्षणको एक महत्त्वपूर्ण अङ्ग भएकाले क्रियाकलाप उल्लेख गर्दा पहिले के गर्ने, त्यसपछि के गर्ने, विद्यार्थीहरूलाई कस्ता कार्यमा सरिक गराउने, शिक्षण सामग्रीको उपयोग कहाँ र कुन सन्दर्भमा गर्ने, के कस्ता अभ्यास गराउने आदि कुरा क्रमबद्ध बुँदामा प्रस्तुत गर्नुपर्छ ।

च)	निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोग

शिक्षण सिकाइका क्रममा कसरी कक्षा प्रस्तुतीकरण गर्ने भन्ने कुरा नै प्रयोग गरिने शिक्षण विधि हुन् । नेपाली शिक्षणका सन्दर्भमा पनि शिक्षण विधिको मुख्य भूमिका रहेको हुन्छ । नेपाली शिक्षणका सन्दर्भमा प्रयोग गर्ने गरिएका शिक्षण विधिहरूमा प्रश्नोत्तर, छलफल, व्याख्या, प्रदर्शन, खोज आदि विधिहरू पर्दछन् । यिनैका आधारमा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा र औसत मानमा रूपान्तरण गरी वृत्तचित्रमा देखाइएको छ :

तालिका नं. ५९

निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोग


| क्र.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रश्नोत्तर | १०% | ५०% | ३०% | १०% | |
| २ | छलफल | ०% | ३०% | ५०% | २०% | |
| ३. | व्याख्यान | २०% | ५०% | ३०% | ०% | |
| ४. | प्रदर्शन | ०% | ३०% | ४०% | ३०% | |
| ५. | खोज | ०% | २०% | ४०% | ४०% | |
| | औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | ६% | ३६% | ३८% | २०% | |

शिक्षण सिकाइ क्रियाकलापको अपेक्षित सिकाइ उपलब्धिको उच्च विन्दु समात्न शिक्षण विधिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले शिक्षण विधिको छनोटमा शिक्षकले विशेष ध्यान दिनु पर्दछ । शिक्षण विधिको प्रयोगअन्तर्गत रहेर कक्षा अवलोकन गर्दा प्रश्नोत्तरमा १० प्रतिशत अति उत्तम, ५० प्रतिशत उत्तम, ३० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । यस विधिको प्रयोग गरिएका अधिकांश कक्षामा विद्यार्थीहरूलाई प्रश्न सोधेर सामान्य छलफल गरेको पाइयो । छलफल विधिमा ३० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा

छलफल विधिको प्रयोग सामान्य रहेको पाइन्छ । व्याख्यान विधिमा २० प्रतिशत अति उत्तम, ५० प्रतिशत उत्तम र ३० प्रतिशत मध्यम रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा अधिकांश विद्यालयका शिक्षकले व्याख्यान विधिको राम्रो प्रयोग गरेको पाइयो । प्रदर्शन विधिमा ३० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र ३० प्रतिशत निम्न रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई दृष्टिगत गर्दा प्रदर्शन विधिको प्रयोग कम शिक्षकले मात्र गरेको पाइयो । त्यसैगरी खोज विधिमा २० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र ४० प्रतिशत निम्न रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा कम शिक्षकले मात्र खोज विधि प्रयोग गरेर शिक्षण गरेको पाइयो । उक्त तथ्याङ्कलाई समग्र रूपमा औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. १३**

**निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोग**




कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली थप प्रस्ट पार्नका लागि वृत्तचित्रमा देखाउँदा समग्र शिक्षण विधिको प्रयोग स्थिति ६ प्रतिशत अति उत्तम, ३६ प्रतिशत उत्तम, ३८ प्रतिशत मध्यम, र २० प्रतिशत निम्न रहेको पाइयो । जुन प्रयोगका हिसाबले सामान्य देखिन्छ ।

छ) निर्देशिकाअनुसार मूल्याङ्कनको प्रयोग

मूल्याङ्कन शिक्षणको अभिन्न एवम् निरन्तर प्रक्रिया हो शिक्षणका उद्देश्य के कति पूरा भए के कति पूरा भएनन् भनेर लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ भने भाषा शिक्षण पश्चात विद्यार्थीले प्राप्त गरेको भाषिक उपलब्धि मापन गर्ने कार्यलाई भाषिक मूल्याङ्कन भनिन्छ । मूल्याङ्कनबाटै विशिष्ट उद्देश्यहरू प्राप्त हुन सके नसकेको, शिक्षण सामग्री प्रभावकारी हुन सके नसकेको र समग्र शिक्षण विधि र कार्यकलाप उपयुक्त हुन सके नसकेको पृष्ठपोषण प्राप्त हुन्छ र तिनमा आवश्यक सुधार पुनरावृत्ति र परिमार्जन गरी लैजाने आधार प्राप्त हुन्छ तसर्थ यसलाई शिक्षणको एक अभिन्न र अनिवार्य अङ्ग मानिन्छ । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा र औसत मान निकाली वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

तालिका नं. ६०

निर्देशिकाअनुसार मूल्याङ्कनको प्रयोग


| क.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निरन्तर र आन्तरिक | ०% | ५०% | ३०% | २०% | - |
| २ | उद्देश्य प्राप्तिमा सहायक | ०% | ४०% | ५०% | १०% | - |
| ३. | कक्षा कार्य | १०% | ५०% | ४०% | ०% | - |
| ४. | शिक्षण विधिको उपयुक्तता | ०% | ४०% | ४०% | २०% | - |
| ५. | प्रश्नोत्तर | १०% | ५०% | ३०% | १०% | - |
| ६. | गहृकार्य | १०% | ६०% | ३०% | ०% | - |
| | औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | ५% | ४८.३३% | ३६.६७% | १०% | - |

प्रस्तुत तालिकाअनुसार अवलोकन गरिएका कक्षाबाट प्राप्त तथ्याङ्कको आधारमा मूल्याङ्कनमा प्राप्त परिणाम निरन्तर र आन्तरिकमा ५० प्रतिशत उत्तम, ३० प्रतिशत

मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा प्रायजसो शिक्षकले निरन्तर र आन्तरिक मूल्याङ्कन गरेको पाइयो । उद्देश्य प्राप्ति सहायकमा ४० प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । कक्षा कार्यमा १० प्रतिशत अति उत्तम, ५० प्रतिशत उत्तम र ४० प्रतिशत मध्यम रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा प्राय सबै शिक्षकको कक्षा कार्य राम्रो रहेको पाइयो । शिक्षण विधिको उपयुक्ततामा ४० प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । प्रश्नोत्तरमा १० प्रतिशत अति उत्तम, ५० प्रतिशत उत्तम, ३० प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा प्रायजसो शिक्षकका कक्षामा प्रश्नोत्तरको प्रयोग ठिकै देखिन्छ । गृहकार्यमा १० प्रतिशत अति उत्तम, ६० प्रतिशत उत्तम र ३० प्रतिशत मध्यम रहेको पाइयो । उक्त तथ्याङ्कलाई हेर्दा गृहकार्य प्रयोगको स्थिति राम्रो देखिन्छ । यसरी प्राप्त तथ्याङ्कलाई समग्र रूपमा औसत मानका आधारमा निम्नानुसार वृत्तचित्रमा देखाउन सकिन्छ :

**वृत्तचित्र नं. १४**

**निर्देशिकाअनुसार मूल्याङ्कनको प्रयोग**




कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली थप प्रस्ट पार्नका लागि वृत्तचित्रमा देखाउँदा समग्र मूल्याङ्कनको स्थितिमा ५ प्रतिशत अति उत्तम, ४८.३३ प्रतिशत उत्तम, ३६.६७ प्रतिशत मध्यम र १० प्रतिशत निम्न

रहेको पाइयो । मूल्याङ्कको समग्र स्थितिलाई दृष्टिगत गर्दा प्रयोग स्थिति ठिकै देखिए तापनि पाठ्यवस्तुको प्रकृति र उद्देश्यगत अभिप्रायअनुसार उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया र प्रविधिको योजनाबद्ध प्रस्तुति गर्नु आवश्यक देखिन्छ ।

यसरी 'कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा शोधपत्र तयार पार्ने क्रममा नुवाकोट र काभ्रे जिल्लाका सामुदायिक र संस्थागत विद्यालयबाट आवश्यक सूचना तथा सामग्री सङ्कलन गरियो । उल्लिखित दुई जिल्लाबाट प्राप्त तथ्याङ्कको आधारमा कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग अवस्थालाई दृष्टिगत गर्दा प्रायजसो विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता रहेको पाइयो । यसरी प्रायजसो विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता रहे तापनि शिक्षकले कक्षाशिक्षणको क्रममा निर्देशिकाको उचित तरिकाको कारणले प्रभावकारी प्रयोग गरेको पाइएन । शिक्षकले कक्षा शिक्षणका क्रममा निर्देशिकाको प्रयोग गर्नुपर्ने प्रवधान रहेतापनि विद्यालय, पाठ्यक्रम विकास केन्द्र तथा स्वयम शिक्षकको वेवास्ताले गर्दा शिक्षक निर्देशिकाको उचित तरिकाले प्रयोग हुन नसकेको अवस्था पाइयो । यसले गर्दा विद्यालय तहको शिक्षामा गुणस्तरियता माथि प्रश्न चिह्न खडा भएको देखिन्छ ।

# अध्याय पाँच

## कक्षा सातको नेपाली शिक्षक निर्देशिका प्रयोगको तुलनात्मक अवस्था

प्रस्तुत शोध 'कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' सम्बन्धी अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा नुवाकोट र काभ्रे जिल्लाका १० वटा सामुदायिक र १० वटा संस्थागत गरी २० वटा विद्यालयमा गई प्रधानाध्यापक प्रश्नावली, शिक्षक प्रश्नावलीका माध्यमबाट प्रत्यक्ष अन्तर्वार्ता तथा सम्बन्धित विषय शिक्षकको कक्षा अवलोकन गरी आवश्यक सूचना तथा सामग्रीहरू सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीको आधारमा यसभन्दा अघिल्लो अध्यायमा नुवाकोट र काभ्रे जिल्लामा कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग अवस्थाको व्याख्या विश्लेषण गरिएको छ र त्यस्तै व्याख्या विश्लेषणबाट प्राप्त नतिजाका आधारमा यस अध्यायमा नुवाकोट र काभ्रे जिल्लाका कक्षा सातको शिक्षक निर्देशिका प्रयोग अवस्थाको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यहाँ प्रधानाध्यापक प्रश्नावली, शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई फरक फरक शीर्षकमा तुलना गरिएको छ ।

### ५.१ प्रधानाध्यापक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको आधारमा तुलना

यहाँ प्रत्येक प्रश्नमा प्राप्त प्रतिक्रियालाई छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरी त्यसैका आधारमा तुलना गरिएको छ ।

प्रश्न नं. १ तपाईंको विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध छ कि छैन ? छैन भने उपलब्ध नहुनुमा कुन निकाय जिम्मेवार रहन्छ ? भन्ने प्रश्नमा प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६१

विद्यालयमा निर्देशिकाको उपलब्धता

| नुवाकोट | | काभ्रे | |
|---|---|---|---|
| छ | छैन | छ | छैन |
| ७०% | ३०% | ९०% | १०% |

| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|---|---|
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| ८०% | २०% | ६०% | ४०% | १००% | ०% | ८०% | २०% |

प्रस्तुत तालिकाअनुसार विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध छ कि छैन ? छैन भने उपलब्ध नहुनुमा कुन निकाय जिम्मेवार रहन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोट जिल्लामा भन्दा काभ्रे जिल्लामा शिक्षक निर्देशिकाको उपलब्धता राम्रो रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट जिल्लाका ७० प्रतिशत तथा काभ्रे जिल्लाका ९० प्रतिशत विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध रहेको पाइयो भने नुवाकोटका ३० प्रतिशत तथा काभ्रेका १० प्रतिशत विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध नरहेको पाइयो । यसरी शिक्षक निर्देशिका उपलब्ध नहुनुमा कुन निकाय जिम्मेवार रहन्छ भन्ने प्रश्नमा भने नुवाकोट र काभ्रे दुवै जिल्लाका प्रधानाध्यापकले सरकारी निकाय भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालयका प्रकृतिको आधारमा निर्देशिका उपलब्धताको तुलनात्मक स्थितिलाई हेर्दा नुवाकोट जिल्लाका सामुदायिक विद्यालयमा भन्दा काभ्रे जिल्लाका सामुदायिक विद्यालयमा निर्देशिकाको उपलब्धता राम्रो रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट जिल्लाका ८० प्रतिशत तथा काभ्रे जिल्लाका शतप्रतिशत सामुदायिक विद्यालयमा निर्देशिका उपलब्ध रहेको पाइयो भने नुवाकोटका २० प्रतिशत सामुदायिक विद्यालयमा निर्देशिका उपलब्ध नरहेको पाइयो । त्यसैगरी नुवाकोट जिल्लाका संस्थागत विद्यालयमा भन्दा काभ्रे जिल्लाका संस्थागत विद्यालयमा निर्देशिकाको उपलब्धता राम्रो रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट जिल्लाका ६० प्रतिशत तथा काभ्रे जिल्लाका ८० प्रतिशत संस्थागत विद्यालयमा निर्देशिका उपलब्धता रहेको पाइयो भने नुवोकाटका ४० प्रतिशत तथा काभ्रेका २० प्रतिशत संस्थागत विद्यालयमा निर्देशिका उपलब्ध नरहेको पाइयो ।

प्रश्न नं. २ दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न सम्भव छ ? छैन भने कारण उल्लेख गर्नुहोस् । भन्ने प्रश्नमा प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६२

**दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| सम्भव छ | | सम्भव छैन | | सम्भव छ | | सम्भव छैन | |
| ६०% | | ४०% | | ५०% | | ५०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| सम्भव छ | सम्भव छैन | सम्भव छ | सम्भव छैन | सम्भव छ | सम्भव छैन | सम्भव छ | सम्भव छैन |
| ६०% | ४०% | ६०% | ४०% | ६०% | ४०% | ४०% | ६०% |

प्रस्तुत तालिकाअनुसार दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न सम्भव छ ? छैन भन्ने कारण उल्लेख गर्नुहोस् । भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा काभ्रे जिल्लाका प्रधानाध्यापकले भन्दा नुवोकाट जिल्लाका प्रधानाध्यापकले 'सम्भव छ' भन्नेमा बढी प्रतिक्रिया व्यक्त गरेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ५० प्रतिशत प्रधानाध्यापकले 'सम्भव छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ५० प्रतिशत प्रधानाध्यापकले 'सम्भव छैन' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो र सम्भव नहुनुमा नुवोकाट जिल्लाका प्रधानाध्यापकले समयको अभावलाई कारणका रूपमा उल्लेख गरेका छन् भने काभ्रेका प्रधानाध्यापकले निर्देशिकामा उल्लेख भएका सम्पूर्ण क्रियाकलाप गराउन सम्भव नहुनुलाई कारणका रूपमा उल्लेख गरेका छन् ।

विद्यालय प्रकृतिका आधारमा दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षणलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोट र काभ्रे जिल्लाका सामुदायिक विद्यालयका बराबर प्रधानाध्यापकले 'सम्भव छ' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका समान ६० प्रतिशत प्रधानाध्यापकले 'सम्भव छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने समान ४० प्रतिशतले 'सम्भव छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी

काभ्रे जिल्लाका संस्थागत विद्यालयका प्रधानाध्यापकले भन्दा नुवाकोट जिल्लाका संस्थागत विद्यालयका प्रधानाध्यापकले दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न 'सम्भव छ' भन्नेमा राम्रो प्रतिक्रिया व्यक्त गरेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत प्रधानाध्यापकले 'सम्भव छ' भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत प्रधानाध्यापकले 'सम्भव छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ३ विद्यालयमा शिक्षकहरूले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् ? भन्ने कुराको ख्याल कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नमा प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिका प्रस्तुत गरिएको छ :

**तालिका नं. ६३**

**निर्देशिकाअनुसार शिक्षण गरे नगरेको ख्याल**

<table>
<tr><td colspan="4">नुवाकोट</td><td colspan="4">काभ्रे</td></tr>
<tr><td colspan="2">कक्षा अवलोकन गरेर</td><td colspan="2">दैनिक पाठयोजना हेरेर</td><td colspan="2">कक्षा अवलोकन गरेर</td><td colspan="2">दैनिक पाठयोजना हेरेर</td></tr>
<tr><td colspan="2">७०%</td><td colspan="2">३०%</td><td colspan="2">७०%</td><td colspan="2">३०%</td></tr>
<tr><td colspan="2">सामुदायिक</td><td colspan="2">संस्थागत</td><td colspan="2">सामुदायिक</td><td colspan="2">संस्थागत</td></tr>
<tr><td>कक्षा अवलोकन गरेर</td><td>दैनिक पाठयोजना हेरेर</td><td>कक्षा अवलोकन गरेर</td><td>दैनिक पाठयोजना हेरेर</td><td>कक्षा अवलोकन गरेर</td><td>दैनिक पाठयोजना हेरेर</td><td>कक्षा अवलोकन गरेर</td><td>दैनिक पाठयोजना हेरेर</td></tr>
<tr><td>६०%</td><td>४०%</td><td>८०%</td><td>२०%</td><td>८०%</td><td>२०%</td><td>६०%</td><td>४०%</td></tr>
</table>

प्रस्तुत तालिकाअनुसार शिक्षकले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् ? भन्ने कुराको ख्याल कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा काभ्रे र नुवाकोट जिल्लाका समान ७० प्रतिशत प्रधानाध्यापकले 'कक्षा अवलोकन गरेर' ख्याल गर्छु भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने समान ३० प्रतिशत प्रधानाध्यापकले 'दैनिक पाठयोजना हेरेर' ख्याल गर्छु भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । यसरी हेर्दा कक्षा अवलोकन र दैनिक पाठयोजनामा काभ्रे र नुवाकोट जिल्लाका प्रधानाध्यापकको बराबर प्रतिक्रिया देखिन्छ ।

विद्यालय प्रकृतिका आधारमा शिक्षकले निर्देशिकाअनुसार शिक्षण गरेका छन् कि छैनन् भन्ने कुराको ख्याल कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोट जिल्लाका ६० प्रतिशत तथा काभ्रे जिल्लाका ८० प्रतिशत सामुदायिक विद्यालयका प्रधानाध्यापकले 'कक्षा अवलोकन गरेर' ख्याल गर्छु भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका २० प्रतिशत प्रधानाध्यापकले 'दैनिक पाठयोजना हेरेर' ख्याल गर्छु भन्ने प्रतिक्रिया दिएको पाइयो । यसरी हेर्दा काभ्रे र नुवाकोट दुवै जिल्लाका सामुदायिक विद्यालयका प्रधानाध्यापकले 'कक्षा अवलोकन गरेर' ख्याल गर्छु भन्नेमा बढी प्रतिक्रिया व्यक्त गरेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयलाई हेर्दा काभ्रेका ६० प्रतिशत तथा नुवाकोटका ८० प्रतिशत विद्यालयका प्रधानाध्यापकले 'कक्षा अवलोकन गरेर' ख्याल गर्छु भन्ने प्रतिक्रिया दिएको पाइयो भने काभ्रेका ४० प्रतिशत तथा नुवाकोटका २० प्रतिशत विद्यालयका प्रधानाध्यापकले 'दैनिक पाठयोजना हेरेर' ख्याल गर्छु भन्ने प्रतिक्रिया दिएको पाइयो । यसरी हेर्दा काभ्रे र नुवाकोट जिल्लाका संस्थागत विद्यालयका प्रधानाध्यापकले पनि 'कक्षा अवलोकन गरेर' ख्याल गर्छु भन्नेमा बढी प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ४ निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री विद्यालयमा कति उपलब्ध रहेका छन् ? भन्ने प्रश्नमा प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६४**

**विद्यालयमा शिक्षण सामग्रीको उपलब्धता**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| आवश्यकता अनुसार | | केही मात्रामा | | आवश्यकता अनुसार | | केही मात्रामा | |
| ७०% | | ३०% | | ६०% | | ४०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| आवश्यकता अनुसार | केही मात्रामा | आवश्यकता अनुसार | केही मात्रामा | आवश्यकता अनुसार | केही मात्रामा | आवश्यकता अनुसार | केही मात्रामा |
| ६०% | ४०% | ८०% | २०% | ४०% | ६०% | ८०% | २०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकाले निर्देश गरेअनुसारका शिक्षण सामग्री विद्यालयमा कति उपलब्ध रहेका छन् ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा काभ्रे जिल्लामा भन्दा नुवाकोट जिल्लामा शिक्षण सामग्रीको उपलब्धता राम्रो रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ७० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत विद्यालयमा 'आवश्यकता अनुसार' शिक्षण सामग्री उपलब्धता रहेको प्रतिक्रिया पाइयो भने नुवाकोटका ३० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत विद्यालयमा 'केही मात्रामा' मात्र शिक्षण सामग्री उपलब्धता रहेको प्रतिक्रिया पाइयो ।

विद्यालय प्रकृतिका आधारमा शिक्षण सामग्रीको उपलब्धतालाई तुलनात्मक रूपमा हेर्दा काभ्रेका सामुदायिक विद्यालयमा भन्दा नुवाकोटका सामुदायिक विद्यालयमा शिक्षण सामग्रीको उपलब्धता राम्रो पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा काभ्रेका ४० प्रतिशत तथा नुवाकोटका ६० प्रतिशत सामुदायिक विद्यालयमा 'आवश्यकता अनुसार' शिक्षण सामग्री उपलब्धता रहेको पाइयो भने काभ्रेका ६० प्रतिशत तथा नुवाकोटका ४० प्रतिशत सामुदायिक विद्यालयमा 'केही मात्रामा' मात्र शिक्षण सामग्री उपलब्धतालाई रहेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयमा शिक्षण सामग्रीको उपलब्धतालाई हेर्दा काभ्रे र नुवाकोट जिल्लामा बराबर प्रतिक्रिया पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा काभ्रे र नुवाकोट जिल्लाका समान ८० प्रतिशत संस्थागत विद्यालयमा 'आवश्यकताअनुसार' शिक्षण सामग्री उपलब्धता रहेको पाइयो भने समान २० प्रतिशत संस्थागत विद्यालयमा 'केही मात्रामा' मात्र शिक्षण सामग्रीको उपलब्धता रहेको पाइयो ।

प्रश्न नं. ५ निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम कति कति समयावधिमा सञ्चालन हुँदै आएका छन् ? भन्ने प्रश्नमा प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ६५

## निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालन

<table>
<tr><td colspan="6">नुवाकोट</td><td colspan="6">काभ्रे</td></tr>
<tr><td colspan="2">शैक्षिक सत्रको सुरुमा</td><td colspan="2">कहिलेकाहीँ</td><td colspan="2">छैन</td><td colspan="2">शैक्षिक सत्रको सुरुमा</td><td colspan="2">कहिलेकाहीँ</td><td colspan="2">छैन</td></tr>
<tr><td colspan="2">१०%</td><td colspan="2">५०%</td><td colspan="2">४०%</td><td colspan="2">१०%</td><td colspan="2">३०%</td><td colspan="2">६०%</td></tr>
<tr><td colspan="3">सामुदायिक</td><td colspan="3">संस्थागत</td><td colspan="3">सामुदायिक</td><td colspan="3">संस्थागत</td></tr>
<tr><td>शै.स.सु</td><td>कहिलेकाहीँ</td><td>छैन</td><td>शै.स.सु</td><td>कहिलेकाहीँ</td><td>छैन</td><td>शै.स.सु</td><td>कहिलेकाहीँ</td><td>छैन</td><td>शै.स.सु</td><td>कहिलेकाहीँ</td><td>छैन</td></tr>
<tr><td>०%</td><td>६०%</td><td>४०%</td><td>२०%</td><td>४०%</td><td>४०%</td><td>०%</td><td>४०%</td><td>६०%</td><td>२०%</td><td>२०%</td><td>६०%</td></tr>
</table>

प्रस्तुत तालिकाअनुसार निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम कति कति समयावधिमा सञ्चालन हुँदै आएका छन् ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा काभ्रे जिल्लामा भन्दा नुवाकोट जिल्लामा तालिम कार्यक्रम सञ्चालन राम्रो रहेको प्रतिक्रिया पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका समान १० प्रतिशत प्रधानाध्यापकले 'शैक्षिक सत्रको सुरुमा' निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालन हुने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ५० प्रतिशत तथा काभ्रेका ३० प्रतिशत प्रधानाध्यापकले 'कहिलेकाहीँ' तालिम कार्यक्रम सञ्चालन हुने गरेको प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत प्रधानाध्यापकले निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालन भएको 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालनलाई हेर्दा काभ्रेका सामुदायिक विद्यालयका प्रधानाध्यापक भन्दा नुवाकोटका सामुदायिक विद्यालयका प्रधानाध्यापकको प्रतिक्रिया राम्रो पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट जिल्लाका ६० प्रतिशत तथा काभ्रे जिल्लाका ४० प्रतिशत सामुदायिक विद्यालयका प्रधानाध्यापकले 'कहिलेकाहीँ' सञ्चालन हुने गरेको प्रतिक्रिया दिए भने नुवाकोटका ४०

प्रतिशत तथा काभ्रेका ६० प्रतिशत सामुदायिक विद्यालयका प्रधानाध्यापकले तालिम कार्यक्रम सञ्चालन भएको 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयमा निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालनलाई तुलनात्मक रूपमा हेर्दा काभ्रे जिल्लाका भन्दा नुवाकोट जिल्लाका प्रधानाध्यापकको प्रतिक्रिया राम्रो पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका समान २० प्रतिशत संस्थागत विद्यालयका प्रधानाध्यापकले शैक्षिक सत्रको सुरुमा निर्देशिका प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालन हुने गरेको प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका २० प्रतिशत प्रधानाध्यापकले 'कहिलेकाहीँ' सञ्चालन हुने गरेको प्रतिक्रिया दिएको पाइयो । त्यस्तै नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत प्रधानाध्यापकले निर्देशित प्रयोगसम्बन्धी तालिम कार्यक्रम सञ्चालन भएको 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ६ विद्यालयमा निर्देशिका प्रयोग गर्न शिक्षकहरूलाई कस्तो हौसला प्रदान गर्नुहुन्छ ? भन्ने प्रश्नमा प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६६**

**निर्देशिका प्रयोग गर्न शिक्षकलाई हौसला प्रदान**

<table>
<tr><td colspan="8">नुवाकोट</td></tr>
<tr><td colspan="2">पृष्ठपोषण दिएर</td><td colspan="2">शिक्षण प्रभावकारी हुन्छ भनेर</td><td colspan="2">सकारात्मक प्रेरणा प्रदान गरेर</td><td colspan="2">तलब समायोजना गरेर</td></tr>
<tr><td colspan="2">३०%</td><td colspan="2">३०%</td><td colspan="2">३०%</td><td colspan="2">१०%</td></tr>
<tr><td colspan="4">सामुदायिक</td><td colspan="4">संस्थागत</td></tr>
<tr><td>पृष्ठपोषण दिएर</td><td>शि.प्र. हुन्छ भनेर</td><td>स.प्रे प्र. गरेर</td><td>तलब स. गरेर</td><td>पृष्ठपोषण दिएर</td><td>शि. प्र. हुन्छ भनेर</td><td>स.प्रे.प्र गरेर</td><td>तलव स. गरेर</td></tr>
<tr><td>४०%</td><td>२०%</td><td>४०%</td><td>०%</td><td>२०%</td><td>४०%</td><td>२०%</td><td>२०%</td></tr>
</table>

| काभ्रे | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पृष्ठपोषण दिएर | | शिक्षण प्रभावकारी हुन्छ भनेर | | सकारात्मक प्रेरणा प्रदान गरेर | | तलब समायोजना गरेर | |
| २०% | | ५०% | | ३०% | | ०% | |
| सामुदायिक | | | | संस्थागत | | | |
| पृष्ठपोषण दिएर | शि.प्र. हुन्छ भनेर | स.प्रे प्र. गरेर | तलब स. गरेर | पृष्ठपोषण दिएर | शि. प्र. हुन्छ भनेर | स.प्रे.प्र गरेर | तलव स. गरेर |
| २०% | ६०% | २०% | ०% | २०% | ४०% | ४०% | ०% |

प्रस्तुत तालिकाअनुसार विद्यालयमा निर्देशिका प्रयोग गर्न शिक्षकलाई कस्तो हौसला प्रदान गर्नुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई तुलनात्मक रूपमा हेर्दा काभ्रे र नुवाकोट जिल्लाका प्रधानाध्यापकबाट मिश्रित प्रतिक्रिया व्यक्त गरेको पाइयो । जसमा नुवाकोटका ३० प्रतिशत र काभ्रेका २० प्रतिशत प्रधानाध्यपाकले 'पृष्ठपोषण दिएर' तथा नुवाकोटका ३० प्रतिशत तथा काभ्रेका ५० प्रतिशत प्रधानाध्यापकले 'शिक्षण प्रभावकारी हुन्छ भनेर' शिक्षकलाई निर्देशिका प्रयोग गर्न हौसला प्रदान गर्ने गरेको प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी नुवाकोट र काभ्रेका समान ३० प्रतिशत प्रधानाध्यापकले 'सकारात्मक प्रेरणा प्रदान गरेर' तथा नुवाकोटका १० प्रतिशत प्रधानाध्यापकले 'तलब समायोजना गरेर' शिक्षक निर्देशिका प्रयोग गर्न हौसला प्रदान गर्ने गरेको प्रतिक्रिया दिएको पाइयो । यसरी हेर्दा 'तलब समायोजन गरेर' शिक्षकलाई निर्देशिका प्रयोग गर्न हौसला दिने काम नुवाकोट जिल्लाका १० प्रतिशत प्रधानाध्यापकले मात्र गरेको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा शिक्षकलाई निर्देशिका प्रयोग गर्न हौसला दिने कार्यलाई दृष्टिगत गर्दा नुवाकोटका ४० प्रतिशत र काभ्रेका २० प्रतिशत सामुदायिक विद्यालयका प्रधानाध्यापकले 'पृष्ठपोषण दिएर' तथा नुवाकोटाका २० प्रतिशत र काभ्रेका ६० प्रतिशत सामुदायिक विद्यालयका प्रधानाध्यापकले 'शिक्षण प्रभावकारी हुन्छ भनेर' शिक्षकलाई

निर्देशिका प्रयोग गर्न हौसला प्रदान गर्ने गरेको प्रतिक्रिया पाइयो । त्यसैगरी नुवाकोटाका ४० प्रतिशत र काभ्रेका २० प्रतिशत सामुदायिक विद्यालयका प्रधानाध्यापकले 'सकारात्मक प्रेरणा प्रदान गरेर' निर्देशिका प्रयोग गर्न हौसला प्रदान गर्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयमा निर्देशिका प्रयोग गर्न हौसला दिने कार्यलाई हेर्दा नुवाकोट र काभ्रेका समान २० प्रतिशत प्रधानाध्यापकले 'पृष्ठपोषण दिएर' तथा समान ४० प्रतिशतले 'शिक्षण प्रभावकारी हुन्छ भनेर' निर्देशिका प्रयोग गर्न हौसला प्रदान गरेको पाइयो । त्यसैगरी नुवाकोटका २० प्रतिशत र काभ्रेका ४० प्रतिशत प्रधानाध्यापकले 'सकारात्मक प्रेरणा प्रदान गरेर' तथा नुवाकोटका २० प्रतिशत प्रधानाध्यापकले 'तलब समायोजन गरेर' शिक्षकलाई निर्देशिका प्रयोग गर्न हौसला प्रदान गर्ने गरेको प्रतिक्रिया पाइयो ।

प्रश्न नं. ७ विद्यालयमा शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे सम्बन्धित निकायबाट कुन कुन समयमा अनुगमन हुँदै आएको छ ? भन्ने प्रश्नमा प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६७**

**शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे अनुगमन**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| कहिलेकाहीँ | | भएको छैन | | कहिलेकाहीँ | | भएको छैन | |
| ३०% | | ७०% | | २०% | | ८०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| कहिलेकाहीँ | भएको छैन | कहिलेकाहीँ | भएको छैन | कहिलेकाहीँ | भएको छैन | कहिलेकाहीँ | भएको छैन |
| २०% | ८०% | ४०% | ६०% | ०% | १००% | ४०% | ६०% |

प्रस्तुत तालिकाअनुसार विद्यालयमा शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे सम्बन्धित निकायबाट कुन कुन समयमा अनुगमन हुँदै आएको छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई हेर्दा दुवै जिल्लामा अनुगमनको स्थिति न्युन मात्रामा भएको देखिन्छ ।

तुलनात्मक रूपमा काभ्रेको भन्दा नुवाकोटको नतिजा राम्रो भए पनि सन्तोषजनक पाइदैन । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ३० प्रतिशत तथा काभ्रेका २० प्रतिशत विद्यालयका प्रधानाध्यापकले 'कहिलेकाहीँ' अनुगमन हुने गरेको प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ७० प्रतिशत तथा काभ्रेका ८० प्रतिशत विद्यालयका प्रधानाध्यापकले अनुगमन 'भएको छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा शिक्षक निर्देशिका प्रयोग अवस्थाको अनुगमनलाई हेर्दा काभ्रे र नुवाकोट दुवै जिल्लाका सामुदायिक विद्यालयको अवस्था एकदमै नाजुक देखिन्छ । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका २० प्रतिशत सामुदायिक विद्यालयका प्रधानाध्यापकले 'कहिलेकाहीँ' अनुगमन हुने गरेको प्रतिक्रिया दिएको पाइए पनि ८० प्रतिशत प्रधानाध्यापकले 'भएको छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो भने काभ्रेका शतप्रतिशत सामुदायिक विद्यालयका प्रधानाध्यापकले 'भएको छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालय तर्फ नुवाकोट र काभ्रेका समान ४० प्रतिशत प्रधानाध्यापकले 'कहिलेकाहीँ' अनुगमन हुने गरेको प्रतिक्रिया दिएको पाइयो भने समान ६० प्रतिशत प्रधानाध्यापकले अनुगमन 'भएको छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ८ तपाईंको विचारमा विद्यालयमा शिक्षक निर्देशिकाको प्रभावकारी कार्यन्वयनमा कसको मुख्य भूमिका रहन्छ ? भन्ने प्रश्नमा प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६८**

**विद्यालयमा निर्देशिकाको प्रभावकारी कार्यन्वयनमा मुख्य भूमिका**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| विषय शिक्षक | | प्रधानाध्यापक | | विषय शिक्षक | | प्रधानाध्यापक | |
| ७०% | | ३०% | | ४०% | | ६०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| वि.शिक्षक | प्र.अ. | वि.शिक्षक | प्र.अ. | वि.शिक्षक | प्र.अ. | वि.शिक्षक | प्र.अ. |
| ८०% | २०% | ६०% | ४०% | ६०% | ४०% | २०% | ८०% |

प्रस्तुत तालिकाअनुसार विद्यालयमा शिक्षक निर्देशिकाको प्रभावकारी कार्यन्वयनमा कसको मुख्य भूमिका रहन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा धेरै जसो विद्यालयका प्रधानाध्यापकले विषय शिक्षकले मुख्य भूमिका रहने प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ७० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत प्रधानाध्यापकले 'विषय शिक्षकको' मुख्य भूमिका रहने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ३० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत प्रधानाध्यापकले प्रधानाध्यापकलाई नै मुख्य जिम्मेवार मानेको प्रतिक्रिया पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिकाको प्रभावकारी कार्यन्वयनमा कसको मुख्य भूमिका रहन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका ८० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत सामुदायिक विद्यालयका प्रधानाध्यापकले 'विषय शिक्षकको' मुख्य भुमिका हुन्छ भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत प्रधानाध्यापकले 'प्रधानाध्यापकलाई' नै मुख्य जिम्मेवार मानेको प्रतिक्रिया पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फ नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका २० प्रतिशत प्रधानाध्यापकले 'विषय शिक्षकको' मुख्य भूमिका रहन्छ भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ८० प्रतिशत प्रधानाध्यापकले 'प्रधानाध्यापकलाई' नै मुख्य जिम्मेवार मानेको प्रतिक्रिया पाइयो ।

## ५.२ शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको आधारमा तुलना

यहाँ प्रत्येक प्रश्नमा प्राप्त प्रतिक्रियालाई छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरी त्यसैका आधारमा तुलना गरिएको छ ।

प्रश्न नं. १ विद्यालयमा नेपाली शिक्षक निर्देशिका उपलब्ध छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ६९

## विद्यालयमा नेपाली शिक्षक निर्देशिकाको उपलब्धता

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छ | | छैन | | छ | | छैन | |
| ७०% | | ३०% | | ७०% | | ३०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| ८०% | २०% | ६०% | ४०% | ६०% | ४०% | ८०% | २०% |

प्रस्तुत तालिकाअनुसार विद्यालयमा नेपाली शिक्षक निर्देशिका उपलब्ध छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोट र काभ्रे जिल्लामा नेपाली शिक्षक निर्देशिकाको उपलब्धता समान देखिन्छ । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका समान ७० प्रतिशत नेपाली शिक्षकले निर्देशिका उपलब्ध 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने समान ३० प्रतिशत नेपाली शिक्षकले निर्देशिकाको उपलब्धता 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिका उपलब्धताको स्थितिलाई हेर्दा काभ्रेका सामुदायिक विद्यालयमा भन्दा नुवाकोटका सामुदायिक विद्यालयमा नेपाली शिक्षक निर्देशिकाको उपलब्धता राम्रो पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ८० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले नेपाली निर्देशिका उपलब्ध रहेको प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत शिक्षकले नेपाली निर्देशिका उपलब्ध नरहेको प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फ नुवाकोटका भन्दा काभ्रेका विद्यालयमा नेपाली निर्देशिकाको उपलब्धता राम्रो रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ८० प्रतिशत विद्यालयका शिक्षकले नेपाली निर्देशिका उपलब्ध रहेको प्रतिक्रिया दिएको पाइयो भने

नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका २० प्रतिशत विद्यालयका शिक्षकले नेपाली निर्देशिका उपलब्ध नरहेको प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. २ शिक्षक निर्देशिकाको निर्देशनअनुसार शिक्षण गर्नु भएको छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७०**

**निर्देशिकाको निर्देशनअनुसार शिक्षण**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छ | | छैन | | छ | | छैन | |
| ७०% | | ३०% | | ८०% | | २०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| ८०% | २०% | ६०% | ४०% | ८०% | २०% | ८०% | २०% |

प्रस्तुत तालिकाअनुसार नमुना विद्यालयका नेपाली शिक्षकलाई निर्देशिकाको निर्देशनअनुसार शिक्षण गर्नुभएको छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका नेपाली शिक्षकले भन्दा काभ्रेका नेपाली शिक्षकले 'छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ७० प्रतिशत तथा काभ्रेका ८० प्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ३० प्रतिशत तथा काभ्रेका २० प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिकाको निर्देशनअनुसार शिक्षणको स्थितिलाई हेर्दा नुवाकोट र काभ्रेका सामुदायिक विद्यालयका शिक्षकको प्रतिक्रिया समान पाइन्छ । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका समान ८० प्रतिशत विद्यालयका नेपाली शिक्षकले निर्देशिको निर्देशनअनुसार शिक्षण गर्ने गरेको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने समान २० प्रतिशत नेपाली शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत

विद्यालयतर्फ निर्देशिकाको निर्देशनअनुसार शिक्षणको स्थितिलाई हेर्दा नुवाकोटका भन्दा काभ्रेका नेपाली शिक्षकको 'छ' भन्नेमा राम्रो प्रतिक्रिया पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ८० प्रतिशत नेपाली शिक्षकले निर्देशिकाको निर्देशनअनुसार शिक्षण गर्ने गरेको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका २० प्रतिशत नेपाली शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ३ निर्देशिका पाठ्युस्तकअनुरूप तयार भएको छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७१**

**नेपाली पाठ्यपुस्तकअनुरूप निर्देशिका निर्माण**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छ | | छैन | | छ | | छैन | |
| ९०% | | १०% | | १००% | | ०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| १००% | ०% | ८०% | २०% | १००% | ०% | १००% | ०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिका पाठ्यपुस्तकअनुरूप तयार भएको छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका नेपाली शिक्षकले भन्दा काभ्रेका नेपाली शिक्षकले निर्देशिका पाठ्यपुस्तकअनुरूप तयार भएको 'छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ९० प्रतिशत तथा काभ्रेका शतप्रतिशत विद्यालयका नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका १० प्रतिशत नेपाली शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिका पाठ्यपुस्तकअनुरूप तयार भएको छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई हेर्दा नुवाकोट र काभ्रेका सामुदायिक विद्यालयका शिक्षकको प्रतिक्रिया समान पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका शतप्रतिशत

सामुदायिक विद्यालयका नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फ नुवाकोटका भन्दा काभ्रेका नेपाली शिक्षकले 'छ' भन्नेमा बढी प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ८० प्रतिशत तथा काभ्रेका शतप्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत नेपाली शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ४ भाषापाठ्यक्रमअनुसार के शिक्षक निर्देशिका तयार पारिएको छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७२**

**भाषापाठ्यक्रमअनुसार निर्देशिका निर्माण**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छ | | छैन | | छ | | छैन | |
| १००% | | ०% | | ९०% | | १०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| १००% | ०% | १००% | ०% | ८०% | २०% | १००% | ०% |

प्रस्तुत तालिकाअनुसार भाषापाठ्यक्रमअनुसार शिक्षक निर्देशिका तयार पारिएको छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा काभ्रेका विद्यालयका नेपाली शिक्षकले भन्दा नुवाकोटका नेपाली शिक्षकले 'छ' भन्नेमा राम्रो प्रतिक्रिया जनाएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका शतप्रतिशत तथा काभ्रेका ९० प्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने काभ्रेका १० प्रतिशत नेपाली शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा भाषापाठ्यक्रमअनुसार निर्देशिका तयार गरिएको छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई हेर्दा काभ्रेका सामुदायिक विद्यालयभन्दा नुवाकोटका

सामुदायिक विद्यालयका शिक्षकको 'छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका शतप्रतिशत तथा काभ्रेका ८० प्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने काभ्रेका २० प्रतिशत नेपाली शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फ नुवाकोट र काभ्रे दुवै जिल्लाका नेपाली शिक्षकले समान प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका शतप्रतिशत नेपाली शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ५ निर्देशिकाका राखिएका कार्यकलाप सबै उद्देश्यअनुरूप छन् त ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७३**

**उद्देश्यअनुरूप क्रियाकलाप**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छन् | | छैनन् | | छन् | | छैनन् | |
| ६०% | | ४०% | | ७०% | | ३०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छन् | छैनन् | छन् | छैनन् | छन् | छैनन् | छन् | छैनन् |
| ८०% | २०% | ४०% | ६०% | ६०% | ४०% | ८०% | २०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकामा राखिएका कार्यकलाप सबै उद्देश्यअनुरूप छन् त ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका विद्यालयका नेपाली शिक्षकले भन्दा काभ्रेका नेपाली शिक्षकले 'छन्' भन्नेमा राम्रो प्रतिक्रिया जनाएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ७० प्रतिशत शिक्षकले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ३० प्रतिशत शिक्षकले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिकामा राखिएका कार्यकलाप उद्देश्यअनुरूप छन् त ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई हेर्दा काभ्रेका सामुदायिक विद्यालयका शिक्षकले भन्दा नुवाकोटका सामुदायिक विद्यालयका शिक्षकले 'छन्' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ८० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत शिक्षकले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत शिक्षकले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फ नुवाकोटका शिक्षकले भन्दा काभ्रेका शिक्षकले 'छन्' भन्नेमा राम्रो प्रतिक्रिया जनाएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ८० प्रतिशत शिक्षकले 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका २० प्रतिशत शिक्षकले 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ६ यदि तपाईं शिक्षक निर्देशिका प्रयोग गरी शिक्षण गर्नुहुन्छ भने निर्देशिकाले तोके अनुसारका शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका साधनहरूको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७४**

**शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनको प्रयोग**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| गर्छु | | गर्दिन | | गर्छु | | गर्दिन | |
| ७०% | | ३०% | | ७०% | | ३०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| गर्छु | गर्दिन | गर्छु | गर्दिन | गर्छु | गर्दिन | गर्छु | गर्दिन |
| ८०% | २०% | ६०% | ४०% | ६०% | ४०% | ८०% | २०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकामा दिएको निर्देशनअनुसार शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनका साधनको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई

तुलनात्मक रूपमा हेर्दा नुवाकोट र काभ्रेका समान ७० प्रतिशत शिक्षकले 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने समान ३० प्रतिशत शिक्षकले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिकाअनुसार शिक्षण सामग्री, क्रियाकलाप र मूल्याङ्कनको प्रयोग स्थितिलाई हेर्दा काभ्रेका सामुदायिक विद्यालयका शिक्षकको भन्दा नुवाकोटका सामुदायिक विद्यालयका शिक्षकको राम्रो प्रतिक्रिया पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ८० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत शिक्षकले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालय तर्फ नुवाकोटका शिक्षकले भन्दा काभ्रेका शिक्षकले 'गर्छु' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ८० प्रतिशत शिक्षकले 'गर्छु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका २० प्रतिशत शिक्षकले 'गर्दिन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ७ पाठ्यक्रम पाठ्यपुस्तकले राखेको अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७५**

**पाठ्यक्रम र पाठ्यपुस्तकका अपेक्षा पूरा गर्नमा निर्देशिकाको सहयोग**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छ | | छैन | | छ | | छैन | |
| ९०% | | १०% | | १००% | | ०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| १००% | ०% | ८०% | २०% | १००% | ०% | १००% | ०% |

प्रस्तुत तालिकाअनुसार पाठ्यक्रम पाठ्यपुस्तकले राखेका अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका शिक्षकले भन्दा काभ्रेका शिक्षकले 'छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ९० प्रतिशत तथा काभ्रेका शतप्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका १० प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा पाठ्यक्रम पाठ्यपुस्तकले राखेका अपेक्षा पूरा गर्न निर्देशिकाले सहयोग गरेको छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई हेर्दा नुवाकोट र काभ्रेका सामुदायिक विद्यालयका शिक्षकले समान प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका शतप्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फ हेर्दा नुवाकोटका शिक्षकको भन्दा काभ्रेका शिक्षकको 'छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ८० प्रतिशत तथा काभ्रेका शतप्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ८ निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७६**

**पाठ्यघण्टीहरूको समान वितरण**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छ | | छैन | | छ | | छैन | |
| ४०% | | ६०% | | ३०% | | ७०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| ६०% | ४०% | २०% | ८०% | ४०% | ६०% | २०% | ८०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा काभ्रे र नुवाकोट दुवै जिल्लाका शिक्षकले 'छ' मा भन्दा 'छैन'मा बढी प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ३० प्रतिशत शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ७० प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिकामा पाठ्यघण्टीहरूको समान वितरण पाउनुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फ नुवाकोट र काभ्रे दुवै जिल्लाका शिक्षकले 'छैन' भन्नेमा बढी प्रतिक्रिया जनाएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका समान २० प्रतिशत शिक्षकले छ भन्ने तथा समान ८० प्रतिशत शिक्षकले 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ९ निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूका रुचि पैदा भएको पाउनुहुन्छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७७**

**निर्देशिकाअनुसार विद्यार्थीमा रुचि पैदा**

<table>
<tr><td colspan="4">नुवाकोट</td><td colspan="4">काभ्रे</td></tr>
<tr><td colspan="2">पाउँछु</td><td colspan="2">पाउँदिनँ</td><td colspan="2">पाउँछु</td><td colspan="2">पाउँदिनँ</td></tr>
<tr><td colspan="2">६०%</td><td colspan="2">४०%</td><td colspan="2">५०%</td><td colspan="2">५०%</td></tr>
<tr><td colspan="2">सामुदायिक</td><td colspan="2">संस्थागत</td><td colspan="2">सामुदायिक</td><td colspan="2">संस्थागत</td></tr>
<tr><td>पाउँछु</td><td>पाउँदिनँ</td><td>पाउँछु</td><td>पाउँदिनँ</td><td>पाउँछु</td><td>पाउँदिनँ</td><td>पाउँछु</td><td>पाउँदिनँ</td></tr>
<tr><td>८०%</td><td>२०%</td><td>४०%</td><td>६०%</td><td>६०%</td><td>४०%</td><td>४०%</td><td>६०%</td></tr>
</table>

प्रस्तुत तालिकाअनुसार निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा भएको पाउनुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा काभ्रेका भन्दा नुवाकोटका शिक्षकले रुचि पैदा भएको 'पाउछु' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ५० प्रतिशत शिक्षकले रुचि पैदा भएको 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ५० प्रतिशत शिक्षकले रुचि पैदा भएको 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूका रुचि पैदा भएको पाउनुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई हेर्दा काभ्रेका सामुदायिक विद्यालयका शिक्षकले भन्दा नुवाकोटका सामुदायिक विद्यालयका शिक्षकले रुचि पैदा भएको 'पाउँछु' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ८० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत शिक्षकले रुचि पैदा भएको 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत शिक्षकले रुचि पैदा भएको 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालतर्फ नुवाकोट र काभ्रे दुवै जिल्लाका शिक्षकले  रुचि पैदा भएको 'पाउँछु' भन्नेमा समान प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका समान ४० प्रतिशत शिक्षकले रुचि पैदा भएको 'पाउँछु' भन्ने प्रतिक्रिया दिएको पाइयो भने समान ६० प्रतिशत शिक्षकले रुचि पैदा भएको 'पाउँदिनँ' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १० निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका सान्दर्भिक लाग्छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७८

शिक्षण र मूल्याङ्कनको सान्दर्भिकता

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| सान्दर्भिक लाग्छ | | सान्दर्भिक लाग्दैन | | सान्दर्भिक लाग्छ | | सान्दर्भिक लाग्दैन | |
| ८०% | | २०% | | १००% | | ०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| सान्दर्भिक लाग्छ | सान्दर्भिक लाग्दैन | सान्दर्भिक लाग्छ | सान्दर्भिक लाग्दैन | सान्दर्भिक लाग्छ | सान्दर्भिक लाग्दैन | सान्दर्भिक लाग्छ | सान्दर्भिक लाग्दैन |
| ८०% | २०% | ८०% | २०% | १००% | ०% | १००% | ०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका सान्दर्भिक लाग्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका भन्दा काभ्रेका शिक्षकले 'सान्दर्भिक लाग्छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ८० प्रतिशत र काभ्रेका शतप्रतिशत शिक्षकले 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत शिक्षकले 'सान्दर्भिक लाग्दैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा शिक्षण र मूल्याङ्कनको सान्दर्भिकतालाई हेर्दा नुवाकोटका सामुदायिक विद्यालयका शिक्षकले भन्दा काभ्रेका सामुदायिक विद्यालयका शिक्षकले 'सान्दर्भिक लाग्छ' भन्नेमा बढी प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ८० प्रतिशत र काभ्रेका शतप्रतिशत शिक्षकले 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत शिक्षकले 'सान्दर्भिक लाग्दैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । संस्थागत विद्यालयतर्फ पनि नुवाकोटका शिक्षकले भन्दा काभ्रेका शिक्षकले 'सान्दर्भिक लाग्छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ८० प्रतिशत र काभ्रेका शतप्रतिशत शिक्षकले 'सान्दर्भिक लाग्छ' भन्ने प्रतिक्रिया

दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत शिक्षकले 'सान्दर्भिक लाग्दैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. ११ निर्देशिका प्रयोगसम्बन्धी तालिम दिन आवश्यक छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं ७९**

**निर्देशिका प्रयोगका लागि तालिमको आवश्यकता**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छ | | छैन | | छ | | छैन | |
| ९०% | | १०% | | ८०% | | २०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| ८०% | २०% | १००% | ०% | ८०% | २०% | ८०% | २०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिका प्रयोगसम्बन्धी तालिम दिन आवश्यक छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा काभ्रेका भन्दा नुवाकोटका शिक्षकले आवश्यक 'छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ९० प्रतिशत तथा काभ्रेका ८० प्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका १० प्रतिशत र काभ्रेका २० प्रतिशत शिक्षकले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिका प्रयोगसम्बन्धी तालिम दिन आवश्यक छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई हेर्दा काभ्रे र नुवाकोट दुवै जिल्लाका सामुदायिक विद्यालयका शिक्षकले आवश्यक 'छ' भन्नेमा बराबर प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोट र काभ्रेका समान ८० प्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने समान २० प्रतिशत शिक्षकले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालय तर्फ काभ्रेका भन्दा नुवाकोटका शिक्षकले

आवश्यक 'छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका शतप्रतिशत तथा काभ्रेका ८० प्रतिशत शिक्षकले आवश्क 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने काभ्रेका २० प्रतिशत शिक्षकले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १२ निर्देशिका प्रयोग गर्न के तालिम प्राप्त शिक्षक हुनु आवश्यक छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ८०**

**निर्देशिका प्रयोगमा तालिम प्राप्त शिक्षकको आवश्यकता**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छ | | छैन | | छ | | छैन | |
| १००% | | ०% | | ७०% | | ३०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| १००% | ०% | १००% | ०% | ८०% | २०% | ६०% | ४०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिका प्रयोग गर्न के तालिम प्राप्त शिक्षक हुनु आवश्यक छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई तुलनात्मक रूपमा हेर्दा काभ्रेका भन्दा नुवकोटका शिक्षकले आवश्यक 'छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । जसमा नुवाकोटका शतप्रतिशत शिक्षकले तथा काभ्रेका ७० प्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने काभ्रेका ३० प्रतिशत शिक्षकले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिका प्रयोग गर्न के तालिम प्राप्त शिक्षक हुनु आवश्यक छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई हेर्दा काभ्रेका सामुदायिक विद्यालयका शिक्षकले भन्दा नुवाकोटका सामुदायिक विद्यालयका शिक्षकले आवश्यक 'छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । जसमा नुवाकोटका शतप्रतिशत तथा काभ्रेका ८० प्रतिशत

शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने काभ्रेका २० प्रतिशत शिक्षकले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी काभ्रेका संस्थागत विद्यालयका शिक्षकले भन्दा नुवाकोटका संस्थागत विद्यालयका शिक्षकले आवश्यक 'छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । जसमा नुवाकोटका शतप्रतिशत तथा काभ्रेका ६० प्रतिशत शिक्षकले आवश्यक 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने काभ्रेका ४० प्रतिशत शिक्षकले आवश्यक 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १३ निर्देशिकाको प्रयोगबिना पनि के शिक्षण प्रभावकारी हुन सक्छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ८१**

**निर्देशिकाको प्रयोगविना शिक्षणको प्रभावकारिता**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| हुन्छ | | हुँदैन | | हुन्छ | | हुँदैन | |
| ३०% | | ७०% | | ५०% | | ५०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| हुन्छ | हुँदैन | हुन्छ | हुँदैन | हुन्छ | हुँदैन | हुन्छ | हुँदैन |
| ४०% | ६०% | २०% | ८०% | ६०% | ४०% | ४०% | ६०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकाको प्रयोगविना शिक्षण प्रभावकारी हुन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका शिक्षकले भन्दा काभ्रेका शिक्षकले 'हुन्छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । जसमा नुवाकोटका ३० प्रतिशत तथा काभ्रेका ५० प्रतिशत शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ७० प्रतिशत तथा काभ्रेका ५० प्रतिशत शिक्षकले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिकाको प्रयोगविना शिक्षण प्रभावकारी हुन्छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका सामुदायिक

विद्यालयका शिक्षकले भन्दा काभ्रेका सामुदायिक विद्यालयका शिक्षकले 'हुन्छ' भन्नेमा राम्रो प्रतिक्रिया जनाएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत शिक्षकले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फ पनि नुवाकोटका शिक्षकले भन्दा काभ्रेका शिक्षकले 'हुन्छ' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । जसमा नुवाकोटका २० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत शिक्षकले 'हुन्छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ८० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत शिक्षकले 'हुँदैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । यसरी हेर्दा नुवाकोट र काभ्रे दुवै जिल्लाका शिक्षकले निर्देशिकाको प्रयोगविना शिक्षण प्रभावकारी 'हुँदैन' भन्नेमा बढी प्रतिक्रिया जनाएको पाइयो ।

प्रश्न नं. १४ : निर्देशिकामा उल्लेख गरिएका सामग्री विद्यालयमा उपलब्ध छन् ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ८२**

**निर्देशिकाअनुसार सामग्रीको उपलब्धता**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छन् | | छैनन् | | छन् | | छैनन् | |
| ४०% | | ६०% | | ७०% | | ३०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छन् | छैनन् | छन् | छैनन् | छन् | छैनन् | छन् | छैनन् |
| ४०% | ६०% | ४०% | ६०% | ६०% | ४०% | ८०% | २०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकामा उल्लेख गरिएका सामग्री विद्यालयमा उपलब्ध छन् ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका भन्दा काभ्रेका शिक्षकले उपलब्ध 'छन्' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । जसमा नुवाकोटका ४०

प्रतिशत तथा काभ्रेका ७० प्रतिशत शिक्षकले उपलब्ध 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ३० प्रतिशत शिक्षकले उपलब्ध 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिकाअनुसार सामग्रीको उपलब्धतालाई हेर्दा नुवाकोटका सामुदायिक विद्यालयका शिक्षकले भन्दा काभ्रेका सामुदायिक विद्यालयका शिक्षकले उपलब्ध 'छन्' भन्नेमा राम्रो प्रतिक्रिया दिएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत सामुदायिक विद्यालयका शिक्षकले उपलब्ध 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत शिक्षकले उपलब्ध 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फ पनि नुवाकोटका भन्दा काभ्रेका शिक्षकले उपलब्ध 'छन्' भन्नेमा राम्रो प्रतिक्रिया जनाएको पाइयो । जसमा नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ८० प्रतिशत शिक्षकले उपलब्ध 'छन्' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका २० प्रतिशत शिक्षकले उपलब्ध 'छैनन्' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

प्रश्न नं. १५ निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिएको छ ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त प्रतिक्रियालाई प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ८३**

**स्थानीय सामग्रीको प्रयोग**

| नुवाकोट | | | | काभ्रे | | | |
|---|---|---|---|---|---|---|---|
| छ | | छैन | | छ | | छैन | |
| ७०% | | ३०% | | ५०% | | ५०% | |
| सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| ६०% | ४०% | ८०% | २०% | ४०% | ६०% | ६०% | ४०% |

प्रस्तुत तालिकाअनुसार निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिएको छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा काभ्रेका शिक्षकले भन्दा नुवाकोटका शिक्षकले निर्देशन दिएको 'छ' भन्नेमा राम्रो प्रतिक्रिया जनाएको पाइयो । जसमा नुवाकोटका ७० प्रतिशत तथा काभ्रेका ५० प्रतिशत शिक्षकले निर्देशन दिएको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ३० प्रतिशत तथा काभ्रेका ५० प्रतिशत शिक्षकले निर्देशन दिएको 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

विद्यालय प्रकृतिका आधारमा निर्देशिकामा स्थानीय सामग्री प्रयोगको निर्देशन दिएको छ ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियालाई हेर्दा काभ्रेका सामुदायिक विद्यालयका शिक्षकले भन्दा नुवाकोटका सामुदायिक विद्यालयका शिक्षकले निर्देशन दिएको 'छ' भन्नेमा राम्रो प्रतिक्रिया जनाएको पाइयो । जसमा नुवाकोटका ६० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत शिक्षकले निर्देशन दिएको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका ४० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत शिक्षकले निर्देशन दिएको 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फ पनि काभ्रेका शिक्षकले भन्दा नुवाकोटका शिक्षकले निर्देशन दिएको 'छ' भन्नेमा राम्रो प्रतिक्रिया जनाएको पाइयो । जसमा नुवाकोटका ८० प्रतिशत तथा काभ्रेका ६० प्रतिशत शिक्षकले निर्देशन दिएको 'छ' भन्ने प्रतिक्रिया दिएको पाइयो भने नुवाकोटका २० प्रतिशत तथा काभ्रेका ४० प्रतिशत शिक्षकले निर्देशन दिएको 'छैन' भन्ने प्रतिक्रिया दिएको पाइयो ।

## ५.३ कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको आधारमा तुलना

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा कक्षा अवलोकन पनि महत्त्वपूर्ण साधन रहेको छ । 'कक्षा सातमा नेपाली शिक्षणका सन्दर्भका शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा रही अध्ययन गर्ने क्रममा शिक्षक निर्देशिकाको प्रयोग कक्षाकोठमा गरिने कार्यकलापमा कसरी प्रयोग गरिएको छ भन्ने कुराको खोजी गर्दा नुवाकोट जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत तथा काभ्रेका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा सातमा अध्यापन गर्ने २० जना नेपाली शिक्षकको कक्षा अवलोकन गरियो । अवलोकनका लागि तयार गरिएको कक्षा अवलोकन फारमको प्रयोग गरी कक्षा शिक्षणको आरम्भदेखि अन्त्यसम्मका सम्पूर्ण गतिविधिको अवलोकन गरिएको छ । यस क्रममा निर्देशिकाअनुसार पाठ विभाजन, निर्देशिकाअनुसार पाठ प्रारम्भ, निर्देशिकाअनुसार शैक्षिक सामग्रीको प्रयोग,

निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरणको स्थिति, निर्देशिकाअनुसार कक्षा कार्यकलाप, निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोग तथा मूल्याङ्कन जस्ता शीर्षकका आधारमा रहेर कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरियो ।

यसरी कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निश्चित मुख्य शीर्षकका आधारमा औसत मान निकाली त्यसैका आधारमा नुवाकोट र काभ्रे जिल्लाको कक्षा अवलोकनको स्थितिलाई तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ ।

यहाँ प्रत्येक मुख्य शीर्षकमा प्राप्त तथ्याङ्कको औसत मान निकाली तालिकामा प्रस्तुत गरिएको छ र त्यसैका आधारमा तुलनात्मक अध्ययन गरिएको छ ।

### ५.३.१ निर्देशिकाअनुसार पाठ विभाजन

भाषापाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुको शिक्षण गर्दा कुन विषयवस्तुलाई कति समय दिने वा कति घण्टी लगाउने भन्ने कुरा शिक्षक निर्देशिकामा उल्लेख गरिएको हुन्छ । शोधकार्यको क्रममा कक्षा अवलोकन गर्दै गर्दा निर्देशिकाअनुसार पाठ विभाजनलाई एउटा मुख्य शीर्षकका रूपमा राखेर आफ्नै किसिमले घण्टी विभाजन, घण्टी विभाजनप्रति वेवास्ता र निर्देशिकाअनुसार घण्टी विभाजन जस्ता पक्षलाई आधार बनाएर अध्ययन गरिएको छ । यिनै आधारबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी समग्र औसत मान निकालिएको छ, जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. ८४**

**निर्देशिकाअनुसार पाठ विभाजन**

| औसत मान ( $\overline{X}=\frac{\Sigma X}{N}$ ) | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| | नुवाकोट | - | ३३.३३% | ५०% | १६.६७ | - |
| | काभ्रे | - | ३०% | ५३.३३% | १६.६७ | - |

प्रस्तुत तालिकाका आधारमा निर्देशिकाअनुसार पाठ विभाजनको स्थितिलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका शिक्षकको ३३.३३ प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र १६.६७ प्रतिशत निम्न रहेको पाइयो भने काभ्रेका शिक्षकको ३० प्रतिशत उत्तम ५३.३३

प्रतिशत मध्यम र १६.६७ प्रतिशत निम्न रहेको पाइयो । यसरी काभ्रेका शिक्षकको भन्दा नुवाकोटका शिक्षकको निर्देशिकाअनुसार पाठ विभाजनको स्थिति राम्रो पाइयो ।

### ५.३.२ निर्देशिकाअनुसार पाठ प्रारम्भ

कक्षा अवलोकनका क्रममा निर्देशिकाअनुसार पाठ प्रारम्भलाई एउटा मुख्य शीर्षकका रूपमा राखेर पूर्वपाठमा आधारित, पाठप्रतिको रुचि, विद्यार्थीको सहभागिता र कक्षा व्यवस्थापन जस्ता पक्षलाई आधार बनाएर अध्ययन गरिएको छ । यिनै आधारबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी समग्र औसत मान निकालिएको छ, जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. ८५

निर्देशिकाअनुसार पाठ प्रारम्भ

| औसत मान ( $\overline{X}=\frac{\Sigma X}{N}$ ) | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| | नुवाकोट | २.५% | ४२.५% | ३७.५% | १७.५% | - |
| | काभ्रे | - | ४०% | ४५% | १५% | - |

प्रस्तुत तालिकाका आधारमा निर्देशिकाअनुसार पाठ प्रारम्भको स्थितिलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका शिक्षकको २.५ प्रतिशत अति उत्तम, ४२.५ प्रतिशत उत्तम, ३७.५ प्रतिशत मध्यम र १७.५ प्रतिशत निम्न रहेको पाइयो भने काभ्रेका शिक्षकको ४० प्रतिशत उत्तम, ४५ प्रतिशत मध्यम र १५ प्रतिशत निम्न रहेको पाइयो । यसरी काभ्रेका शिक्षकको भन्दा नुवाकोटका शिक्षकको निर्देशिकाअनुसार पाठ प्रारम्भको स्थिति राम्रो पाइयो ।

### ५.३.३ निर्देशिकाअनुसार शैक्षिक सामग्रीको प्रयोग

शिक्षण सिकाइका क्रममा विषयवस्तुलाई स्पष्ट पार्न, सिकाइलाई विद्यार्थी केन्द्रित, रुचिपूर्ण र उत्साहपूर्ण बनाउनका लागि प्रयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । कक्षा अवलोकनका क्रममा निर्देशिकाअनुसार शैक्षिक सामग्रीको प्रयोगलाई एउटा मुख्य शीर्षकका रूपमा राखेर स्पष्ट देखिने र बुझिने, भित्तेपाटीको प्रयोग, शब्दपत्ती र वाक्यपत्तीको प्रयोग, पाठसँग सम्बन्धित तालिका र नमुना प्रयोग, स्थानीय सामग्रीको प्रयोग र उद्देश्य

प्राप्तिमा सहायक जस्ता पक्षलाई आधार बनाएर अध्ययन गरिएको छ । यिनै आधारबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी समग्र औसत मान निकालिएको छ, जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. ८६

**निर्देशिकाअनुसार शैक्षिक सामग्रीको प्रयोग**

| औसत मान ( $\overline{X}=\frac{\Sigma X}{N}$ ) | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| | नुवाकोट | ५% | २५% | ३८.३३% | ३१.६७% | - |
| | काभ्रे | ८.३३% | ३६.६७% | ४१.६७% | १३.३३% | - |

प्रस्तुत तालिकाका आधारमा निर्देशिकाअनुसार शैक्षिक सामग्री प्रयोगको स्थितिलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका शिक्षकको ५ प्रतिशत अति उत्तम, २५ प्रतिशत उत्तम, ३८.३३ प्रतिशत मध्यम र ३१.६७ प्रतिशत निम्न रहेको पाइयो भने काभ्रेका शिक्षकको ८.३३ प्रतिशत अति उत्तम, ३६.६७ प्रतिशत उत्तम, ४१.६७ प्रतिशत मध्यम १३.३३ प्रतिशत निम्न रहेको पाइयो । यसरी नुवाकोटका शिक्षकको भन्दा काभ्रेका शिक्षकको निर्देशिकाअनुसार शैक्षिक सामग्री प्रयोगको स्थिति राम्रो पाइयो ।

### ५.३.४ निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरण

विद्यार्थीलाई भाषिक व्यवहारमा सक्षम बनाउन, बोध र अभिव्यक्ति क्षमताको विकास गराउन, सिर्जनशील अभिव्यक्ति क्षमताको विकास गराउन तथा अन्य विषयको पठन पाठनको माध्यम भाषामा सबल बनाउन नेपाली विषयको शिक्षणमा पाठ प्रस्तुतीकरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कक्षा अवलोकनका क्रममा निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरणको स्थितिलाई एउटा मुख्य शीर्षकका रूपमा राखेर विषयवस्तुको ज्ञान, विषयवस्तुको पर्याप्तता, पाठको क्रमबद्धता र उदाहरणको उपयुक्तता जस्ता पक्षलाई आधार बनाएर अध्ययन गरिएको छ । यिनै आधारबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी समग्र औसत मान निकालिएको छ, जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. ८७

निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरण

| औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| | नुवाकोट | ५% | ४५% | ३७.५% | १२.५% | - |
| | काभ्रे | ५% | ४२.५% | ४०% | १२.५% | - |

प्रस्तुत तालिकाका आधारमा निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरणको स्थितिलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका शिक्षकको ५ प्रतिशत अति उत्तम, ४५ प्रतिशत उत्तम, ३७.५ प्रतिशत मध्यम र १२.५ प्रतिशत निम्न रहेको पाइयो भने काभ्रेका शिक्षकको ५ प्रतिशत अति उत्तम, ४२.५ प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १२.५ प्रतिशत निम्न रहेको पाइयो । यसरी काभ्रेका शिक्षकको भन्दा नुवाकोटका शिक्षकको निर्देशिकाअनुसार पाठ प्रस्तुतीकरणको स्थिति राम्रो पाइयो ।

### ५.३.५ निर्देशिकाअनुसार कक्षा कार्यकलाप

शिक्षण सिकाइ कार्यकलाप शिक्षणको सबैभन्दा महत्त्वपूर्ण कार्य हो । यसकै आधारमा विद्यार्थीको सिकाइ उपलब्धि निर्धारण हुन्छ । प्रभावकारी शिक्षण सिकाइका लागि विषयवस्तुको पर्याप्ततासँगै विद्यार्थी समक्ष प्रस्तुतीकरण गर्ने कला र कुशलता पनि त्यतिकै महत्त्वपूर्ण हुन्छ । कक्षा अवलोकनका क्रममा निर्देशिकाअनुसार कक्षा कार्यकलापलाई एउटा मुख्य शीर्षकका रूपमा राखेर विद्यार्थी सङ्ख्या, हाउभाउको उचित प्रयोग, प्रश्नोत्तरको उपयुक्तता र कक्षा अनुशासन जस्ता पक्षलाई आधार बनाएर अध्ययन गरिएको छ । यिनै आधारबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी समग्र औसत मान निकालिएको छ, जसलाई निम्नानुसार तालिकाका प्रस्तुत गरिन्छ :

तालिका नं. ८८

निर्देशिकाअनुसार कक्षा कार्यकलाप

| औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| | नुवाकोट | ७.५% | ३७.५% | ४०% | १५% | - |
| | काभ्रे | ५% | ४२.५% | ४०% | १२.५% | - |

प्रस्तुत तालिकाका आधारमा निर्देशिकाअनुसार कक्षा कार्यकलापको स्थितिलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका शिक्षकको ७.५ प्रतिशत अति उत्तम, ३७.५ प्रतिशत उत्तम ४० प्रतिशत मध्यम र १५ प्रतिशत निम्न पाइयो भने काभ्रेका शिक्षकको ५ प्रतिशत अति उत्तम, ४२.५ प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम र १२.५ प्रतिशत निम्न रहेको पाइयो । यसरी नुवाकोट र काभ्रेका शिक्षकको निर्देशिकाअनुसार कक्षा कार्यकलापको स्थिति लगभग समान नै पाइन्छ ।

### ५.३.६ निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोग

शिक्षण सिकाइका क्रममा कसरी कक्षा प्रस्तुतीकरण गर्ने भन्ने कुरा नै प्रयोग गरिने शिक्षण विधि हुन् । कक्षा अवलोकनका क्रममा निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोगलाई एउटा मुख्य शीर्षकका रूपमा राखेर प्रश्नोत्तर, छलफल, व्याख्यान, प्रदर्शन र खोज जस्ता पक्षलाई आधार बनाएर अध्ययन गरिएको छ । यिनै आधारबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी समग्र औसत मान निकालिएको छ, जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. ८९

निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोग

| औसत मान ( $\overline{X} = \frac{\Sigma X}{N}$ ) | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| | नुवाकोट | ४% | २८% | ४४% | २४% | - |
| | काभ्रे | ६% | ३६% | ३८% | २०% | - |

प्रस्तुत तालिकाका आधारका निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोगको स्थितिलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका शिक्षकको ४ प्रतिशत अति उत्तम, २८ प्रतिशत उत्तम, ४४ प्रतिशत मध्यम र २४ प्रतिशत निम्न रहेको पाइयो भने काभ्रेका शिक्षकको ६ प्रतिशत अति उत्तम, ३६ प्रतिशत उत्तम, ३८ प्रतिशत मध्यम र २० प्रतिशत निम्न रहेको पाइयो । यसरी नुवाकोटका शिक्षकको भन्दा काभ्रेका शिक्षकको निर्देशिकाअनुसार शिक्षण विधिको प्रयोग स्थिति राम्रो पाइयो ।

### ५.३.७ निर्देशिकाअनुसार मूल्याङ्कनको प्रयोग

मूल्याङ्कन शिक्षणको अभिन्न एवम् निरन्तर प्रक्रिया हो । शिक्षणका उद्देश्य के कति पूरा भए के कति पूरा भएनन् भनेर लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ । कक्षा अवलोकनका क्रममा निर्देशिकाअनुसार मूल्याङ्कनको प्रयोगलाई एउटा मुख्य शीर्षकका रूपमा राखेर निरन्तर र आन्तरिक, उद्देश्य प्राप्तिमा सहायक, कक्षा कार्य, शिक्षण विधिको उपयुक्तता, प्रश्नोत्तर र गहृकार्य जस्ता पक्षलाई आधार बनाएर अध्ययन गरिएको छ । यिनै आधारबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी समग्र औसत मान निकालिएको छ, जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ :

**तालिका नं. ९०**

**निर्देशिकाअनुसार मूल्याङ्कको प्रयोग**

| औसत मान ( $\bar{X} = \frac{\Sigma X}{N}$ ) | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| | नुवाकोट | ८.३३% | ३८.३३% | ४३.३३% | १०% | - |
| | काभ्रे | ५% | ४८.३३% | ३६.६७% | १०% | - |

प्रस्तुत तालिकाका आधारका निर्देशिकाअनुसार मूल्याङ्कको प्रयोग स्थितिलाई तुलनात्मक रूपमा हेर्दा नुवाकोटका शिक्षकको ८.३३ प्रतिशत अति उत्तम, ३८.३३ प्रतिशत उत्तम, ४३.३३ प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो भने काभ्रेका शिक्षकको ५ प्रतिशत अति उत्तम, ४८.३३ प्रतिशत उत्तम, ३६.६७ प्रतिशत मध्यम र १० प्रतिशत निम्न रहेको पाइयो यसरी नुवाकोटका शिक्षकको भन्दा काभ्रेका शिक्षकको निर्देशिकाअनुसार मूल्याङ्कनको प्रयोग स्थिति राम्रो पाइयो ।

# अध्याय छ

# शिक्षक निर्देशिका प्रयोगमा देखिएका समस्याका कारणहरू र समाधानका उपयाहरू

## ६.१ शिक्षक निर्देशिका प्रयोगमा देखिएका समस्याका कारणहरू

'कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा शोधपत्र तयार गर्ने क्रममा निर्देशिका प्रयोगका क्रममा आउने समस्याहरूको बारेमा पनि सामान्य बोध भइसकेको छ । कुनै पनि समस्या त्यतिकै उत्पन्न हुँदैन । त्यसको पछाडि निश्चित केही कारण हुन्छन् । कारण विना कार्य हुँदैन भने जस्तै विना कारण समस्या पनि सिर्जना हुँदैन । समस्या उत्पन्न गराउने तत्त्व नै कारण हुन् । शिक्षक निर्देशिका शिक्षण तथा सिकाइलाई सरल, सहज, स्वभाविक र प्रभाकारी बनाउन निर्देशन दिने निर्देशन पुस्तिका हो । यसमा सम्बन्धित पाठको नाम, अनुमानित घण्टी, सम्बन्धित पाठ शिक्षणको प्रयोजन, शिक्षकले गर्नुपर्ने कार्यकलाप र विद्यार्थीलाई गराउनुपर्ने कार्यकलाप र मूल्याङ्कनको बारेमा स्पष्ट रूपमा सुझावहरू सुझाइएको हुन्छ । यसले पठन-पाठनलाई ठिक ढङ्गले सञ्चालन गर्ने गराउने दिशामा महत्त्वपूर्ण पाइला चाल्नेमा तथा शिक्षण सिकाइको प्रभावकारिता बढाउने र उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने कुरामा सबैको सहमति भए पनि कार्यन्वयन गर्ने क्रममा विभिन्न समस्या देखिन्छन् । ती समस्याका पछाडि केही न केही तथ्यहरू लुकेर बसेका हुन्छन् । तिनैलाई समस्याका कारण भनिन्छ । यस्ता कारणहरू पाठ्यक्रम विकास केन्द्रबाट सुरु भएर यसको कार्यन्वयन स्थल कक्षाकोठासम्म देखिन्छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. विद्यालय प्रशासन र विषय शिक्षकमा नैराग्यता देखिनु,

२. सहज तरिकाले सबै ठाउँमा निश्चित समयमा निर्देशिका उपलब्ध नहुनु,

३. निर्देशिका प्रयोगसम्बन्धी प्रबोधीकरण नहुनु,

४. सबै शिक्षकहरूलाई (निजी तथा सकारी) शैक्षिक तालिमको अभाव,

५. शिक्षकलाई निर्देशिका प्रयोग गर्ने हौसलाको अभाव,

६. निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे सम्बन्धित निकायबाट अनुगमनको अभाव,

७. साधन सम्पन्न विद्यालयको अभाव,

८. शिक्षकलाई पूर्ण जिम्मेवारीको अभाव,

९. विद्यालयमा समय समयमा आउने राजनैतिक अवरोध,

१०. निर्देशिकामा उल्लिखित पाठ-घण्टी र समयसँग विद्यालयको शैक्षिक कार्य सामञ्जस्य रहन नसक्नु,

११. निर्देशिका परिमार्जनको क्रममा शिक्षकहरूको आवाजको सुनुवाइ नहुनु,

१२. निर्देशिका प्रयोग उपयोग गर्न अनुकूल विद्यालय वातावरण नहुनु,

१३. शिक्षक निर्देशिकासम्बन्धी सरोकारवालाको बेवास्ता,

१४. उपलब्ध भएका शिक्षक निर्देशिका खरिद गरेर अध्ययन एवम् प्रयोग गर्ने बानीको विकास शिक्षकहरूमा हुनु नसक्नु,

१५. शिक्षक निर्देशिका शिक्षकको प्रत्यक्ष सहभागिता एवम् सम्लग्नतामा नभई आफूलाई विद्वान ठान्नेहरूको निर्देशनमा तयार गरिएको हुँदा यसले व्यावहारिक पक्षलाई समेट्न नसक्नु आदि ।

यसरी विद्यालय तहको शिक्षामा शिक्षक निर्देशिकालाई शिक्षकको सहयोगी सामग्रीको रूपमा स्वीकार गरी सकिएको वर्तमान सन्दर्भमा शिक्षक निर्देशिकाको प्रभावकारी कार्यन्वयन भएको पाइदैन । शिक्षक निर्देशिका सर्बसुलभ रूपमा देशभरिका विद्यालय वा शिक्षकहरूसक्षम पुग्न नसक्नु नै प्रयोग नहुनुको मुख्य कारण हो ।

## ६.२ शिक्षक निर्देशिका प्रयोगमा देखिएका समस्या समाधानका उपायहरू

पाठ्यक्रमका उद्देश्य प्राप्त गर्ने महत्त्वपूर्ण शिक्षक सहयोगी सामग्रीका रूपमा शिक्षक निर्देशिकालाई लिइन्छ । यसले शिक्षण सिकाइको प्रभावकारिता बढाउने र उद्देश्य हासिल गर्न सहयोग पुर्‍याउने कुरामा सबैको सहमति भए पनि कार्यन्वयन गर्ने क्रममा भने विभिन्न समस्या देखिन्छन् । त्यसैले प्रभावकारी तरिकाले निर्देशिकाको प्रयोग गर्नका लागि ती समस्याको समाधान अनिवार्य रूपमा गर्नुपर्दछ । समस्याको वास्ता नगरी यदि अगाडि बढ्ने हो भने पाठ्यक्रमले राखेका उद्देश्य समयमै पूरा हुन सक्दैनन् । जसले गर्दा शिक्षाको गुणस्तरीयतामा ह्रास आउँछ । समस्या आफैमा समस्या हुँदैन । विभिन्न प्रतिकूल

परिस्थितिका कारण समस्याको उत्पन्न भएको हुन्छ । निर्देशिका प्रयोगमा देखिएका समस्याका कारणहरूका बारेमा माथि चर्चा गरिसकिएको छ । त्यसैले यहाँ उक्त समस्या समाधानका उपायहरूलाई बुँदागत रूपमा उल्लेख गरिएको छ :

१. शिक्षक निर्देशिका सर्वसुलभ रूपमा देशभरिका विद्यालय र शिक्षकहरू समक्ष पुग्ने व्यवस्था गरिनु पर्ने,

२. विद्यालय प्रशासन र विषय शिक्षकले निर्देशिका तथा अन्य शैक्षिक सामग्रीको खोजी गरेर, किनेर प्रयोग गर्ने बानी बसाल्नु पर्ने,

३. निर्देशिका प्रयोगबारे प्रबोधीकरण हुनुपर्ने,

४. सबै शिक्षकहरूलाई (निजी र सरकारी) शैक्षिक तालिमको व्यवस्था गर्नुपर्ने,

५. समय समयमा शिक्षक सम्मान गरेर निर्देशिका प्रयोग गर्न हौसला प्रदान गर्ने,

६. विद्यालयमा शिक्षक निर्देशिकाअनुसार शिक्षण भए नभएको बारे सम्बन्धित निकायबाट अनुगमन गर्ने,

७. विद्यालयमा निर्देशिकाले तोकेका सामग्री यथासम्भव उपलब्ध गराउने,

८. विषय शिक्षकमा पेशाप्रति बफादारिता, इमान्दारिता, कार्यन्वयनमा जवाफदेयिता हुनु पर्ने,

९. निर्देशिकाको निर्माण गर्दा विद्यार्थीको चाहना, स्तर र क्षमतालाई मध्यनजर गर्नुपर्ने,

१०. निर्देशिकामा उल्लिखित पाठघण्टी र समयसँग विद्यालयको शैक्षिक कार्य सामञ्जस्य गर्ने,

११. निर्देशिकाको प्रयोग उपयोग गर्न विद्यालयमा अनुकूल वातावरण बनाउने,

१२. शिक्षक निर्देशिका शिक्षकको प्रत्यक्ष सहभागिता एवम् संलग्नतामा निर्माण गर्ने,

१३. तालिम प्राप्त नेपाली भाषा शिक्षकले मात्र नेपाली विषय अध्यापन गर्नुपर्ने,

१४. स्थानीय र आफै निर्माण गर्न सकिने सामग्री स्थानीय स्तरमा नै निर्माण र प्रयोग गर्ने,

१५. निर्देशिका सम्बन्धी अल्पज्ञान भएका शिक्षकका लागि गोष्ठी सेमिनारको व्यवस्था गर्नुपर्ने,

१६. आधुनिक र वैज्ञानिक शिक्षण पद्धतिको प्रयोग गर्ने गरी निर्देशिका तयार गर्ने,

१७. निर्देशिकाको विकास, निर्माण र वितरणमा सम्बन्धित निकायको समन्वय हुनुपर्ने,

१८. पाठ्यक्रम तथा पाठ्यपुस्तकको परिमार्जनसँगै त्यसको कार्यन्वयनका लागि आवश्यक निर्देशिका निर्माण गरिनु पर्ने,

१९. प्रधानाध्यापकले दैनिक रूपमा शिक्षकको कक्षा अवलोकन गरी पाठयोजना हेर्ने आदि ।

यसरी निर्देशिका प्रयोगमा देखिएका समस्या समाधान गर्न शिक्षक, विद्यालय प्रशासन, पाठ्यक्रम विकास केन्द्र लगायतका सम्पूर्ण सरोकारवाला पक्षले जिम्मेवारी बोधका साथ प्रभावकारी कदम चाल्न आवश्यक देखिन्छ । वर्तमान स्थितिमा एउटाको मात्र प्रयासबाट निर्देशिको प्रयोगसम्बन्धी समस्या समाधान सम्भव देखिदैन ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

'कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकको शोधकार्य सम्पन्न गर्नका लागि नुवाकोटका ५ वटा सामुदायिक र ५ वटा संस्थागत तथा काभ्रेका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा २० वटा विद्यालयमा गई नेपाली शिक्षक निर्देशिकाको प्रयोग अवस्थाको अध्ययन गरिएको छ । यसका लागि प्रधानाध्यापक प्रश्नावली, शिक्षक प्रश्नावली तथा कक्षा अवलोकनलाई मुख्य आधार मानिएको छ ।

प्रस्तुत शोधकार्यको पहिलो अध्यायमा शोधको परिचय समावेश गरिएको छ । यस अन्तर्गत पृष्ठभूमिका रूपमा शिक्षक निर्देशिकाको अवधारणालाई लिइएको छ । कक्षा सातको नेपाली शिक्षणमा शिक्षक निर्देशिकाको प्रयोग अवस्था के कस्तो रहेको छ ? काभ्रे र नुवाकोट जिल्लामा कक्षा सातको नेपाली शिक्षक निर्देशिका प्रयोगको तुलनात्मक अवस्था कस्तो छ ? र नेपाली शिक्षक निर्देशिका प्रयोगसम्बन्धी समस्याका कारणहरूको पहिचान तथा समाधान कसरी गर्न सकिन्छ ? जस्ता कुरालाई मुख्य समस्याको रूपमा लिदै कक्षा सातको नेपाली शिक्षणमा शिक्षक निर्देशिका प्रयोगको अवस्था पत्ता लगाउनु, काभ्रे र नुवाकोट जिल्लामा कक्षा सातको नेपाली शिक्षक निर्देशिका प्रयोगको तुलनात्मक अध्ययन गर्नु जस्ता प्रमुख उद्देश्य निर्धारण गरिएका छन् । त्यसैगरी शोधपत्रको संरचनालाई उपशीर्षक दिएर संरचित गरी शोधपत्रको रूपरेखा निर्माण गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय दुईमा सैद्धान्तिक दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । जसमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अध्ययनलाई राखिएको छ । पूर्वकार्यको पुनरावलोकन अन्तर्गत शीर्षकसँग सम्बन्धित पुस्तकहरू र पहिले गरिएका सम्बन्धित शोधकार्यको विवरणलाई प्रस्तुत गरिएको छ भने सैद्धान्तिक अध्ययन अन्तर्गत शिक्षक निर्देशिकाको अवधारणा, आवश्यकता तथा अङ्गहरूका बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो अध्यायमा अध्ययन विधिलाई समावेश गरिएको छ । शोधकार्यमा राखिएका उद्देश्यहरू पूरा गर्नका लागि अपनाइने पद्धति वा अध्ययनको तौर

तरिका अध्ययन विधि हो । यस अध्ययनमा नुमना छनोटको माध्यमबाट प्राथमिक र द्वितीयक तथ्याङ्क सङ्कलन गरी प्रश्नहरूको व्यख्या, विश्लेषण तथा तुलना गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो अध्यायका रूपमा नुवाकोट र काभ्रे जिल्लामा कक्षा सातको नेपाली शिक्षक निर्देशिका प्रयोग अवस्थाको अध्ययन गरिएको छ । जसका लागि प्रधानाध्यापक प्रश्नावली, शिक्षक प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई मुख्य आधार बनाइएको छ र तिनिहरूको छुट्टाछुट्टै शीर्षकका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । साथै तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा र थप स्पष्ट पार्नका लागि स्तम्भ चित्र तथा वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं अध्यायका रूपमा नुवाकोट र काभ्रे जिल्लामा कक्षा सातको नेपाली शिक्षक निर्देशिका प्रयोगको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यसरी तुलनात्मक अध्ययन विश्लेषण गर्दा प्रधानाध्यापक प्रश्नावलीबाट प्राप्त तथ्य, शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्य र कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई तालिकामा प्रस्तुत गरी फरक फरक शीर्षकमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यको छैटौं अध्यायमा शिक्षक निर्देशिका प्रयोगमा देखिएका समस्याका कारणहरू तथा समस्या समाधानका उपायहरूका बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको सातौं अध्यायमा सारांश, निष्कर्ष तथा उपयोगिता खण्डलाई प्रस्तुत गरिएको छ । यसमा निष्कर्ष तथा उपयोगितालाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

## ७.२ निष्कर्ष

'कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग' शीर्षकमा रहेर शोधपत्र तयार पार्ने क्रममा शिक्षक निर्देशिकाको प्रयोग, प्रयोग अवस्थाको तुलना, समस्याका कारण र समाधानका उपायको बारेमा अध्ययन गरिएको छ । भाषापाठ्यक्रमको प्रभावकारी कार्यन्वयन लागि आवश्यक पाठ्यसामग्री समावेश गरी नेपाली पाठ्यपुस्तक तयार गरिएको छ । यिनै पाठ्यक्रम र पाठ्यपुस्तकको सफल कार्यन्वयनमा सहयोग पुऱ्याउने अपेक्षाका साथ शिक्षक निर्देशिकाको विकास गरिएको हुन्छ । त्यसैले पाठ्यक्रमका उद्देश्य प्राप्त गर्ने महत्त्वपूर्ण

शिक्षक सहयोगी सामग्रीको रूपमा शिक्षक निर्देशिकालाई लिन सकिन्छ । पठन-पाठनलाई ठीक ढङ्गले संञ्चालन गर्ने गराउने दिशाको महत्त्वपूर्ण पाइलो पनि हो ।

अध्ययनका क्रममा नुवाकोट र काभ्रे जिल्लाका १० वटा सामुदायिक र १० वटा संस्थागत विद्यालयका प्रधानाध्यापकसँग प्रश्नावली मार्फत अन्तर्वार्ता र कक्षा सातमा अध्यापन गर्ने नेपाली विषयका शिक्षकसँग अन्तर्वार्ता तथा प्रत्यक्ष रूपमा कक्षा अवलोकन गरी आवश्यक सामग्री (तथ्य) सङ्कलन गरिएको छ । सङ्कलित तथ्यलाई गणना तालिकीकरण गरी सङ्ख्यात्मक तालिकाबद्ध प्रस्तुतिबाट प्रयोगवस्था तथा तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यसरी सामग्रीको प्रशोधन तथा विश्लेषणबाट निर्देशिका प्रयोगको वास्तविकता निर्क्योल गरिएको छ । जसलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. अध्ययन गरिएका २० वटा विद्यालयमध्ये प्रधानाध्यापकबाट प्राप्त तथ्याङ्कलाई हेर्दा ८० प्रतिशत विद्यालयमा र शिक्षकबाट प्राप्त तथ्याङ्कलाई हेर्दा ७० प्रतिशत विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध रहेको पाइयो ।

२. निर्देशिका प्रयोग गरेर शिक्षण गर्ने सन्दर्भमा शिक्षकमा समान किसिमको धारणा नभए जस्तै प्रयोगमा पनि एकरूपता पाइएन ।

३. शिक्षक अन्तर्वार्ताका क्रममा अध्ययन गरिएका प्रायजसो विद्यालयका शिक्षकले निर्देशिकाको निर्देशनअनुसार नै शिक्षण गरेको छु भन्ने प्रतिक्रिया पाइए पनि कक्षा अवलोकनका क्रममा फरक अवस्था पाइयो ।

४. भाषापाठ्यक्रमका उद्देश्य पूरा गर्न भाषापाठ्यपुस्तकमा समावेश विविध बुँदाहरू र त्यसको प्रयोजन समेत निर्देशिकामा समावेश गरिएकाले शिक्षण कार्यमा शिक्षकलाई एकदमै सहयोग पुग्ने गरेको प्रतिक्रिया पाइयो ।

५. निर्देशिकामा राखिएका कार्यकलाप उपयुक्त र व्यावहारिक भए पनि विविध ( वर्षमा पूरा दिन विद्यालय नखुल्ने, स्थानीय बिदा, बन्द हट्ताल, शैक्षिक सामग्रीको अभाव आदि) कारणले निर्देशिकाअनुसारका क्रियाकलाप पूर्ण रूपमा सञ्चालन गर्न नसकिएको प्रतिक्रिया शिक्षकहरूबाट पाइयो ।

६. अधिकांश विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको उपलब्धता नभएको र उपलब्ध भएका विद्यालयमा पनि त्यसको अध्ययन र प्रयोग गर्ने बानी खासै पाइएन । विद्यालय प्रशासनले समेत चासो नदिएको, अनुगमन, मूल्याङ्कन समेत नभएको पाइयो तथापी केही विद्यालयमा भने सामग्री निर्माणमा शिक्षक जागरुक देखिनुका साथै कक्षामा समेत प्रभावकारी रूपमा प्रयोग गरेको पाइयो ।

७. निर्देशिकामा समावेश गरिएका विषयवस्तुको पाठ्यघण्टी विभाजन गरिए पनि त्यसको समान वितरण भने नभएको भन्ने प्रतिक्रिया धेरै शिक्षकहरूबाट पाइयो ।

८. निर्देशिकाअनुसार शिक्षण गर्दा विद्यार्थीहरूमा रुचि पैदा हुने कुरामा धेरै शिक्षक सहमत भए पनि निर्देशिकामा उल्लिखित सबै कार्यकलाप गराउन सम्भव नभएको प्रतिक्रिया शिक्षकहरूबाट पाइयो ।

९. निर्देशिकामा दिइएको भाषिक सीप शिक्षण गर्ने र मूल्याङ्कन गर्ने तरिका सान्दर्भिक भए पनि त्यसको पूर्ण प्रयोग गर्न भने नसकिएको प्रतिक्रिया शिक्षकहरूबाट पाइयो ।

१०. शिक्षक निर्देशिकाको प्रयोगसम्बन्धी शिक्षकलाई प्रबोधीकरण, अभिमुखीकरण तालिमको व्यवस्था, हौसला, जस्ता कुरा प्रधानाध्यापक बाहेक अन्य कहीँ कतैबाट प्रात नभएको प्रतिक्रिया पाइयो ।

११. शिक्षकको पेशागत विकासका साथसाथै शिक्षणको पूर्वतयारी गर्नका लागि निर्देशिकाले सहयोग पुऱ्याएको देखिन्छ ।

१२. आधुनिक र वैज्ञानिक शिक्षण पद्धतिको प्रयोग गरी निर्देशिका तयार नभएकाले उद्देश्यअनुरूप यसको प्रयोग हुन नसकेको प्रतिक्रिया शिक्षकहरूबाट पाइयो ।

१३. शिक्षक निर्देशिका शिक्षकको प्रत्यक्ष सहभागिता एवम् संलग्नतामा नभई आफूलाई विद्वान ठान्नेहरूको निर्देशनमा तयार गरिएको हुँदा यसले

व्यावहारिक पक्षलाई समेट्न नसकेका कारण प्रयोगमा समस्या आएको प्रतिक्रिया शिक्षकहरूबाट पाइयो ।

१४. अध्ययन गरिएका अधिकांश विद्यालयका प्रधानाध्यापकले शिक्षक निर्देशिकाको प्रभावकारी कार्यन्वयनमा विषय शिक्षक र प्रधानाध्यापकको नै मुख्य भूमिका रहने प्रतिक्रिया दिएको पाइयो ।

१५. शिक्षणका क्रममा पाठभाविभाजनको स्थिति त्यति सन्तोषजनक पाइएन । धेरैजसो शिक्षकहरूले निर्देशिकाअनुसार पाठ विभाजन नगरी आफ्नै किसिमले पाठ विभाजन गरेको पाइयो ।

१६. शिक्षणका क्रममा कक्षा प्रारम्भ र विषय प्रवेशको अवस्था सन्तोषजनक नै रहेको पाइयो । अघिल्लो पाठको पुनरावृत्ति गर्दै, विद्यार्थीलाई उत्प्रेरित गराउँदै, कक्षा व्यवस्थापनमा ध्यान दिँदै प्रारम्भ गर्नु सकारात्मक पक्ष हो । यसलाई निर्देशिकाअनुसारकै कार्यकलाप मान्न सकिन्छ ।

१७. शिक्षण सिकाइ क्रियाकलापका क्रममा धेरैजसो विद्यालयका शिक्षकहरूले परम्परागत पद्धतिलाई त्याग्न नसकेको स्थिति देखिन्छ । बढी मात्रामा व्याख्यान विधिलाई जोड दिने तर वर्तमान विद्यार्थी केन्द्रित विधि (छलफल, खोज, प्रदर्शन, समस्या समाधान आदि) लाई त्यति वास्ता गरेको देखिदैन ।

१८. मूल्याङ्कन शिक्षणको अभिन्न एवम् निरन्तर प्रक्रिया हो । कक्षा अवलोकनका क्रममा मूल्याङ्कनको स्थितिलाई हेर्दा यसमा क्रमिक सुधार आएको देखिन्छ । पहिले निर्णयात्मक मूल्याङ्कनलाई मात्र मूल्याङ्कनको साधन मानिन्थ्यो तर अहिले निर्माणात्मक मूल्याङ्कलाई बढी जोड दिने गरेको पाइयो ।

१९. स्थानीय आवश्यकता र पाठको प्रकृतिअनुसार पाठ्यक्रमले निर्दिष्ट गरेका विधि तथा स्थानीय स्रोत र सामग्रीको प्रयोगमा न्युन मात्रामा मात्र ध्यान दिएको पाइयो आदि ।

समग्रमा भन्दा निर्देशिका शिक्षकको सहयोगी मित्र हुँदाहुँदै पनि शिक्षकहरूको वेवास्ता र अल्छ्याइँले निर्देशिकाको प्रयोगमा कमी आएको देखिन्छ । यद्यपि लगनशील र

जिज्ञासु शिक्षकहरूले भने निर्देशिकाबाट राम्रो लाभ उठाएको देखिन्छ । तुलनात्मक रूपमा पूराना शिक्षकले भन्दा नयाँ शिक्षकले निर्देशिकाको प्रयोग बढी गरेको देखिन्छ । त्यस्तै विद्यालयको वातावरण र विद्यालय व्यवस्थापन तथा निरीक्षण प्रणालीले समेत निर्देशिका प्रयोगमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । विद्यालयमा निर्देशिका नपुग्ने, बजारमा किन्न पनि नपाइने गुनासो शिक्षक तथा विद्यालयको देखिन्छ । पर्याप्त शैक्षिक सामग्रीको निर्माण, विकास र खोजी गरेर शिक्षण गर्ने परिपाटी शिक्षकमा देखिदैन । नवप्रवेशी र अनुभव नभएका शिक्षकहरूको अज्ञानता र तालिम प्राप्त तथा अनुभवी शिक्षकहरूको वेवास्ता नै निर्देशिका प्रयोगमा कमी आउनुको प्रमुख समस्या रहेको देखिन्छ । त्यसैले यस्ता समस्या समाधानका लागि निर्देशिका निर्माण, विकास र वितरणमा समन्वय गर्नुपर्ने, अनुगमन, निरीक्षण र व्यवस्थापनलाई चुस्त बनाउनुपर्ने, आधुनिक र वैज्ञानिक शिक्षण पद्धतिको प्रयोग गर्ने गरी निर्देशिका तयार गर्नुपर्ने तथा वितरणलाई विद्युतीय माध्यममा लैजानुपर्ने आवश्यकता देखिन्छ ।

## ७.३ उपयोगिता

कुनै पनि शोधकार्यको उद्देश्य नयाँ कुराको खोजी गर्नु र पहिले गरिएका अध्ययनहरूको पुनः व्याख्या गर्नु हो । अध्ययन अनुसन्धानबाट निस्किएको नयाँ निष्कर्ष र सुझावलाई कार्यन्वयन गर्ने विभिन्न क्षेत्र नै शोधका उपयोगिताका क्षेत्र हुन् । प्रस्तुत शोधपत्र विभिन्न क्षेत्रमा उपयोगी हुन सक्छ ।

‘कक्षा सातको नेपाली शिक्षक निर्देशिकाको प्रयोग’ शीर्षकमा अध्ययन अनुसन्धान गरी शोधपत्र तयार गरिएको छ । यस अध्ययनले निर्देशिका विकास, निर्माण, वितरण तथा प्रयोगमा प्रभावकारिता ल्याउने तथा नेपाली शिक्षणलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । यसका उपयोगितालाई नीतिगत तह र प्रयोगगत तहमा विभाजन गरेर निम्नानुसार देखाउन सकिन्छ :

### ७.३.१ नीतिगत तह

१. आधुनिक र वैज्ञानिक शिक्षण पद्धतिको प्रयोग गरी निर्देशिका तयार गर्न,

२. शिक्षक निर्देशिका शिक्षकको प्रत्यक्ष सहभागिता एवम् संलग्नतामा निर्माण गर्न,

३. निर्देशिका सर्वसुलभ रूपमा देशभरका विद्यालयको पहुँचमा पुऱ्याउन,

४. निर्देशिका प्रयोग पछि अनुगमन कार्यलाई निरन्तरता दिन,

५. सम्बन्धित सरोकारवालाहरूलाई सुझाव दिन,

६. निर्देशिका निर्माण, छपाई तथा वितरणमा देखिएका समस्या समाधान गर्न,

७. पाठ्यक्रम विकास केन्द्र र यससँग सम्बन्धित निकायलाई आवश्यक सुझाव सल्लाह दिन,

८. शिक्षक निर्देशिकाको प्रयोगसम्बन्धी शिक्षकलाई प्रवोधीकरण, अभिमुखीकरण तालिमको व्यवस्था गर्न,

९. समसामयिक परिस्थिति र प्रविधिअनुसार निर्देशिका परिमार्जन गर्न,

१०. निर्देशिका निर्माणको क्रममा विषय विज्ञलाई सुझाव दिन आदि ।

**७.३.२ प्रयोगगत तह**

१. निर्देशिका प्रयोग अवस्थाबारे जानकारी राख्ने जो कसैलाई उपयोगी हुने,

२. नयाँ पाठ्यक्रमलाई आत्मसाथ गरी तालिम अप्राप्त शिक्षकलाई शिक्षणमा मार्गनिर्देशन गर्न,

३. उच्च दक्षता र सिर्जनात्मक सीप अभिवृद्धिका लागि आवश्यक क्रियाकलाप र विधिको छनोट गर्न,

४. शिक्षकलाई सम्बन्धित पाठ पढाउन आवश्यक पर्ने शैक्षिक सामग्रीको खोजी, सङ्कलन र निर्माण गर्न सहयोग गर्न,

५. शिक्षकको पेशागत विशेषज्ञताको वृद्धिका साथै सेवाकालीन तालिम पाठ्यांशका लागि सहयोग गर्न,

६. भाषाका चारवटै सीपको समुचित विकास गर्न,

७. योजनाबद्ध शिक्षण गर्न विविध शैक्षिक योजना निर्माण कार्यमा सहयोग गर्न,

८. विषयवस्तुमा आधारित तथा विद्यार्थीको रुचि क्षमता र स्तरअनुसार स्थानीय तहमा उपलब्ध सामग्रीको छनोट गर्न,

९. शिक्षणलाई उद्देश्यमूलक र सफल बनाउन,

१०. निर्माणात्मक र निदानात्मक मूल्याङ्कनमा सहयोग गर्न,

११. भाषा शिक्षणका क्रममा विभिन्न विधागत शिक्षण विधिको छनोट गर्न,

१२. पाठको विस्तृत तयारिमा सहयोग गर्न,

१३. यस शोधसँग सम्बन्धित भावी अध्येतालाई अध्ययनीय आधार प्रदान गर्न आदि ।

## सन्दर्भसामग्री सूची


अधिकारी, विष्णुप्रसाद (२०७३), *निम्नमाध्यमिक शिक्षक स्रोत सामग्री भाग -२ नेपाली,* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि. ।

आचार्य, रामजी (२०६३), 'माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

उप्रेती, कमलप्रसाद (२०६८), 'तेह्रथुम जिल्लाका माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कँडेल, श्रीप्रसाद र जोशी, गणेशराज (२०७४), *नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षा पद्धति,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

कार्की, राजेन्द्र (२०६६), 'सर्लाही जिल्लाका माध्यमिक तहमा नेपाली भाषा शिक्षणमा शिक्षक निर्देशिका प्रयोगको वर्तमान स्थिति : एक अध्ययन', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कार्की, सीता (२०६८), 'निम्नमाध्यमिक तह कक्षा छमा नेपाली भाषा शिक्षणमा शिक्षक निर्देशिका प्रयोग र प्रभावकारिताको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, पेशल (२०७३), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गौतम, रमनकुमार (२०६४), 'प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०७०), *भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७३), *नेपाली भाषापाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

धामी, खगेन्द्रप्रसाद (२०७४), 'कक्षा नौको नेपाली शिक्षक निर्देशिकाको प्रयोग', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निउरे, ध्रुवप्रसाद (२०७१), *पाठ्यक्रम अभ्यास,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७२), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनसाइन पब्लिकेसन ।

नेपाल, करुणा (२०७४), 'कक्षा आठको लागि शिक्षक निर्देशिका लेखन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७१), *बृहत् नेपाली शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७४), *कक्षा सातको नेपाली शिक्षक निर्देशिका,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पुलामी, धनबहादुर (२०६८), 'उच्च मा.वि. तह कक्षा ११ मा शिक्षक निर्देशिका प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

प्रसाई, फुलमाया (२०७३), 'माध्यमिक तह कक्षा १० मा नेपाली भाषा शिक्षणका सन्दर्भमा शिक्षक निर्देशिका प्रयोगको वर्तमान अवस्था', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रालि. ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

महतरा, टेकबहादुर (२०६९), 'मा.वि. तह कक्षा दशमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गर्ने गरिएका शैक्षिक सामग्रीहरूको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

मैनाली, रोमप्रसाद (२०६६), 'कक्षा ३ मा शिक्षक निर्देशिकाको प्रयोगको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

राई, सन्तोषी (२०६९), 'रूपन्देही जिल्लाका नि.मा.वि. तहमा नेपाली शिक्षणका सन्दर्भमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र (२०७२), *नेपाली भाषा र व्याकरण,* काठमाडौँ : सनलाइट पब्लिकेशन ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७५), *व्यावहारिक लेखन तथा सम्पादन,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शिक्षक तालिम केन्द्र (२०६१), *नेपाली भाषा शिक्षण प्रशिक्षार्थी स्रोत सामग्री,* सानोठिमी भक्तपुर ।

## परिशिष्ट १

## नमुना छनोटमा परेका विद्यालयहरूको नामावली

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा तथ्याङ्क सङ्कलनका क्रममा नमुना छनोटमा परेका नुवाकोट र काभ्रे जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरू निम्नानुसार रहेका छन् :

### नुवाकोट

| क.सं. | विद्यालयको नाम | कैफियत |
|---|---|---|
| १ | च्वाडी पब्लिक माध्यमिक विद्यालय | सामुदायिक |
| २ | श्री चन्द्रज्योति माध्यमिक विद्यालय | सामुदायिक |
| ३ | त्रिभुवन त्रिशूली माध्यमिक विद्यालय | सामुदायिक |
| ४ | पृथ्वी माध्यमिक विद्यालय | सामुदायिक |
| ५ | श्री भीमसेन माध्यमिक विद्यालय | सामुदायिक |
| ६ | श्री जेडि सेकेन्डरी बोर्डिङ स्कुल | संस्थागत |
| ७ | अर्किड एकेडेमी नुवाकोट | संस्थागत |
| ८. | श्री भैरवी एकेडेमी | संस्थागत |
| ९ | श्री सुभिनर सेकेन्डरी बोर्डिङ स्कुल | संस्थागत |
| १०. | श्री दिव्यरत्न बोर्डिङ स्कुल | संस्थागत |

**काभ्रे**

| क.सं. | विद्यालयको नाम | कैफियत |
|---|---|---|
| १ | श्री भक्तेश्वर निम्न माध्यमिक विद्यालय | सामुदायिक |
| २ | श्री पूर्ण सञ्जीवनी लङ्खनामाई माध्यामिक विद्यालय | सामुदायिक |
| ३ | शिक्षा सदन माध्यमिक विद्यालय | सामुदायिक |
| ४ | चैतन्य माध्यमिक विद्यालय | सामुदायिक |
| ५ | हिमालय माध्यमिक विद्यालय | सामुदायिक |
| ६ | प्रगति प्रभात एकेडेमी माध्यमिक विद्यालय | संस्थागत |
| ७ | माउन्ट भिउँ इङ्लिस बोर्डिङ स्कुल | संस्थागत |
| ८. | ज्ञानज्योति इङ्लिस स्कुल | संस्थागत |
| ९ | ज्योति एकेडेमी इङ्लिस स्कुल | संस्थागत |
| १०. | लिन इन्टरनेसनल स्कुल | संस्थागत |

# व्यक्तिवृत्त



नाम : शेखर दाहाल

जन्ममिति : २०५०/१०/०३

ठेगाना : मिग्लाजुङ-५, मोरङ

बुवाको नाम : त्रिलोचन दाहाल

आमाको नाम : मिना दाहाल

नागरिक : नेपाली

लिङ्ग : पुरुष

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८४३३९९२६८

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री जाँते मा.वि., जाँते, मोरङ | २०६५ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | दमक बहुमुखी क्याम्पस, दमक, झापा | २०६८ | द्वितीय |
| स्नातक तह (बी.एड.) | महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ | २०७१ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |